# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९
## मधेश प्रदेश





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन २०७९

# मधेश प्रदेश




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

# मधेश प्रदेश

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

नेपालका
महालेखापरीक्षक

अनामनगर, काठमाडौं
नेपाल

पत्र संख्या: २०७९।८०
च.नं.

मिति: २०७९।१२।३०

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय: वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

नेपालको संविधानको धारा २४१ बमोजिम मधेश प्रदेशको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

**भवदीय**

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

फोन नम्बर ०१-५९१९१६१ फ्याक्स नम्बर ०१-४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **सञ्चितकोष उपर राय** | | |
| **परिच्छेद १** | **लेखापरीक्षण गरिएका निकायको विवरण...........................................................** | १ |
| **परिच्छेद २** | **लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति........................................................** | ४ |
| **परिच्छेद ३** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा..................................................................** | ७ |
| | **मन्त्रालय र निकायगत व्यहोरा.......................................................................** | |
| | १. प्रदेश सभा सचिवालय ......................................................................... | १९ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय .................................................. | २१ |
| | ३. अर्थ मन्त्रालय ................................................................................ | २८ |
| | ४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ............................................ | ३९ |
| | ५. कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय.......................................... | ४५ |
| | ६. खानेपानी तथा उर्जा विकास मन्त्रालय....................................................... | ४७ |
| | ७. गृह तथा सञ्चार मन्त्रालय.................................................................... | ५० |
| | ८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ............................................. | ५६ |
| | ९. भौतिक पूर्वाधार विकास मन्त्रालय........................................................... | ६७ |
| | १०. महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय......................................... | ७९ |
| | ११. वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय.......................................... | ८२ |
| | १२. सामाजिक विकास मन्त्रालय.................................................................. | ८४ |
| | १३. प्रदेश लोक सेवा आयोग...................................................................... | ९६ |
| | १४. मुख्य न्यायाधिवक्ताको कार्यालय............................................................ | ९८ |
| | १५. प्रदेश नीति तथा योजना आयोग............................................................ | १०० |
| **परिच्छेद ४** | **प्रतिवेदन कार्यान्वयन स्थिति.............................................................................** | १०३ |
| **परिच्छेद ५** | **सुधारका क्षेत्रहरू ........................................................................................** | १०४ |
| | **अनुसूचीहरू..................................................................................................** | १०९ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्थाबमोजिम प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकारतर्फ पाँचौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ तवरले यो प्रतिवेदन तयार गरिएको छ । यो वर्ष जोखिमका आधारमा उच्च तथा न्यून जोखिम कार्यालय निर्धारण गरी लेखापरीक्षण सम्पन्न भएको छ । गत वर्षदेखि लेखापरीक्षण कार्यलाई विद्युतीय प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन र लेखापरीक्षणको गुणस्तरमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यो वर्ष प्रदेश अन्तर्गत प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग समेत १४८ निकायको रू.४३ अर्ब १० करोड ७३ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भई रू.१ अर्ब १६ करोड ३३ लाख ९ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु २.७० प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको ५.४२ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छैन ।

यो वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । उक्त विषयहरूको परीक्षणबाट मध्यमकालीन खर्च संरचना अनुसार बजेट विनियोजन हुन नसकेको, प्रदेशको बजेटमा संघीय अनुदानको अंश उच्च रहेको, विनियोजित बजेटको तुलनामा न्यून खर्च

हुने गरेको, सार्वजनिक सम्पत्तिको संरक्षण र अभिलेख अद्यावधिक हुन नसेकेको, आयोजना बैङ्कमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन हुन नसकेको, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यसम्पादन भई कार्यक्रमहरू दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्तिमा नियन्त्रण हुन नसकेको, वितरणमुखी कार्यक्रममा बजेट नियन्त्रण हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । देखिएका कैफियतमा सुधारका लागि प्रदेश सरकारले आवश्यक कानुन तर्जुमा, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित, अनुत्पादक खर्च नियन्त्रण गरी प्रभावकारी रुपमा कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका सम्पूर्ण कर्मचारीबाट सम्पादन भएको कार्यको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**चैत्र ३०, २०७९** **(टंकमणि शर्मा, दंगाल)**

**महालेखापरीक्षक**

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय प्रतिवेदन पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्ः

- वित्तीय प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिए बमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र** - यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १४८ निकायको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल

अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मुल्याङ्कनको आधारमा उच्च र न्यून जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १०९ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ३९ निकायको वित्तीय प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग सफ्टवेयर मार्फत लेखापरीक्षण गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकन समेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन** - महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १३ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


मिति:२०७९।१२।२९

प.सं. २०७९।८०
च.नं. ६८२

विषय : प्रदेश सञ्चित कोषको वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

श्री सचिव,
अर्थ मन्त्रालय, मधेश प्रदेश,
जनकपुरधाम, धनुषा ।

१. **कैफियत सहितको राय** - हामीले मधेश प्रदेशको सञ्चित कोषको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को प्रदेश सञ्चित कोषको प्राप्ति भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणी समावेश भएको वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सञ्चित कोषको वित्तीय विवरण तयार गर्दा नगदमा आधारित लेखा प्रणालीको आधारमा स्वीकृत ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छ । तर वित्तीय प्रतिवेदनमा समेटनुपर्ने विभाज्य कोषबाट बाँडफाँड हुन बाँकी रकम, अन्तर सरकारी कारोवार लगायतका सूचना एवं कारोबार समेट्न सकेको छैन।

२.२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.८० करोड ६८ लाख ५ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.८ करोड ३३ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु. ५३ करोड ३४ लाख ७४ हजार र पेस्की बाँकी रु.१८ करोड ९९ लाख ६४ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समिति तर्फ रु.३५ करोड ६५ लाख ४ हजार बेरुजु देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु.१ करोड १९ लाख ६५ हजार नियमित गर्नुपर्ने, रु.३४ करोड १२ लाख ६१ हजार र पेस्की बाँकी रु.३२ लाख ७८ हजार रहेको छ।

२.३. प्रदेश सरकारलाई रु.७ अर्ब ३९ करोड ३४ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये रु.४ अर्ब ६० करोड ८९ लाख ७३ हजार खर्च भई रु.२ अर्ब ७८ करोड ४४ लाख २७ हजार प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ। संघीय सरकारबाट प्रदेश सरकारलाई सशर्त अनुदान रु.६ अर्ब ७७ करोड ३१ लाख ६८ हजार, समपूरक अनुदान रु.३४ करोड ६९ लाख, र विशेष अनुदान रु.५८ करोड ७९ लाख समेत रु.७ अर्ब ७० करोड ७९ लाख ६८ हजार अनुदान प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रु.२ अर्ब ९८ करोड ५० लाख १२ हजार बचत रहेको छ। उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता भएको छ। सशर्त अनुदान पनि खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ।

२.४. प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश विभाज्य कोषको आय व्यय विवरण तयार गरेको छ। यस वर्ष सवारी साधन कर रु.२ अर्ब १० करोड ६७ लाख ५६ हजार असुल भएको मध्ये रु.१ अर्ब ५२ करोड

१५ लाख ४५ हजार बाँडफाँट गरेकोमा प्रदेश सञ्चित कोषमा रु.९१ करोड २९ लाख २७ हजार र स्थानीय तहमा रु.६० करोड ८६ लाख १८ हजार पठाएको छ । बाँडफाँट हुन बाँकी रु. ५८ करोड ५२ लाख १० हजार २०७९।९।२० मा मात्र बाँडफाँट गरेको छ । समयमा बाँडफाँट गर्नुपर्दछ।

२.५. प्रदेश सरकारको स्रोतबाट समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान रु.३ अर्ब ३३ करोड ७४ लाख ७९ हजार वित्तीय हस्तान्तरण गरेको छ । सो मध्ये स्थानीय तहहरूलाई सशर्त, विशेष र समपूरक अनुदान रु. २ अर्ब १४ करोड ४५ लाख ६७ हजार हस्तान्तरण गरेको छ । प्रतिवेदन अवधिसम्म स्थानीय तहबाट रु. १६ करोड ८२ लाख ८६ हजार फिर्ता भएको उल्लेख भएतापनि सोको स्थानीय तहगत विवरण तयार गरेको छैन। यथार्थ खर्चको विवरण लिई बाँकी रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। सञ्चित कोषको वित्तीय विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** — लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सार्वजनिक वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रबन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, सार्वजनिक प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।

४. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश सञ्चित कोषको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा अन्य त्रुटि समेतका कारण सारभुत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य त्रुटि पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य त्रुटिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(राममाया कुँवर)
उप-महालेखापरीक्षक

# परिच्छेद-१

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण** **(रू.हजारमा)**

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय | संख्या | रकम |
|---|---|---|---|
| १. | सरकारी कार्यालय | १३८ | ३९७६२५७९ |
| २. | अन्य संस्था र समिति | १० | ३३४४७९७ |
| | **जम्मा** | **१४८** | **४३१०७३७६** |

यो वर्ष प्रदेश मातहत सरकारी निकाय १३८ को रू.३९ अर्ब ७६ करोड २५ लाख ७९ हजार र समिति तथा अन्य संस्था १० को रू.३ अर्ब ३४ करोड ४७ लाख ९७ हजार समेत रू.४३ अर्ब १० करोड ७३ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न गरेको छ ।

लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची — १ (क) र ३** मा उल्लेख छ ।

१. **सरकारी निकाय -** यो वर्ष १३८ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य तर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

**(रू.हजारमा)**

| क्र.सं. | कारोबार | रकम |
|---|---|---|
| १ | विनियोजन | २२२६०४८० |
| २ | राजस्व | १५२४९८४४ |
| ३ | धरौटी | ११८५६८३ |
| ४ | अन्य (विविध) | १०६६५७२ |
| **जम्मा** | | **३९७६२५७९** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची-२** मा उल्लेख छ ।

२. **अन्य संस्था र समिति -** यो वर्ष १० अन्य संस्था र समितिको रू. ३ अर्ब ३४ करोड ४७ लाख ९७ हजारको लेखापरीक्षण भएको छ । लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची - ३ र ४** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण यो वर्ष बजेट अनुमान र यथार्थ खर्च (संघीय कार्यालयमा भएको खर्च समेत) निम्नानुसार छः

**(रू.हजारमा)**

| शीर्षक/क्षेत्र | संशोधित बजेट अनुमान | यथार्थ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु (वित्तीय हस्तान्तरण समेत) | १५३१९१६८ | १०३३६०४५ | ६७.४७ |
| पुँजीगत | १९५६८६४२ | ११९२४४३५ | ६०.९४ |
| **जम्मा** | **३४८८७८१०** | **२२२६०४८०** | **६३.८१** |

४. **खर्चको स्थिति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छः

**(रू.हजारमा)**

| क.सं | निकाय | अन्तिम बजेट | | | यथार्थ खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | ३४०७६९ | ४०४६८ | ३८१२३७ | २६९४६२ | २९८२२ | २९९२८४ |
| २ | प्रदेश लोक सेवा आयोग | ९२६१६ | १९५०० | ११२११६ | ४६८५३ | ७२०६ | ५४०५९ |
| ३ | मूख्यन्यायाधिवक्ताको कार्यालय | ३२०२० | ५५५४ | ३७५७४ | २७५७७ | ५५४४ | ३३१२१ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५३९९०७ | १७३६७७ | ७१३५८४ | १९६१०९ | ५६४९७ | २५२६०६ |
| ५ | अर्थ मन्त्रालय | ५३४३८२१ | ४१३३७८ | ५७५७१९९ | ३६२४७१५ | २२२८६ | ३६४७००१ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १०९१२०९ | १७९७७९७ | २८८९००६ | ७९८७३४ | ११२०२७४ | १९१९००८ |
| ७ | कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय | ४१८५० | ५३७०० | ९५५५० | १९९०२ | ५३४४९ | ७३३५१ |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १५५१४७१ | ११४५५३५ | २६९७००६ | ७३१६७८ | ६६५२६१ | १३९६९३९ |
| ९ | खानेपानी तथा उर्जा विकास मन्त्रालय | १६७६५३ | १८१५३९२ | १९८३०४५ | ६१७१८ | ९८६५१८ | १०४८२३६ |
| १० | आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय | ३२६९१२ | २९४९४२ | ६२१८५४ | २२८१६० | १७६२७५ | ४०४४३५ |
| ११ | वाणिज्य आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय | ५०००० | ५०००० | १००००० | १३५७६ | ३२८६७ | ४६४४३ |
| १२ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८०९६९९ | ११५२६५६९ | १२३३६२६८ | ४४३४२२ | ७२१८२७७ | ७६६१६९९ |
| १३ | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय | १३७६२२ | ३६९६७८ | ५०७३०० | ४९९९१ | ८६०९० | १३६०८१ |
| १४ | सामाजिक विकास मन्त्रालय | ४७५६३११ | १८५९०६० | ६६१५३७१ | ३८१५३१४ | १४६३४८४ | ५२७८७९८ |
| १५ | प्रदेश नीति तथा योजना आयोग | ३७३०८ | ३३९२ | ४०७०० | ८८३४ | ५८५ | ९४१९ |
| | **जम्मा** | **१५३१९१६८** | **१९५६८६४२** | **३४८८७८१०** | **१०३३६०४५** | **११९२४४३५** | **२२२६०४८०** |

५. **स्रोत अनुमान तथा खर्च -** मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार यो वर्षको स्रोतगत अनुमान तथा खर्चको विवरण निम्नानुसार छः

**(रू. हजारमा)**

| स्रोत | स्रोतगत अनुमान | प्राप्ति | खर्च | प्राप्तिको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| **नेपाल सरकारबाट प्राप्त अनुदान** | **१३९०३४००** | **१५१०१३६८** | **९३३१९३०** | **६१.७९** |
| समानीकरण अनुदान | ७३९३४०० | ७३९३४०० | ४६०८९७४ | ६२.३३ |
| सशर्त अनुदान | ५५७५२०० | ६७७३१६८ | ४४१४४९६ | ६५.१८ |
| समपूरक अनुदान | ३४६९०० | ३४६९०० | ८०७६१ | २३.२८ |
| विशेष अनुदान | ५८७९०० | ५८७९०० | २२७६९९ | ३८.७३ |
| **प्रदेश सरकारतर्फ** | **१९८८८०३०** | **१५२४९८४४** | **१२९२८५५०** | **८४.७८** |
| राजस्व | १८८८८०३० | १५२४९८४४ | १२९२८५५० | ८४.७८ |
| आन्तरिक ऋण | १०००००० | — | — | |
| **जम्मा** | **३३७९१४३०** | **३०३५१२१२** | **२२२६०४८०** | ७३.३४ |

यो वर्ष विनियोजन तर्फ संघीय सरकारको अनुदान र राजस्वबाट रू.२२ अर्ब २६ करोड ४ लाख ८० हजार खर्च भएको छ । कुल खर्च मध्ये संघीय सरकारको अनुदानबाट ४१.९२ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ५८.०८ प्रतिशत खर्च गरेको छ ।प्रदेश राजस्वमा वृद्धि गरी संघीय अनुदान माथिको निर्भरता कम गर्दै जानुपर्दछ ।

६. **राजस्व असुली** - मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार यो वर्षको राजस्व असुलीको अनुमान र प्रगति निम्नानुसार रहेको छः

**(रू. हजारमा)**

| शीर्षक | राजस्व | | |
|---|---|---|---|
| | अनुमान | असुली | असुली प्रतिशत |
| कर राजस्व | ११११८९११०० | ११६६४४५६ | १०४.२५ |
| अन्य राजस्व | ११४८९३० | ३३१०७४६ | २८८.१६ |
| विविध | ६५५०००० | २७४६४२ | ४.१९ |
| **जम्मा** | **१८८८८०३०** | **१५२४९८४४** | **८०.७४** |

उल्लिखित विवरण अनुसार २०७८।७९ को कुल राजस्व असुली लक्ष्य (अनुदान बाहेक) रू.१८ अर्ब ८८ करोड ८० लाख रहेकोमा रू.१५ अर्ब २४ करोड ९८ लाख असुली भई लक्ष्यको तुलनामा ८०.७४ प्रतिशत असुल भएको देखिन्छ ।यो वर्ष प्रदेश सरकारले अन्तःशुल्क प्रासिको लक्ष्य नतोकेतापनि रू.२ अर्ब ४८ करोड ६७ लाख १५ हजार प्राप्त भएको छ । साविकदेखि नै प्राप्त भइरहेको अन्तःशुल्क रकमलाई आङ्कलन नगरी बजेट तयार गर्नु उचित देखिँदैन । लक्ष्य अनुसार राजस्व असुलीको लागि मन्त्रालयले प्रभावकारी भूमिका खेल्नुपर्दछ । यस सम्बन्धी विवरण अनुसूची-८ मा समावेश छ ।

७. **वित्तीय हस्तान्तरण -** मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरण स्थिति निम्नानुसार छः

**(रू.हजारमा)**

| अनुदान | वार्षिक बजेट | हस्तान्तरण | प्रतिशत |
|---|---|---|---|
| समानीकरण | ११९९००० | ११९२९१२ | ९९.४९ |
| सशर्त | १६७५२५० | १६२८५०० | ९७.२१ |
| समपूरक | २८४००० | १९६३३९ | ६९.१३ |
| विशेष | ४२०००० | ३१९७२८ | ७६.१३ |
| **जम्मा** | **३५७८२५०** | **३३३७४७९** | **९३.२७** |

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष १३६ स्थानीय तहलाई रू.३ अर्ब ३३ करोड ७४ लाख ७९ हजार हस्तान्तरण गरेको छ । स्थानीय तहबाट खर्चको विवरण उपलब्ध नभएकोले वास्तविक खर्च र प्रदेश सरकारलाई खर्च नभई फिर्ता गर्नुपर्ने सशर्त, समपूरक र विशेष अनुदान यकिन हुन सकेन । यो वर्ष हस्तान्तरित अनुदानमध्ये सशर्त अनुदानको रकम सबै भन्दा बढी रहेको छ ।

८. **संघीय निकायलाई बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय सरकारका कार्यक्रम सञ्चालन गर्न ९ संघीय कार्यालयलाई रू.५६ करोड ८१ लाख ५१ हजार निकासा दिएको छ । यस सम्बन्धी विवरण अनुसूची-१२ मा समावेश छ।

# परिच्छेद-२

# लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु -** मधेश प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रू.१ अर्ब १६ करोड ३३ लाख ९ हजार रहेको छ । सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू.हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजु** | **८०६८०५** | **३५६५०४** | **११६३३०९** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **८३३६७** | **११९६५** | **९५३३२** | **८.१९** |
| **२. नियमित गर्नुपर्ने** | **५३३४७४** | **३४१२६१** | **८७४७३५** | **७५.१९** |
| • अनियमित भएको | १८४७६ | २४९८४ | १७३४६० | १४.९१ |
| • प्रमाण कागजात पेस नभएको | ३८४९९८ | ३१६२७७ | ७०१२७५ | ६०.२८ |
| **३. पेस्की** | **१८९९६४** | **३२७८** | **१९३२४२** | **१६.६१** |
| • कर्मचारी पेस्की | २९८९९ | ३२७८ | ३३१७७ | २.८५ |
| • मोविलाइजेशन पेस्की | ४७४८० | - | ४७४८० | ४.०८ |
| • अन्य पेस्की | ११२५८५ | - | ११२५८५ | ९.६८ |

बेरुजु वर्गीकरणको विवरण **अनुसूची ९ र १०** मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजु -** प्रदेश सरकारी कार्यालय तथा अन्य संस्था र समितितर्फ गत वर्ष सम्म रू.५ अर्ब ६८ करोड ३५ लाख १४ हजार बेरुजु रहेकोमा यो वर्ष रू.८ करोड ४५ लाख ९६ हजार सम्परीक्षण भै रू.५ अर्ब ५९ करोड ८९ लाख १८ हजार बाँकी रहेकोमा यो वर्ष रू.१ अर्ब १६ करोड ३३ लाख ९ हजार थप भई जम्मा बेरुजु रू.६ अर्ब ७६ करोड २२ लाख २७ हजार कायम भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-११** मा रहेको छ।

(रू.हजारमा)

| क्र.सं. | विवरण | गत वर्षसम्म | यो वर्ष | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारी निकायको बेरुजु | ५११८१७७ | ८०६८०५ | ५९२४९८२ |
| २ | समिति तथा अन्य संस्थाको बेरुजु | ४८०७४१ | ३५६५०४ | ८३७२४५ |
| | **जम्मा** | **५५९८९१८** | **११६३३०९** | **६७६२२२७** |

३. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

३.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ मा बेरुजु फस्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फस्यौंट गर्ने र फस्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रकृया पुरा गर्दा समेत २०७८।७९ को बेरुजु फस्यौंट नभएकोले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१३** मा समावेश गरिएको छ ।

३.२. प्रदेश मातहत सरकारी कार्यालय १३८ को लेखापरीक्षण गरेकोमा ११४ कार्यालयमा रू.८० करोड ६८ लाख ५ हजार बेरुजु देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१** मा रहेको छ ।

३.३. प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समिति समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजु भएका ५ मन्त्रालय/निकाय निम्नानुसार छन्ः

(रू.हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | | कुल बेरुजुमा मन्त्रालयको प्रतिशत | ले.प. अंकको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १ | सामाजिक विकास मन्त्रालय | ९०१०४९८ | १७३६९ | ४४०४३६ | ४५१०१ | ५०२९०६ | ४३.२३ | ५.५८ |
| २ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ११२७८६७९ | ३४२४० | २०२४३१ | १३२१८२ | ३६८८५३ | ३१.७१ | ३.२७ |
| ३ | खानेपानी तथा उर्जा विकास मन्त्रालय | ११४१३५३ | ९३५ | ६८०३० | ३३५५ | ७२३२० | ६.२२ | ६.३४ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५२०२७ | २४१ | ७२०५४ | ० | ७२२९५ | ६.२१ | ९.६१ |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २४२१२३१ | २४५३९ | ४०७८९ | १२९५ | ६६६२३ | ५.७२ | २.७५ |
| ६ | अन्य मन्त्रालय र निकाय | १८५०३५८८ | १८००८ | ५०९९५ | ११३०९ | ८०३१२ | ६.९१ | ०.४३ |
| | जम्मा | ४३१०७३७६ | ९५३३२ | ८७४७३५ | १९३२४२ | ११६३३०९ | १००.०० | २.७० |

कुल बेरुजु मध्ये सामाजिक विकास मन्त्रालयको सबैभन्दा बढी ४३.२७ प्रतिशत र प्रदेश सभा सचिवालयको लगती वेरुजु रहेको छैन ।

३.४. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १३८ को लेखापरीक्षण गरेकोमा २४ कार्यालय (१७.३९ प्रतिशत) मा बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था १० मा लगती बेरुजु देखिएको छ ।

३.५. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय ११४ को ३ हजार ४४९ दफा बेरुजु देखिएकोमा ५३ दफा प्रतिकृयाबाट फस्यौंट भई १ हजार १०८ दफा सैद्धान्तिक र २ हजार २८८ दफा लगती बेरुजु कायम भएको छ ।

३.६. प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रू.१ अर्ब १८ करोड ९७ लाख ८ हजार बाँकी रहेकोमा, यो वर्ष रू.७ करोड ३८ लाख ६४ हजार फस्यौंट भई रू.१ अर्ब ११ करोड ५८ लाख ४४ हजार बाँकी रहेकोमा यस वर्ष रू.१८ करोड ९९ लाख ६४ हजार थप भई रू.१ अर्ब ३० करोड ५८ लाख ८ हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

३.७. सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणको क्रममा रू.१२ लाख ३० हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.५ लाख ८६ हजार र सम्परीक्षणको क्रममा रू.२६ लाख ३८ हजार समेत रू.४४ लाख ५४ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची- ६** मा उल्लेख छ ।

३.८. यो वर्ष सरकारी कार्यालय २५ मा रू.३६ लाख ५५ हजार अग्रिम कर कट्टी नगरेको बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट कुनै पनि रकम फस्यौंट नभएकोले सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

३.९. प्रदेश कार्यालय र अन्य संस्था तथा समितितर्फ ५ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत | पेस्की बाहेकको बेरुजु | पेस्की बाहेकको बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो | ६९४३९५ | १६४६०९ | २३.७० | ५७५०९ | ८.२८ |
| दोस्रो | २५७३१४२६ | १८२५३९९ | ७.०९ | १२७२७०६ | ४.९४ |
| तेस्रो | ३१९८६२२८ | १८०५९१८ | ५.६४ | १४१५८८० | ४.४३ |
| चौथो | ३९२८८५५८ | २१३०५७३ | ५.४२ | १७८८४७७ | ४.५५ |
| पाँचौ | ४३१०७३७६ | ११६३३०९ | २.७० | ९७००६७ | २.२५ |

# परिच्छेद-३

# लेखापरीक्षणबाट देखिएका व्यहोरा

१. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने र पेस गर्न नसकिने भएमा म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । वित्तीय विवरण पेस नगरेमा प्रचलित कानुनबमोजिम विभागीय कारबाहीसमेत हुनसक्ने व्यवस्था छ । प्रदेशअन्तर्गतका कुनै पनि मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार गरेका छैनन्। यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । यस सम्वन्धी व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याउदा समेत सुधार भएको छैन । ऐनको व्यवस्थाबमोजिम वित्तीय विवरण पेस गर्नुपर्दछ ।

२. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ सम्म वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको उत्तरदायित्व निकाय प्रमुखले र मन्त्रालयको हकमा विभागीय मन्त्रीले लिनुपर्ने, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतले, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सोअनुसार समयमा केन्द्रीय वित्तीय विवरण तयार गर्नेलगायतका कार्य भएको पाइएन । ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना गर्नु गराउनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटिनुपर्ने उल्लेख छ। प्रदेशअन्तर्गत कुनै पनि मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन। यस सम्वन्धी व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याउदा समेत सुधार भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **सार्वजनिक सम्पत्ति व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत

खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । यस प्रदेश अन्तर्गतका कुनै पनि मन्त्रालयले जिन्सीको दाखिला सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गरेको छैन । नियमानुसार विगत देखिकै जिन्सी अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा लेखाङ्कन हुनुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलाम बिक्री लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

५. **विधेयक** - प्रदेश सभा नियमावली, २०७५ को नियम ९९ देखि नियम १२२ सम्म विधेयक व्यवस्थापन सम्वन्धी कार्यविधि रहेको छ । प्रदेश सभा सचिवालयले उपलव्ध गराएको विवरण अनुसार प्रदेश सभाको पहिलो अधिवेशनदेखि नवौं अधिवेशनसम्म २२८ बैठक बसेकोमा ३११ घन्टा १८ मिनेट सभा सञ्चालन भएको उल्लेख छ । त्यसैगरी यो वर्षसम्म ६२ विधेयक दर्ता भएकोमा ५५ विधेयक प्रमाणीकरण, १ विधेयक फिर्ता र ६ विधेयक विचाराधीन रहेको उल्लेख छ । प्रदेश कार्यसम्पादनको लागि आवश्यक पर्ने कानुन समयमा नै बनाउनु पर्छ ।

६. **समिति गठन र कार्यक्षेत्र-** प्रदेश सभा नियमावली, २०७५ को नियम १४५ मा प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभा अन्तर्गत विषयगत तथा विशेष समिति गठन गर्न सकिने तथा नियम १४६ मा सभा अन्तर्गत ७ समिति रहने व्यवस्था छ। सोही नियमावलीको नियम १५१ मा आफ्नो कार्य क्षेत्रको परिधिभित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ। नियमावलीमा समितिले प्रदेश सरकारलाई निर्देशन दिने र दिएको निर्देशनको पालना भए नभएको अनुगमन गर्नु पर्ने व्यवस्था छ । प्रदेश सभा सचिवालयबाट उपलव्ध विवरणमा ७ समितिको १२४ बैठक बसेको उल्लेख छ । समितिले गरेका निर्णय एवं निर्देशनको कार्यान्वयन प्रदेश सरकारले गरे नगरेको अनुगमन भएको पाईएन। निर्णय एवं निर्देशनको कार्यान्वयन अवस्थाको अनुगमन हुनु पर्दछ ।

७. **सार्वजनिक लेखा समिति-** प्रदेश सभा नियमावली, २०७५ मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा छलफल हुनुपर्ने व्यहोरा उल्लेख छ । महालेखापरीक्षकको कार्यालयले मधेश प्रदेशका मन्त्रालय, आयोग एवं कार्यालयको विगत चार वर्षको लेखापरीक्षण गरी चार वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष बुझाई सकेको छ । समितिमा महालेखापरीक्षकको प्रथम वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु सम्वन्धमामात्र छलफल भएको छ । उक्त छलफलमा भएका निर्णयहरू र सोको कार्यान्वयन अवस्था सम्बन्धमा समितिले विवरण उपलब्ध गराएको छैन । जसले गर्दा बेरुजु फस्यौट, सम्परीक्षण र वित्तीय अनुशासन लगायतका विषयमा भएको प्रगतिबारे विश्लेषण गर्न सकिएन। प्रदेश सभा सचिवालयले लेखा समितिको सुझाव तथा निर्देशनको कार्यान्वयनको अनुगमन गरी अभिलेख राख्नु पर्दछ ।

८. **दरवन्दी र पदपूर्ति** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७८ बमोजिम प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थापनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट हुने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार प्रदेश मन्त्रालय, आयोग, संवैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालय र मातहतका कार्यालय समेतमा ३ हजार

१२१ दरबन्दी रहेकोमा २ हजार ५० पदपूर्ति भई १ हजार ७१ पदहरू रिक्त रहेका छन् । सेवा प्रवाहसंग प्रत्यक्ष सम्बन्धित पद रिक्त हुँदा प्रदेश सरकारवाट प्रदान गरिने सेवा प्रवाहमा असर पर्ने भएकोले दरबन्दी बमोजिम पदपूर्ति गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ ।

९. **प्रदेश समन्वय परिषद्** - संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ को दफा २४ मा प्रदेश र स्थानीय तहवीच वा प्रदेश भित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तर सम्वन्धलाई व्यवस्थित गर्न प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक वर्षको एक पटक बस्ने व्यवस्था छ । यो वर्ष समन्वय परिषदको बैठक २ पटक बसी नेपालको संविधानको अनूसूची ७ बमोजिम प्रदेश र स्थानीय तहका लागि आवश्यक थप कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने तथा स्थानीय कानुन तर्जुमा गर्दा प्रदेश सरकारले तर्जुमा गरेको कानुन र मापदण्डमा ध्यान दिने निर्णय गरी ६ विषयगत समितिको गठन गरेको छ । निर्णय बमोजिम थप कानुन तर्जुमा गरेको र विषयगत समितिहरूले गरेको निर्णय देखिने अभिलेख पेश भएन । निर्णय कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी प्रदेश र स्थानीय तहवीचको नीतिगत सामाञ्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार क्षेत्रको प्रयोग लगायतका विषयमा प्रदेश र स्थानीय तहवीच समन्वय गर्नुपर्दछ ।

१०. **मन्त्रालयको हेरफेर** - नेपालको संविधानको धारा १६८(९) मा प्रदेश सभाका कुल सदस्य संख्याको २० प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद्को गठन गर्नुपर्ने व्यवस्था छ । अधिकार सम्पन्न संघीय प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित प्रदेश मन्त्रालयको संख्या ७ रहने गरी सिफारिस गरेको छ । प्रदेश सभाको पहिलो निर्वाचन पश्चात् गठन भएको प्रदेश सरकारले २०७४।११।३ मा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८।२।२६ मा उक्त नियमावली संसोधन गरी मन्त्रालय संख्या ११ कायम गरेको छ । यसरी थप गर्दा प्रशासनिक खर्च बढ्नुका साथै मन्त्रालयको कार्यक्षेत्रमा हेरफेर हुने, जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने, जिम्मेवारी र जवाफदेहिता कमजोर हुने जस्ता समस्या देखिएका छन् । यसतर्फ प्रदेश सरकारले ध्यान दिनु पर्दछ ।

११. **कार्यक्रम हस्तान्तरण —** मधेश प्रदेश आर्थिक कार्यविधि ऐन ,२०७४ को दफा १६ मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत कार्यक्रम र बजेट कार्यान्वयन गर्ने कर्तव्य तथा जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। मधेश प्रदेश नीति तथा योजना आयोगवाट स्वीकृत २०७६।७७ देखि २०८०।८१ सम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयवाट सञ्चालन हुनेगरी आयोजना बैङ्कमा समेत समावेश भएका बेटी बचाउ बेटी पढाउ कार्यक्रम, छात्रा शिक्षा बीमा र मुद्दती बचत कार्यक्रम, लैङ्गिक हिंसा विरुद्ध कार्यक्रम, छात्राहरूलाई साईकल वितरण कार्यक्रम, दिवा खाजा कार्यक्रम, सचेतना कार्यक्रम, क्षमता अभिवृद्धि लगायतका क्रियाकलापहरू समावेश कार्यक्रम गत वर्षसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयवाट कार्यान्वयन हुदै आएकोमा यस वर्षसमेत सोहि कार्यालयले कार्यान्वयन गर्ने गरी बजेट विनियोजन भएतापनि २०७८।१२।१७ मा सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालयवाट कार्यान्वयन हुने गरी रू.५० करोड ४१ लाखको कार्यक्रम हस्तान्तरण गरेको छ । हस्तान्तरित कार्यक्रम मध्ये सो निर्देशनालयले छात्रा शिक्षा

विमा र मुद्दती कार्यक्रम मात्र कार्यान्वयन गरी रू.६ करोड ३७ लाख ५३ हजार मात्र खर्च गरेको छ ।

मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत मधेश प्रदेशका पोखरीहरूको सौन्दर्यीकरण, विद्यालयका शौचालय मर्मत, मन्दिरहरूको सौन्दर्यीकरण लगायतका कार्य गर्न २०७५।७६ देखि २०७७।७८ सम्म ठेक्का सम्झौता भई केही ठेक्काको आंशिक विल भुक्तानी भैसकेको अवस्थामा चालु अवस्थामा रहेका ४३ ठेक्काको काम भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्नेगरी मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०७८।११।२४ को निर्णय अनुसार उक्त मन्त्रालयमा हस्तान्तरण भएको देखिन्छ। हस्तान्तरण भएका ठेक्का मध्ये भौतिक पूर्वाधार मन्त्रालयको २०७८।१२।१७ को मन्त्रिस्तरीय निर्णयले ४ पूर्वाधार विकास कार्यालयलाई ३६ ठेक्का कार्यान्वयनको लागि हस्तान्तरण भएको छ भने ४ ठेक्का भौतिक पूर्वाधार मन्त्रालयवाटै कार्यान्वयन हुने गरी निर्णय भएको छ । पूर्वाधार विकास कार्यालयहरूबाट प्राप्त विवरण अनुसार ३ ठेक्काको निर्माण सम्पन्न भएको र बाँकी ४० ठेक्काको काम यो वर्ष नभएको देखिन्छ । उक्त ४० ठेक्काको सम्झौता रू.१ अर्ब ७५ करोड ८५ लाख ६० हजार मध्ये गत वर्षसम्म रू.६७ करोड ४१ लाख ६७ हजार भुक्तानी भएको देखिन्छ । अधिकांश ठेक्काको म्याद समाप्त भै सकेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ठेक्काको म्याद थप नभएको, कार्य सम्पादन जमानतको म्याद समाप्त भै सकेको, पेश्की बाँकीको लगत नरहेको, पेश्की जमानतको म्याद समाप्त भएको र सम्झौता वमोजिम कार्य सम्पन्न नभएको अवस्थामा निर्माण व्यवसायीलाई कुनै कारवाही नगरी ठेक्का हस्तान्तरण गरेको कारण उक्त ठेक्काको काम अलपत्र रहेको देखिन्छ । साविकमा मुख्यमन्त्री तथा मन्त्रिषरिषद् कार्यालयवाट सञ्चालन भएका कार्यक्रम बीचमै अन्य मन्त्रालयलाई कार्यान्वयन गर्ने गरी हस्तान्तरण हुनु उपयुक्त देखिएन ।

१२. **सञ्चित कोष दाखिला -** प्रदेश विनियोजन ऐन अनुसार निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वित्तीय विवरण अनुसार कार्यसञ्चालन कोषमा २०७९ असारमसान्तमा रू.४० करोड ६ लाख २६ हजार बाँकी रहेको छ । सो मध्ये गत विगत वर्ष देखिनै मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ अभियान र मुख्यमन्त्री स्वच्छता अभियानको बजेट क्रमशः रू.७ करोड ४३ लाख ९९ हजार र रू.३१ करोड ७५ लाख ६९ हजार समेत जम्मा रू.३९ करोड १९ लाख ६८ हजार कार्यसञ्चालन कोषमा ट्रान्सफर गरेको पाईयो । उक्त रकम विनियोजन ऐन विपरित खर्च लेखी कोषमा मौज्दात राख्नु नियमसम्मत देखिँदैन ।उक्त कार्यक्रमहरू यो वर्ष कार्यालयबाट क्रमशः सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयमा हस्तान्तरण समेत भई सकेकोले प्रयोजन विहीन अवस्थामा कोषमा मौज्दात रहेको रकम प्रदेश सञ्चित कोष दाखिला हुनुपर्दछ ।

१३. **बजेट विनियोजन र खर्च -** प्रदेश सरकारको यो वर्षको लागि कुल बजेट रू.३४ अर्ब ८८ करोड ७८ लाख कायम भएकोमा रू.२२ अर्ब २६ करोड ५ लाख खर्च भएको छ । कुल खर्च मध्ये चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकम समेत रू.१० अर्ब ३३ करोड ६० लाख तथा पुँजीगत तर्फ रू.११ अर्ब ९२ करोड ४४ लाख खर्च रहेको छ । कुल बजेटको तुलनामा खर्च ६३.८१ प्रतिशत, कुल खर्चको अनुपातमा चालु खर्च ४६.४३ प्रतिशत र पुँजीगत खर्च ५३.५७ प्रतिशत रहेको छ । निकायगत बजेट र खर्चको अवस्था विश्लेषण गर्दा विनियोजित बजेटको तुलनामा २३ प्रतिशतदेखि ८८ प्रतिशतसम्म खर्च भएको देखिन्छ। त्यसै गरी कुल खर्चमध्ये आषाढ महिनामा मात्र रू.१० अर्ब ६२

करोड ७० लाख (४७.७४ प्रतिशत) खर्च भएको छ । बजेट तर्जुमा यथार्थतामा आधारित नहुँदा बजेटको तुलनामा न्यून खर्च भएको छ । खर्च दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनुपर्दछ ।

१४. **बजेट कार्यान्वयन** – प्रदेश सरकारको यो वर्षको बजेट वक्तब्यमा समावेश भएका कार्यक्रममध्ये सप्तरीको राजविराजमा रहेको एक क्लव कभर्ड हल/खेलमैदान स्तरोन्नती गर्न रू.६५ लाख, महोत्तरी जिल्लाका सामुदायिक विद्यालयमा खेलकुद मैदानको स्तरोन्नती गर्न रू.१करोड, महेन्द्र नारायण निधि आवास योजनाको लागि रू.७ करोड ५ लाख, प्रदेश मुद्रण छापाखानाको स्थापना (भवन निर्माण) क्रमागत योजनाका लागि रू.२ करोड, सहिद तेजबहादुर अमात्य उज्यालो योजना, टावर लाइट जडान कार्यक्रमका लागि रू.१० करोड, दूग्ध मिसन कार्यक्रमको लागि रू.१० करोड, मासु मिसन कार्यक्रमका लागि रू.३ करोड, नेपालको आँखीझ्याल निर्माणका लागि रू.४ करोड लगायतका कार्यक्रम कार्यान्वयन भएको पाइएन । कार्यान्वयनयोग्य कार्यक्रम मात्र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

१५. **बजेट समर्पण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० मा बजेट समर्पण गर्ने गराउने वित्तीय उत्तरदायित्व मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने उल्लेख छ । त्यस्तै सोही ऐनको दफा २१ को उपदफा ३ मा विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिसम्म खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ भित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गत भौतिक पूर्वाधार मन्त्रालयको रू.२५ करोड १० लाख र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको रू.४१ करोड १ लाखका कार्यक्रम कार्यान्वयन नभएको अवस्थामा समेत बजेट समर्पण गरेको देखिएन। ऐनबमोजिम समयमै बजेट समर्पण नगर्दा बजेटको ठुलो हिस्सा निष्क्रिय रहेको देखिन्छ । समयमै बजेट समर्पण नगर्ने नगराउने पदाधिकारीलाई कानुन वमोजिम जिम्मेवार बनाउनुपर्दछ ।

१६. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा १७ मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । यस वर्ष शुरू.बजेट रू.३३ अर्ब ७९ करोड १४ लाखमध्ये रू.१५अर्ब ७४ करोड १८ लाख (४७ प्रतिशत) रकमान्तर भएको छ। सोमध्ये आषाढ महिनामा रू.५ अर्ब ६ करोड ९० लाख (१५ प्रतिशत) र आषाढ अन्तिम हप्तामा रू.१ अर्ब ५४ करोड ८२ लाख (५ प्रतिशत) रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ। वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **अवण्डा बजेट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐनबमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्दछ । यो वर्ष अर्थ विविध शीर्षकमा एकमुष्ट रू.६ अर्ब १९ करोड २० लाख १४ हजार विनियोजन भएको मध्ये रू.४ अर्ब ६३ करोड ८१ लाख १७ हजार (शुरू.बजेट विनियोजनको

७४.९० प्रतिशत) रकमान्तरबाट विभिन्न निकाय तथा स्थानीय तहलाई थप गरेको छ । रकमान्तरमध्ये दायित्व सिर्जना भएको योजनामा भुक्तानी गर्न, स्थानीय तहको समपूरक अनुदान र विशेष अनुदान प्रदान गर्न, पूर्वाधार निर्माणको लागि रकम थप गरेको देखिन्छ। कतिपय कार्य अपर्झट सिर्जना भएको नभई विगतदेखि नै सञ्चालनमा आएको र अनुमान गर्न सकिने कार्यक्रम समेत रकमान्तर गरेको छ । अर्थ विविधबाट रकमान्तर गरी रकम थप गर्ने परिपाटी बजेट सिद्धान्तअनुरूप मान्न सकिँदैन। यस्तो स्थितिमा बजेटउपर प्रदेश सभालाई जानकारी नहुने तथा नियन्त्रण कमजोर हुने, अनुगमन गर्न कठिनाइ हुने, पारदर्शिता नहुने हुँदा यसमा सुधार गर्नुपर्दछ ।

१८. **प्रदेश विभाज्य कोष** - प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ३ (३) मा सवारी साधन कर स्थानीय कोषमा मासिक रुपमा जम्मा गर्नु पर्ने र उपदफा ४ मा बाडँफाँट हुने रकमको हिसाब मिलान आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा पेश गर्नु पर्ने व्यवस्था छ। यस वर्ष प्रदेश सरकारले सवारी साधन कर रू.२ अर्ब १० करोड ६७ लाख ५६ हजार असुल भएको मध्ये रू.१ अर्ब ५२ करोड १५ लाख ४५ हजार बाडँफाँट गरेकोमा प्रदेश सञ्चित कोषमा रू.९१ करोड २९ लाख २७ हजार र स्थानीय तहमा रू.६० करोड ८६ लाख १८ हजार पठाएको छ । बाँडफाँट हुन बाँकी रू.५८ करोड ५२ लाख १० हजार २०७९।९।२० मा मात्र बाडँफाँट गरेको छ । प्राप्त रकम समयमा नै सम्बन्धित स्थानीय तहमा नपठाउदा स्थानीय तहको बजेटमा नै असर परेको छ । यस्तो रकम तोकिएको समयमा नै बाडँफाँट गर्नुपर्दछ ।

१९. **नदीजन्य पदार्थ बिक्री शुल्क बाँडफाँट** - प्रदेश आर्थिक ऐन, २०७८ को दफा ७ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर लगायतका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त आयको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेशले उक्त शीर्षकमा रू. १ करोड राजस्व प्रक्षेपण गरेकोमा रू.१ करोड १७ लाख २८ हजार असुली देखाएको छ। प्रदेश अन्तर्गतका वीरगञ्ज महानगरपालिका, जीतपुरसिमरा उप-महानगरपालिका, नीजगढ नगरपालिका लगायतका १८ स्थानीय तहले दहत्तर, बहत्तर लगायतका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त आयको चालीस प्रतिशतले हुने रू. १६ करोड १७ लाख ७६ हजार प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने देखिए तापनि प्रदेशको राजस्व अभिलेखमा नदेखिदा राजस्वको अनुमान र असुली यर्थाथपरक देखिएन। तसर्थ प्रदेश लेखा नियन्त्रक कार्यालयले यस्तो रकमको हिसावकिताव स्थानीय तहबाट लिई प्राप्त गर्नुपर्ने रकम समयमा प्राप्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२०. **निष्कृय रकम** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय प्रतिवेदन अनुसार यो वर्ष कार्यसञ्चालन कोषतर्फ गत वर्षको जिम्मेवारी रू.६० करोड ६३ लाख ३९ हजार र यो वर्षको आम्दानी रू.४६ करोड २ लाख ३३ हजार समेत रू. १ अर्ब ६ करोड ६५ लाख ७२ हजार मध्ये रू. २८ करोड ६० लाख १४ हजार खर्च भई रू.७८ करोड ५ लाख ५८ हजार बाँकी रहेको छ। बाँक रकममध्ये विगत वर्षदेखि जिल्ला प्रशासन कार्यालय सिराहामा रू. ७३ हजार, सशस्त्र प्रहरी बल महोत्तरीमा रू. १४ लाख ४६ हजार र जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा रू. ७४ लाख १ हजार समेत रू. ८९ लाख २० हजार मौज्दात रहेको छ । खर्च नभई निस्क्रिय रकम फिर्ता लिई प्रदेश सञ्चित कोष दाखिला हुनु पर्दछ ।

२१. **सम्झौता कार्यान्वयन-** नेपाल विद्युत प्राधिकरणको हेटौंडा-ढल्केवर-दुहवी ४०० के.भी प्रशारण लाइन निर्माण तथा सञ्चालनको लागि प्रशारण लाईन अन्तर्गत पर्ने राइट अफ वे को जग्गा २५ वर्षको लागि लिजमा र टावर निर्माणको लागि स्थायीरुपमा जग्गा दिई सो क्षेत्रमा पर्ने रुखबिरुवा हटाउन सहमति दिने गरी नेपाल सरकारले गरेको निर्णय बमोजिम आयोजना र संघीय वन तथा वातावरण मन्त्रालयबीच सम्झौता भएको छ । उक्त सम्झौतामा डिभिजन वन कार्यालय सर्लाही अन्तर्गत ३.०६४ हेक्टर, डिभिजन वन कार्यालय धनुषा अन्तर्गत ०.७१ हेक्टर र डिभिजन वन कार्यालय बारा अन्तर्गत १.८१ हेक्टर जग्गा स्थायी रुपमा टावर निर्माणको लागि प्रयोग हुने, उक्त क्षेत्रफलभन्दा कम नहुने गरी आयोजनाले नेपाल सरकारलाई सो जग्गाको सट्टाभर्ना उपलब्ध गराउने र ती जग्गामा प्रति हेक्टर १ हजार ६०० का दरले वृक्षारोपण गरी ५ वर्षसम्म स्याहार सम्भार गरे पश्चात जिल्ला वन कार्यालयलाई उपलब्ध गराउने उल्लेख छ । तर आयोजनाले सम्झौता वमोजिमको जग्गा नेपाल सरकारलाई उपलव्ध गराएको छैन । आयोजनाले सम्झौताको कार्यान्वियन गर्नुपर्दछ ।

२२. **सङ्कलन खर्च -** नेपाल विद्युत प्राधिकरण हेटौडा-ढल्केबर-दुहबी ४०० के.भि.प्रसारण लाइन आयोजना र संघीय वन तथा वातावरण मन्त्रालयबीच भएको सम्झौतामा प्रसारण लाईन निर्माण गर्दा हटाउनुपर्ने रुख आयोजनाले आफ्नो खर्चमा कटान मुछान गर्ने उल्लेख छ । काठमाडौं-तराई मधेश द्रुतमार्ग आयोजना र वन विभागबीच भएको सम्झौतामा समेत सोही व्यहोरा उल्लेख छ । सामुदायिक वन उपभोक्ता समुहले आन्तरिक खपत हुने काठ दाउरामा सङ्कलन खर्चसमेत जोडी उपभोक्ताबाट काठ दाउराको मुल्य असुल गर्ने गर्दछ । समुहले आफ्नो खर्चमा गर्नुपर्ने कटान मुछान कार्य समेत उल्लिखित आयोजनाले व्यहोरेकोले कटान मुछानको लगत रकम सामुदायिक वनबाट सोधभर्ना लिई राजश्व दाखिला गर्नुपर्ने देखिन्छ । सो अनुसार आयोजनाले कटान मुछान वापत डिभिजन वन कार्यालय, धनुषा र बाराका २५ सामुदायिक वन उपभोक्ता समुहलाई रू. १ करोड २४ लाख ६० हजार उपलव्ध गराएकोमा उक्त रकम सामुदायिक वन उपभोक्ता समुहबाट सोधभर्ना लिई राजश्व दाखिला गर्नुपर्दछ ।

२३. **राजस्व-** वन नियमावली, २०७९ को नियम १८ मा राष्ट्रिय वनबाट उत्पादित पैदावारको अनुसूची-६ अनुसारको न्यूनतम मूल्याङ्कन रकम र नियम २१ बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समितिको कार्ययोजनाले निर्धारण गरे बमोजिम समितिले हस्तान्तरण भएका काठ र दाउराको न्यूनतम रकम, मूल्य अभिवृद्धि कर र सङ्कलन खर्च डिभिजन वन कार्यालयलाई बुझाउनु पर्ने व्यवस्था छ । डिभिजन वन कार्यालयले जिल्ला वन पैदावार आपूर्ति समितिलाई बिक्री गरेको काठ, दाउराको राजस्व डिभिजन वन कार्यालय, बाराले रू. १८ लाख ४० हजार वन पैदावार आपूर्ति समितिको खाता र डिभिजन वन कार्यालय, रौतहटले रू. १ करोड ८४ लाख ९४ हजार कार्य सञ्चालन कोषमा दाखिला गरेको देखियो । उक्त रू. २ करोड ३ लाख १४ हजार सम्वन्धित राजस्व खातामा दाखिला गर्नु पर्दछ।

२४. **फरक कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ ले निर्दिष्ट गरेका कार्य जिम्मेवारी अनुसार मन्त्रालयले कार्यसम्पादन गर्नुपर्दछ । कार्य विभाजन नियमावली अनुसार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले नीति नियम तर्जुमा तथा अनुगमन, मूल्याङ्कन कार्यमा केन्द्रीत रहनुपर्नेमा कार्यसञ्चालन स्तरका कार्यालयबाट कार्यान्वयन गर्ने प्रकृतिका कामहरू समेत आफैंले सञ्चालन गरेको देखियो । यस सम्बन्धमा मन्त्रालयले पुनरावलोकन गर्नुपर्दछ भनी गतविगत वर्षदेखि औंल्याएकोमा

यस वर्ष समेत सुधार भएको पाइएन । मन्त्रालयले मातहतको कार्यालयबाट सम्पादन गर्नुपर्ने प्रकृतिको डिप वोरिङ्ग र ड्रिल वोरिङ्गको कार्य रू. १ करोड ८१ लाख ४० हजार, प्रस्तावमा आधारित अनुदान कार्यक्रम ९ फर्मलाई अनुदान रू. २ करोड ९९ लाख ५२ हजार र ८ जिल्लाका १६९ व्यक्ति, कृषक समूह, फर्मलाई विशेष अनुदान रू. १ करोड ९ लाख ७३ हजार समेत गरी रू.५ करोड ९० लाख ६४ हजारको कार्य सञ्चालन गरको छ । यस्तो कार्य मातहतको कार्यालयबाट गराई मन्त्रालयले सो को अनुगमन गर्नुपर्दछ ।

२५. **शीत भण्डार निर्माण-** भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको २०७५।०७६ स्वीकृत वार्षिक कार्यक्रम अनुसार मधेश प्रदेश अन्तर्गतका ८ जिल्लामा ८ शीत भण्डार निर्माण कार्य ८ संस्था मार्फत् गर्ने निर्णय गरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदन अनुसार सो कार्यको लागत अनुमान रू.१ अर्ब ५६ करोड ७७ लाख ८३ हजार रहेको छ । छनौट भएका ८ संस्थाले २०७७।७८ मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायीहरूसँग सम्झौता भएको देखिन्छ । ती संस्था र मन्त्रालयवीचको सम्झौता अनुसार कुल लागत मध्ये ८० प्रतिशत मन्त्रालयबाट र २० प्रतिशत लाभान्वित संस्थाले व्यहोर्नु पर्ने देखिन्छ ।

यो वर्ष शीत भण्डार भवन निर्माणको लागि रू.६ करोड वजेट व्यवस्था भएकोमा धनुषा जिल्लाको एक कृषक समूहलाई रू.८१ लाख ३१ हजार र गत वर्ष जिल्ला सहकारी संघ सप्तरीबाट निर्माणाधीन भवनको लागि रू.१ करोड ५ लाख १५ हजार भुक्तानी भएको छ । सो बाहेक अन्य संस्थालाई हालसम्म भुक्तानी भएको छैन भने कुनै पनि शीत भण्डार निर्माण कार्य सम्पन्न भएको छैन। शीत भण्डार निर्माण गर्न प्रत्येक वर्ष बजेट विनियोजन गर्ने तर निर्माण कार्य नहुनाले वजेट निस्कृय भएको छ । शीत भण्डार निर्माण कार्यको आवश्यकताको पुनरावलोकन गरी निर्माण कार्य समयमै सम्पन्न गराउनु पर्दछ ।

२६. **पाइप तथा फिटिङ्गस मौज्दात -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले पाइप खरिद गर्दा विगतको मौज्दातको ध्यान दिई सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी मौज्दात घटाउनुपर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सप्तरी, महोत्तरी, सर्लाही र बाराले रू.९ करोड ८३ लाख ९९ हजार मूल्यका पाइप जिन्सी खाताबाट खर्च देखाए तापनि योजनाको काममा जडान गरेको नापी किताब पेश नभएको हुँदा खर्च पुष्टि हुने स्थिति छैन । पाइप उपयोगको पुष्टि हुनुपर्दछ ।

त्यस्तै डिभिजन कार्यालय बाराबाट उपलव्ध विवरण अनुसार रू.७ करोड २६ लाख ९६ हजार मूल्यका १ लाख ३८ हजार २५९ मिटर एच.डि.पि. पाइप र रू.२ करोड ७२ लाख ५६ हजार मूल्यका फिटिङ्गसका सामानहरू गत वर्षकै मौज्दात रहेकोमा यो वर्ष समेत रू.१ करोड ७२ लाख ८४ हजारको पाइप तथा फिटिङ्स खरिद गरेको छ । त्यस्तै डिभिजन कार्यालय महोत्तरीले यो वर्ष रू.२ करोड २ लाख २३ हजार मूल्यका ५७ हजार ६२१ मिटर एच.डि.पि. पाइप र रू.२ करोड २४ लाख ३८ हजार मूल्यका फिटिङ्गसका सामानहरू बर्षान्तमा मौज्दात रहने गरी खरिद गरेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२७. **संघीय कार्यालयको खर्च-** नेपालको संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूची उल्लेख छ । प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गतका काम गर्ने गरी वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेमा यो वर्ष गृह तथा सञ्चार मन्त्रालयले सशस्त्र प्रहरी तथा नेपाली सेनालाई व्यारेक निर्माण, सवारी साधन खरिद र विपदका सामान खरिद वापत रू.३ करोड ८७ लाख १० हजार खर्च

गरेको छ । संघीय कार्यालयको लागि प्रदेश मन्त्रालयबाट खर्च गर्न मिल्ने देखिएन । प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य प्राप्ति गर्न प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहको लागि खर्च गर्नु पर्दछ ।

२८. **शान्ति सुरक्षा खर्च-** मधेश प्रदेश (मन्त्रिपरिषद्) को २०७५।२।१० र २०७७।१२।२४ को निर्णयमा गृह तथा सञ्चार मन्त्रालयका मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षा खर्च वापत मन्त्रीलाई प्रतिपटक रू.३० हजारका दरले मासिक ५ पटक सम्मको रू.१ लाख ५० हजार, राज्यमन्त्रीलाई मासिक रू.१ लाख तथा सचिवलाई एकपटकमा रू.१० हजारका दरले मासिक ५ पटकसम्म रू.५० हजार गरी मासिक रू.३ लाखका दरले नबढ्ने गरी खर्च गर्न पाउने र यस्तो रकम सम्वन्धित अधिकारीले वुझिलिई खर्च गर्न सक्ने तथा विल भरपाई पेश गरी रहनु नपर्ने उल्लेख छ । सो वमोजिम यो वर्ष माननीय मन्त्री तथा राज्यमन्त्रीलाई रू.३० लाख र सचिवलाई रू.६ लाख गरी कुल रू.३६ लाख विल भर्पाइ वेगर खर्च लेखेको छ । अन्य प्रदेशमा यस्तो खर्च गरेको नपाईएको हुदाँ यसलाई औचित्यपूर्ण मान्न सकिएन ।

२९. **क्षेत्राधिकार बाहिरको कार्य -** प्रदेश सरकार (कार्यविभाजन नियमावली), २०७८ अनुसार व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, लगायतका कार्यहरू मन्त्रालयले गर्ने गरी अधिकार तथा जिम्मेवारीले निर्दिष्ट गरेको छ । वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय र नेपाली सेना श्री नं. ९ वाहिनीबीच २०७९।०१।२८ मा जैविक विविधतातर्फ १२, ऐतिहासिक धरोहर प्रवर्द्धन र सम्बर्द्धनको लागि १८ गरी ३० कार्यक्रमको लागि सम्झौता भएको देखिन्छ । ततपश्चात बाहिनीले उक्त ३० कार्यक्रमको लागि प्रस्ताव पेश गरे अनुरुप मन्त्रालयले बाहिनीको सिफारिसको आधारमा रू.१ करोड ६३ लाख ८० हजार भुक्तानी दिएको छ । एकातर्फ प्रदेश सरकार (कार्यविभाजन) नियमावली भन्दा बाहिरको कार्य मन्त्रालयबाट गरेको देखिन्छ भने अर्कोतर्फ सो काम नेपाली सेना मार्फत गराउनु नियम सम्मत देखिएन । कार्य विभाजन नियमावली अनुसारका कार्य मात्र मन्त्रालयबाट सञ्चालन हुनुपर्दछ ।

३०. **बसको उपयोग -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा प्रस्तावित योजनाको लागत अनुमान र प्राप्त हुन सक्ने प्रतिफल खुलाइ योजनाको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले जनकपुरबाट राजविराज र वीरगञ्जसम्म प्रदेश परिवहन सेवा सञ्चालन गर्न भनी गतवर्ष ५ वटा बस खरिद गरी रू.३ करोड ३९ लाख ९० हजार खर्च गरेको छ । खरिद भएका बस २०७९।९।९ मा प्राप्त भएकोमा लामो समयसम्म सञ्चालनमा नल्याई प्रदेश सरकारको २०७८।११।२४ को निर्णयले ती बसहरू प्रदेश कृषि विश्वविद्यालय, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि व्यवसाय सहयोग तथा तालिम केन्द्र र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरेको छ । हस्तान्तरण भएका बसहरू मध्ये प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले बसको प्रयोग गर्ने अवस्था नभएको उल्लेख गरी २०७९।८।९ मा मधेश विश्वविद्यालय, वीरगञ्जलाई बस हस्तान्तरण गरेको छ। साथै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण भएका २ बस समेत लेखापरीक्षण अवधिसम्म पनि नम्वर प्लेट समेत नराखी प्रतिष्ठानको हाताभित्र थन्किएर रहेको पाइयो । आवश्यकताको विश्लेषण नगरी बस खरिद गर्ने र सार्वजनिक सम्पत्तिको उचित प्रयोग तथा संरक्षण नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

३१. **बोलपत्र मूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४३ (घ) मा बोलपत्र सम्बन्धी कागजातमा निर्माण कार्यको प्राविधिक विवरण उल्लेख गर्दा सार्वजनिक निकायले निर्माण कार्यको हरेक आईटमको अनुमानित परिमाण भएको बिल अफ क्वान्टिटीज खुलाउनुपर्ने र निर्माण कार्यको लागि

आवश्यक पर्ने विशेष योग्यता समेत खुलाउनु पर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, पर्साले रौतहट तथा पर्सा जिल्लामा ज्येष्ठ नागरिक आवास भवन निर्माणका लागि तयार गरेको बिल अफ क्वान्टिटीमा अस्लर स्टोन मेशिनरी वर्क सम्बन्धी काम रहेको छैन । तर कार्यालयले बोलपत्र कागजातमा सो कार्यको समेत अनुभव माग गरेको कारण प्राप्त ३ बोलपत्रदाता मध्ये २ को सोही विषयको अनुभव नपुगेको कारण प्राविधिक प्रस्ताव अस्वीकृत गरेको छ ।मूल्याङ्कनको लागि छनौट भएका एकमात्र निर्माण व्यवसायीले पेश गरेको रू. ९ करोड ८ लाख ७८ हजार (लागत अनुमानको तुलनामा १.०७ प्रतिशत घटी) को बोलपत्र स्वीकृत भई सम्झौता भएको छ । साथै लेखापरीक्षणका क्रममा पर्सा जिल्ला, वीरगंज महानगरपालिका, वडा नं.२५ सिर्सियामा निर्मित ज्येष्ठ नागरिक आवास भवनको स्थलगत अवलोकन गर्दा अस्लर स्टोन मेशिनरी वर्कको कार्य भएको देखिएन । यसरी गर्नै नपर्ने कामको अनुभव माग गरी २ बोलपत्र अस्वीकृत गरेको सम्वन्धमा त्यस्तो बोलपत्र कागजात तयार गर्ने, बोलपत्र मूल्याङ्कन गर्ने र स्वीकृत गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

३२. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोवारको तोकिए वमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । सामाजिक विकास मन्त्रालयले २०७६।७७ मा कोरोना रोग नियन्त्रण तथा उपचारको लागि एक बैङ्कमा रू.२५ करोड जम्मा गरी कोरोना रोग नियन्त्रण कोष स्थापना गरेकोमा गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार उक्त कोषमा २०७७।७८ सम्म रू.८ करोड ५० लाख ८४ हजार बाँकी रहेको देखिन्छ । मन्त्रालयले यो वर्ष उक्त कोषको वित्तीय विवरण तयार नगरेको तथा लेखापरीक्षण समेत नगराएकोले २०७९ असार मसान्तको मौज्दात यकिन गर्न सकिएन । उक्त कोष प्रदेश लेखा नियन्त्रक कार्यालयको दायरा भन्दा वाहिर रहेकोले सो लाई प्रदेश लेखा नियन्त्रक कार्यालयको दायरामा ल्याई लेखापरीक्षण गराउनुपर्दछ ।साथै सो कोषमा मौज्दात रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

३३. **नियमन र अनुगमन -** जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ मा २५ देखि २०० शय्यासम्मका जनरल तथा विशेषज्ञ अस्पताल, २५ देखि ५० शय्यासम्मका आयूर्वेद अस्पताल, डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक, आँखा उपचार केन्द्रको स्थापना, ग वर्गको स्वास्थ्य प्रयोगशालाको स्थापना, ख श्रेणीको रेडियो इमेजिङ्ग सेन्टरको स्थापना, २५ शय्यासम्मको डायलोसिस केन्द्र स्थापनाको लागि प्रदेश सरकार र प्रदेश सरकारले तोकेको निकायवाट इजाजत पत्र लिनुपर्ने र नवीकरण गराउनु पर्ने व्यवस्था छ । सामाजिक विकास मन्त्रालयले प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरूले अनुमति लिए नलिएको, नवीकरण गराए नगराएको विवरण अद्यावधिक गरेको छैन। मन्त्रालयले स्वास्थ्य संस्थाहरूले स्वास्थ्य संस्था सञ्चालन मापदण्ड अनुसार सञ्चालन गरे नगरेको अनुगमन गर्नुपर्नेमा सो समेत गरेको पाइएन । तसर्थ नियमावलीको व्यवस्था अनुसार स्वास्थ्य संस्थाहरूको अभिलेख, इजाजत, नवीकरण अद्यावधिक गर्नुको साथै मापदण्ड पालनाको अनुगमन गर्नुपर्दछ ।

३४. **अनुदानको अनुगमन -** यो वर्ष सामाजिक विकास मन्त्रालयले प्रदेश कृषि विश्वविद्यालयलाई रू.३१ करोड ७५ लाख ९७ हजार अनुदान उपलव्ध गराएको छ । उपलव्ध गराएको अनुदानवाट उक्त विश्वविद्यालयले गरेको कार्य, खर्च एवं हासिल गरेको प्रगतिको अनुगमन मन्त्रालयवाट भएको छैन । अनुगमन नहुँदा अनुदान रकमको उपयोग सम्वन्धमा विश्लेषण गर्न सकिएन । अनुदानको उपयोग सम्वन्धमा नियमित अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ ।

३५. **ल्याव सञ्चालन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्वन्धी व्यवस्था छ । प्रदेश जनस्वास्थ्य प्रयोगशाला धनुषाले प्रदेशको ६४ स्थानीय तहमा प्रयोगशाला स्थापना गर्नका लागि विशेष परिस्थितिजन्य कारण उल्लेख गरी आर्थिक वर्षको अन्त्यमा रू.२४ करोड ४८ लाख ३ हजारको ल्याव सामाग्री खरिद गरेको छ । लेखापरीक्षणको अवधिसम्म उक्त सामाग्रीहरू प्रयोगशालामा मौज्दात रहेका छन् ।ल्याव सामाग्री मौज्दात रहँदा स्थानीय तहहरूमा ल्याव सञ्चालन भएको छैन । खरिद गरिएको सामान प्रयोगमा ल्याएको प्रमाण पेश हुनुपर्दछ ।

३६. **प्रदेश सरकारको ५ वर्षको वित्तीय स्थिति-** नेपालको संविधानले गरेको व्यवस्था अनुसार प्रदेश सरकार गठन भई पहिलो ५ वर्षे अवधि पुरा भएको छ । यस अवधिमा मधेश प्रदेश सरकारको बजेट कार्यान्वयन, स्रोतगत अनुमान र खर्च, राजस्व असुली र बेरुजु फस्यौंट तथा सम्परीक्षणको स्थिति निम्नानुसार रहेको छः

३६.१. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको विगत ५ वर्षको बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार रहेको छ :

**(रू. लाखमा)**

| आर्थिक वर्ष | बजेट अनुमान | | यथार्थ खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| २०७४।७५ | ५०५३ | ४२५७ | २६६० | २५७३ | ५२.६४ | ६०.४५ |
| २०७५।७६ | १४८२५६ | १४९६१३ | ६६२७५ | ८४६४९ | ४४.७० | ५६.५७ |
| २०७६।७७ | २२०६६५ | २२४४६२ | ९७८१९ | ८२३५२ | ४४.३३ | ३६.६९ |
| २०७७।७८ | १३९०१९ | २०३६७५ | ८६४०८ | १३९०५१ | ६५.८७ | ६८.२७ |
| २०७८।७९ | १५३१९२ | १९५६८६ | १०३३६० | ११९२४५ | ६७.४७ | ६०.९४ |
| **जम्मा** | **६६६१८५** | **७७७६९३** | **३५६५२२** | **४२७८७०** | **५३.५२** | **५५.०१** |

प्रदेश अन्तर्गत २०७४।७५ देखि २०७८।७९ को अवधिमा चालुतर्फ रू.६६ अर्ब ६१ करोड ८५ लाख र पुँजीगततर्फ रू.७७ अर्ब ७६ करोड ९३ लाख गरी कुल रू.१ खर्ब ४४ अर्ब ३८ करोड ७८ लाख अनुमान रहेकोकम चालुतर्फ रू.३५ अर्ब ६५ करोड २२ लाख र पुँजीगततर्फ रू.४२ अर्ब ७८ करोड ७० लाख गरी कुल रू.७८ अर्ब ४३ करोड ९२ लाख खर्च भएको छ । वार्षिक रुपमा विनियोजन बजेटको तुलनामा चालुखर्च ४४ देखि ६७ प्रतिशतसम्म र पुँजीगत खर्च ३६ देखि ६८ प्रतिशतसम्म रहेको छ। खर्च दक्षतामा वृद्धि गरी वार्षिक खर्च प्रतिशतमा बढोत्तरी गर्नुपर्दछ।

३६.२. **स्रोतगत अनुमान र खर्च -** प्रदेश सरकारको विगत ५ वर्षको स्रोतगत अनुमान र खर्च निम्नानुसार रहेको छ :

**(रू.लाखमा)**

| शीर्षक | अनुमान | | | | | खर्च | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७४।७५ | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७४।७५ | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ |
| **संघीय सरकार तर्फ** | ० | **१४९६४६** | **१७२७३७** | **१५११३८** | **१३९०३४** | **५२३३** | **१०५९३६** | **५८२२६** | **१०३२८६** | **९३३२०** |
| समानीकरण अनुदान | ० | ७०१६१ | ७०८५९ | ७९९८४ | ७३९३४ | ५२३३ | ५५०४८ | १५६२९ | ५७५८८ | ४६०८९ |
| सशर्त अनुदान | ० | ७१९६७ | ८१८७८ | ५७३७७ | ५५७५२ | ० | ५०२३९ | ३९७३८ | ४३७२६ | ४४१४५ |
| समपुरक अनुदान | ० | २९३३ | १५००० | ८४२७ | ३४६९ | ० | ६४९ | ३२९ | ० | ८०७ |
| विशेष अनुदान | ० | ४५८४ | ५००० | ५३५० | ५८७९ | ० | ० | २५२९ | १९७२ | २२७६ |
| **राजस्व** | ० | **१४८२२३** | **२१४५१९** | **१९१५५०** | **१८८८८०** | ० | **४४९८८** | **१२१९४५** | **१२२१७३** | **१२९२८५** |
| **जम्मा** | ० | **२९७८६९** | **३८७२५६** | **३४२६८८** | **३२७९१४** | **५२३३** | **१५०९२४** | **१८०१७१** | **२२५४५९** | **२२२६०५** |

उल्लेखित विवरण अनुसार विगत चार वर्षमा प्रदेश सरकारको कुल खर्चमा संघीय सरकारतर्फको योगदान उल्लेख्य रहेको देखिन्छ । प्रदेश सरकारले आफ्नो आन्तरिक आय अभिवृद्धि गरी संघीय सरकारमाथिको निर्भरता कम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३६.३. **राजस्व असुली -** प्रदेश सरकारको विगत चार वर्षको राजश्व अनुमान र असुलीको स्थिति निम्नानुसार रहेको छ :

**(रु. हजारमा)**

| आर्थिक वर्ष | राजस्व | | |
|---|---|---|---|
| | अनुमान | असुली | असुली प्रतिशत |
| २०७५।७६ | १८२९७२०० | ९७७८७३५ | ५३.४४ |
| २०७६।७७ | १३५४३२०० | ९८१०१३३ | ७२.४३ |
| २०७७।७८ | १९१५५०८९ | १२५९५४६० | ६५.७६ |
| २०७८।७९ | १८८८८०३० | १५२४९८४४ | ८०.७४ |
| **जम्मा** | ६९८८३५१९ | ४७४३४१७२ | ६७.८८ |

उल्लेखित विवरण अनुसार प्रदेश सरकारले विगत चार वर्षमा लक्ष्य अनुसार राजश्व असुली गर्न सकेको देखिदैन । करको दायरा विस्तार गरी राजश्व असुलीमा बढोत्तरी गर्नुपर्दछ ।

३६.४. **बेरुजुको लगत -** प्रदेश सरकारको विगत ५ वर्षमा अन्तिम लेखापरीक्षणबाट कायम भएको मध्ये हालसम्म बाँकी बेरुजु रू.६ अर्ब ७६ करोड १८ लाख ९० हजार रहेको छ । उक्त बेरुजु मध्ये पेस्की बाँकी मात्र रू.१ अर्ब ३३ करोड ४९ लाख ५७ हजार रहेको छ । वित्तीय अनुशासनमा अभिवृद्धि गर्न बेरुजु फस्यौट कार्यमा प्राथमिकता दिनुपर्दछ ।

३६.५. **सुधार गर्नुपर्ने पक्षहरू -** सार्वजनिक जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनको माध्यमबाट प्रदेश सरकारको कार्यसम्पादनमा सुधार ल्याउन प्रदेश सरकारको एक कार्यकाल पुरा भइसकेको छ । तथापि स्रोत साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै सुशासनमा अभिवृद्धि गर्न नीति निर्माण, वित्तीय व्यवस्थापन आयोजना सञ्चालन, कानुनको परिपालना गरी बजेट कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा प्रभावकारिता ल्याउने, परामर्शदाता माथिको निर्भरता न्यून गर्ने, अनुदान उपयोगको अनुगमन, सार्वजनिक सम्पत्तिको उचित अभिलेख परिचालन एवं व्यवस्थापन, कार्यबोझको आधारमा संगठनात्मक संरचना र दरबन्दी व्यवस्थापन जस्ता सुधार गर्दै सेवा प्रवाहमा सरलीकरण, निर्मित संरचनाको गुणस्तर र टिकाउपनामा अभिवृद्धि गर्दै वित्तीय अनुशासन र जवाफदेहिता कायम गर्न जरुरी देखिन्छ ।

# मन्त्रालय र निकायगत व्यहोरा

# प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभा गठन भएको छ। प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ६४ र समानुपातिक निर्वाचन प्रणालीबाट ४३ गरी १०७ सदस्य निर्वाचित हुने व्यवस्था छ। नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई प्रदेश सभाको काम कारवाही सञ्चालन हुँदै आएको छ ।

यो वर्ष सचिवालयको विनियोजन रू.२९ करोड ९२ लाख ८४ हजार, राजस्व रू.३ लाख ३१ हजार, धरौटी रू.४७ लाख ८४ हजार समेत रू.३० करोड ४३ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **विधेयक** - प्रदेश सभा नियमावली, २०७५ को नियम ९९ देखि नियम १२२ सम्म विधेयक व्यवस्थापन सम्वन्धी कार्यविधि रहेको छ । सचिवालयले उपलव्ध गराएको विवरण अनुसार प्रदेश सभाको पहिलो अधिवेशनदेखि नवौं अधिवेशनसम्म २२८ बैठक बसेकोमा ३११ घन्टा १८ मिनेट सभा सञ्चालन भएको उल्लेख छ । त्यसैगरी यो वर्षसम्म ६२ विधेयक दर्ता भएकोमा ५५ विधेयक प्रमाणीकरण, १ विधेयक फिर्ता भएको तथा ६ विधेयक विचाराधीन रहेको उल्लेख छ । प्रदेश कार्यसम्पादनको लागि आवश्यक पर्ने कानुन समयमा नै बनाउनु पर्छ ।

२. **समिति गठन र कार्यक्षेत्र-** प्रदेश सभा नियमावली, २०७५ को नियम १४५ मा प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न विषयगत तथा विशेष समिति गठन गर्न सकिने तथा नियम १४६ मा सभा अन्तर्गत ७ समिति रहने व्यवस्था छ। सोही नियमावलीको नियम १५१ मा आफ्नो कार्य क्षेत्रको परिधिभित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ। नियमावलीमा समितिले प्रदेश सरकारलाई निर्देशन दिने र दिएको निर्देशनको पालना भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । सचिवालयबाट प्राप्त विवरणमा ७ समितिको १२४ बैठक बसेको उल्लेख छ । समितिले गरेका निर्णय एवं निर्देशन कार्यान्वयन प्रदेश सरकारले गरे नगरेको अनुगमन गरेको पाईएन। निर्णय एवं निर्देशनको कार्यान्वयन अवस्थाको अनुगमन हुनु पर्दछ ।

३. **सल्लाहकार सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ मा सभामुख, उपसभामुखको राजनैतिक तथा प्रेस सल्लाहकार रहने व्यवस्था छैन भने प्रदेश सभाको स्वीकृत दरबन्दीमा समेत उक्त पदहरू रहने व्यवस्था छैन । सचिवालय व्यवस्थापन तथा सञ्चालन समितिको २०७६।१०।१५ को निर्णयलाई आधार लिई यो वर्ष राजनैतिक सल्लाहकारलाई रू.६ लाख ३१ हजार र प्रेस सल्लाहकारलाई रू.४ लाख ५६ हजार समेत रू.१० लाख ८७ हजार पारिश्रमिक भुक्तानी दिएको छ। कानुनमा व्यवस्था गरेर मात्र यसप्रकारको खर्च लेख्नुपर्दछ ।

४. **निर्णय कार्यान्वयन -** प्रदेश सभा नियमावली, २०७५ को नियम १५१(ग) मा प्रदेश मन्त्रिपरिषद्का सदस्यहरूले दिएका आश्वासन र काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन, राय

सल्लाह प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था छ । समितिले यो वर्ष विभिन्न बैठक बसेर दिएका निर्देशन वा राय सल्लाहको कार्यान्वयनको अनुगमन गरेको अभिलेख राखेको देखिएन। नियमावलीले तोके अनुसारको अभिलेख राखी निर्णय कार्यान्वयनको अनुगमन गर्नुपर्दछ ।

५. **सार्वजनिक लेखा समिति -** प्रदेश सभा नियमावली, २०७५ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा छलफल हुनुपर्ने व्यवस्था छ । महालेखापरीक्षकको कार्यालयले मधेश प्रदेशका मन्त्रालय, आयोग एवं कार्यालयको विगत चार वर्षको लेखापरीक्षण गरी चार वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष बुझाई सकेको छ। समितिमा महालेखापरीक्षकको मधेश प्रदेशको प्रथम वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु सम्वन्धमा मात्र छलफल भएको छ ।उक्त छलफलमा भएका निर्णयहरू र सोको कार्यान्वयन अवस्था सम्वन्धमा समितिले विवरण उपलब्ध गराएको छैन । जसले गर्दा बेरुजु फर्स्यौट, सम्परीक्षण र वित्तीय अनुशासन लगायतका विषयमा भएको प्रगतिबारे यकिन गर्न सचिवालयले लेखा समितिको सुझाव तथा निर्देशनको कार्यान्वयनको अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

६. **दरबन्दी तथा पदपूर्ति -** सचिवालय अन्तर्गत मर्यादापालक बाहेक ३६ दरबन्दी रहेकोमा सचिव १, उपसचिव १, शाखा अधिकृत १, सहायक स्तरको ६ समेत ९ दरबन्दी रिक्त रहेको छ ।दरबन्दी बमोजिम पदपूर्ति नहुँदा दैनिक कार्यसञ्चालन, अनुगमन, मूल्याङ्कन लगायतका कार्यमा समस्या पर्ने हुँदा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ।

७. **योग्यता र मापदण्ड -** प्रदेश सभा सचिवालयले स्वकीय सचिवालयमा नियुक्त कर्मचारीहरूको योग्यता र पदपूर्ति प्रकृया सम्बन्धमा सचिवालयमा कार्यरत कर्मचारीहरूको मापदण्ड तयार गरेको छैन । स्वकीय सचिवालयका कर्मचारीको लागि यो वर्ष प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, राजनैतिक दलको नेता, विपक्षी दलको मुख्य सचेतक, समितिका सभापति, राजनैतिक दलको सचेतक र सांसद सदस्यको लागि सहसचिव १, उपसचिव २, शाखा अधिकृत १०९ र अन्य ४६ समेत १५८ कर्मचारीको पारिश्रमिक वापत रू.६ करोड ७० लाख ५९ हजार खर्च लेखेको छ । स्वकीय सचिवालयका कर्मचारीहरूको लागि शैक्षिक योग्यता र पदपूर्ति प्रकृयाको मापदण्ड तयार गर्न उपयुक्त हुने देखिन्छ ।

- **बेरुजु स्थिति -** सचिवालयको लेखापरीक्षणबाट यो वर्ष लगती वेरुजु देखिएको छैन । यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधानको धारा २३२ तथा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारीमा प्रदेशभित्रको शासन व्यवस्थापनको निर्देशन, नियमन, सञ्चालन, नीति नियम तर्जुमा, अनुगमन, मूल्याङ्कन लगायतका विषयहरू समावेश छन् ।

यो वर्ष कार्यालय र मातहत ४ निकायको विनियोजन रू.२५ करोड २६ लाख ६ हजार, राजस्व रू. २ करोड ३६ लाख ३० हजार, धरौटी रू. ६ करोड २६ हजार र अन्य कारोवार रू. ४१ करोड ५७ लाख ६५ हजार समेत रू. ७५ करोड २० लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **नीति तथा कार्यक्रम** - नेपालको संविधानको धारा २३२ तथा प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७८ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य जिम्मेवारीमा प्रदेश भित्रको शासन व्यवस्थाको निर्देशन, नियमन, सञ्चालन, नीति नियम तर्जुमा, अनुगमन र मूल्याङ्कन लगायतका विषयहरू समावेश छन् । कार्यालयले प्रदेश सरकारको नीति कार्यान्वयको अनुगमन मूल्याङ्कनको सूचकाङ्क तयार गरी सो अनुरुप अनुगमन र मूल्याङ्कन गरेको छैन। सो को अभावमा कार्यान्वयनमा परेका समस्या र त्यसले पारेको असर सम्बन्धमा विश्लेषण गरी आवश्यक सुधारलाई मार्गप्रशस्त गर्न सकेको छैन । कार्य विभाजन नियमावलीमा तोकिए बमोजिमको कार्यहरूको निरन्तर अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ ।

२. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयबाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्ने व्यवस्था छ । यसरी समीक्षा गर्दा प्रगति कम भएको कारण र सोको जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयबाट कार्यान्वयन हुने गरी स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका स्थानीय शासन सहयोग कार्यक्रममा ८१ कार्यक्रम समावेश गरी रू. ३३ करोड ५३ लाख ३९ हजार बजेट विनियोजन भएकोमा १२ कार्यक्रममा भएको रू.६ करोड ५९ लाख ९८ हजार (१९.६८ प्रतिशत) मात्र खर्च भएको छ भने ६९ कार्यक्रमको रू.२५ करोड २६ लाख ५ हजार (८२.३२ प्रतिशत) खर्च भएको छैन। यसैगरी कार्यालयको पुँजीगत शीर्षकमा ५४ कार्यक्रम सञ्चालन गर्न रू.२ अर्ब ९६ करोड ३५ लाख बजेट विनियोजन भएकोमा ४ कार्यक्रम मात्र सम्पन्न भई रू.१ करोड ५६ लाख २८ हजार (०.५३ प्रतिशत) खर्च भएको छ । लक्ष्य अनुरुप कार्यक्रम कार्यान्वयन हुन नसक्नाको कारण समीक्षा तथा मूल्याङ्कन गरी देखिएका समस्याको निरुपण गरी तोकिएका कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

३. **दरवन्दी र पदपूर्ति** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७८ बमोजिम प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थापनको कार्य यस कार्यालयबाट हुने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश मन्त्रालय, आयोग, संवैधानिक निकाय तथा प्रदेश

लेखा नियन्त्रकको कार्यालय र मातहतका कार्यालय समेतमा ३ हजार १२१ दरबन्दी रहेकोमा २ हजार ५० पदपूर्ति भई १ हजार ७१ पदहरू रिक्त रहेका छन् । सेवा प्रवाहसंग प्रत्यक्ष सम्बन्धित पद रिक्त हुँदा प्रदेश सरकारबाट प्रदान गरिने सेवा प्रवाहमा असर पर्ने भएकोले रिक्त पद पदपूर्ति गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ ।

४. **प्रदेश समन्वय परिषद्** - संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ को दफा २४ मा प्रदेश र स्थानीय तहवीच वा प्रदेश भित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहवीचको समन्वय वा अन्तर सम्वन्धलाई व्यवस्थित गर्न प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् रहने र परिषदको बैठक वर्षको एक पटक बस्ने व्यवस्था छ । यो वर्ष समन्वय परिषदको बैठक २ पटक बसी नेपालको संविधानको अनूसूची ७ बमोजिम प्रदेश र स्थानीय तहका लागि आवश्यक थप कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने तथा स्थानीय कानुन तर्जुमा गर्दा प्रदेश सरकारले तर्जुमा गरेको कानुन र मापदण्डमा ध्यान दिने निर्णय गरी ६ विषयगत समितिको गठन गरेको छ । निर्णय बमोजिम थप कानुन तर्जुमा गरेको र विषयगत समितिहरूले गरेको निर्णय देखिने अभिलेख पेश भएन । निर्णय कार्यान्वयनको अनुगमन, मूल्याङ्कन गरी प्रदेश र स्थानीय तहवीचको नीतिगत सामाञ्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार क्षेत्रको प्रयोग लगायतका विषय प्रदेश र स्थानीय तहवीच समन्वय कायम गर्नुपर्दछ ।

५. **एकीकृत वित्तीय विवरण-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसकिने मनासिव कारण देखाइ म्याद थपको लागि अनुरोध गरेमा म्याद थप हुन सक्ने व्यवस्था छ । वित्तीय विवरण पेश नगरेमा प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत हुन सक्ने व्यवस्था छ । कार्यालयले एकिकृत वित्तीय विवरण तयार नगरेको र म्याद थपको लागि पत्राचार समेत गरेको छैन। यसबाट कार्यालय र मातहतका कार्यालयहरूको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

६. **आन्तरिक नियन्त्रण प्रणाली-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूमा सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र उक्त प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले ऐनमा उल्लिखित व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली २०७९/५/२० मा मात्र तयार गरी लागू गरेको छ ।यो प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ।

७. **बेटी बचाउ बेटी पढाउ कार्यक्रम** -प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत कार्यक्रम र बजेट कार्यान्वयन गर्ने कर्तव्य तथा जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगवाट स्वीकृत आयोजना बैङ्कमा समेत समावेश बेटी बचाउ बेटी पढाउ कार्यक्रम २०७६।७७ देखि २०८०।८१ सम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सञ्चालन हुने उल्लेख छ। यस

कार्यक्रममा छात्रा शिक्षा बीमा र मुद्दती बचत कार्यक्रम, लैङ्गिक हिंसा विरुद्ध कार्यक्रम, छात्राहरूलाई साईकल वितरण कार्यक्रम, दिवा खाजा कार्यक्रम, सचेतना कार्यक्रम, क्षमता अभिवृद्धि लगायतका क्रियाकलापहरू समावेश गरेको छ । यो कार्यक्रम गत वर्षसम्म यस कार्यालयबाट कार्यान्वयन हुदै आएकोमा यस वर्षसमेत यसै कार्यालयले कार्यान्वयन गर्ने गरी बजेट विनियोजन भएतापनि यस कार्यालयले कार्यान्वयन नगरी २०७८।१२।१७ मा सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालयबाट कार्यान्वयन हुने गरी रू.५० करोड ४१ लाखको कार्यक्रम हस्तान्तरण गरेको छ । हस्तान्तरित कार्यक्रम मध्ये सो निर्देशनालयले छात्रा शिक्षा विमा र मुद्दती कार्यक्रम मात्र कार्यान्वयन गरी रू.६ करोड ३७ लाख ५३ हजार खर्च गरेको छ । कार्यालयले कार्यक्रमको प्रगति तथा प्रतिफलबारे समीक्षा तथा मूल्याङ्कन गरेको छैन। साविकमा यस कार्यालयबाट सञ्चालित कार्यक्रम अर्को मन्त्रालयमा हस्तान्तरण गरिदाँ सो को अपेक्षित कार्यान्वयन हुन सकेको पाइएन ।

८. **मुख्यमन्त्री स्वच्छता अभियान -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत कार्यक्रम र बजेट कार्यान्वयन गर्ने कर्तव्य तथा जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । प्रदेश नीति तथा योजना आयोगबाट स्वीकृत आयोजना बैङ्कमा मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम २०७६।७७ देखि २०८०।८१ सम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सञ्चालन हुने उल्लेख छ । यस कार्यालयबाट मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत मधेश प्रदेशका पोखरीहरूको सौन्दर्यीकरण, विद्यालयका शौचालय मर्मत, मन्दिरहरूको सौन्दर्यीकरण लगायतका कार्य गर्न २०७५।७६ देखि २०७७।७८ सम्म ठेक्का सम्झौता भई केही ठेक्काको आंशिक विल भुक्तानी भैसकेको अवस्थामा ४३ ठेक्काको काम भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्नेगरी मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०७८।११।२४ को निर्णय अनुसार उक्त मन्त्रालयमा हस्तान्तरण भएको देखिन्छ। हस्तान्तरण भएका ठेक्का मध्ये भौतिक पूर्वाधार मन्त्रालयको २०७८।१२।१७ को मन्त्रिस्तरीय निर्णयले ४ पूर्वाधार विकास कार्यालयलाई ३६ ठेक्का कार्यान्वयनको लागि हस्तान्तरण भएको छ भने ४ ठेक्का भौतिक पूर्वाधार मन्त्रालयबाटै कार्यान्वयन हुने गरी निर्णय भएको छ । पूर्वाधार विकास कार्यालयहरूबाट प्राप्त विवरण अनुसार बाँकी ४० ठेक्काको काम यो वर्ष नभएको देखिन्छ । उक्त ४० ठेक्काको सम्झौता रू.१ अर्ब ७५ करोड ८५ लाख ६० हजार मध्ये गत वर्षसम्म रू.६७ करोड ४१ लाख ६७ हजार भुक्तानी भएको देखिन्छ । अधिकांश ठेक्काको म्याद समाप्त भै सकेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ठेक्काको म्याद थप नभएको, कार्य सम्पादन जमानतको म्याद समाप्त भै सकेको, पेश्की बाँकीको लगत नरहेको, पेश्की जमानतको म्याद समाप्त भएको र सम्झौता वमोजिम कार्य सम्पन्न नभएको अवस्थामा निर्माण व्यवसायीलाई कुनै कारवाही नगरी ठेक्का हस्तान्तरण गरेको कारण उक्त ठेक्काको काम अलपत्र रहेको देखिन्छ । साविकमा यस कार्यालयबाट सम्झौता भएका निर्माण कार्यहरू सम्पन्न नगरी अन्य मन्त्रालयलाई कार्यान्वयन गर्ने गरी हस्तान्तरण हुनु उपयुक्त देखिएन । उक्त ठेक्काको काम सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

९. **सञ्चित कोष दाखिला -** प्रदेश विनियोजन ऐन अनुसार निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयको वित्तिय विवरण अनुसार कार्यसञ्चालन कोषमा २०७९ असारमसान्तमा रू.४० करोड ६ लाख २६

हजार बाँकी रहेको छ । सो मध्ये गत विगत वर्ष देखिनै मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ अभियान र मुख्यमन्त्री स्वच्छता अभियानको बजेट क्रमशः रू.७ करोड ४३ लाख ९९ हजार र रू.३१ करोड ७५ लाख ६९ हजार समेत जम्मा रू.३९ करोड १९ लाख ६८ हजार कार्यसञ्चालन कोषमा ट्रान्सफर गरेको पाईयो । उक्त रकम विनियोजन ऐन विपरित खर्च लेखी कोषमा मौज्दात राख्नु नियमसम्मत देखिदैन ।उक्त कार्यक्रमहरू यो वर्ष कार्यालयबाट क्रमशः सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयमा हस्तान्तरण समेत भई सकेकोले प्रयोजन विहीन अवस्थामा कोषमा मौज्दात रहेको रकम प्रदेश सञ्चित कोष दाखिला हुनुपर्दछ ।

१०. **नवप्रवर्तन साझेदारी कोष-** नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को बुदा नं १७.२ मा पूर्ण प्रस्ताव स्वीकृत भएका स्थानीय तहलाई नेपाल सरकारको कोष प्रवाह सम्वन्धी व्यवस्था अनुसार सशर्त अनुदानको रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत रकम हस्तान्तरण गरिने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको रकम सम्वन्धित आर्थिक वर्षभित्र खर्च हुन नसकेमा सोही आर्थिक वर्ष भित्र प्रदेश तथा स्थानीय तहले सञ्चित कोष फिर्ता गर्नु पर्ने व्यवस्था छ। कार्यालयले ३ स्थानीय तहहरूलाई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी कोषबाट निम्न ४ कार्यक्रममा रू.५ करोड ९९ लाख ६० हजार २०७९।३।२५ मा निकासा गरेता पनि सो रकम खर्च भएको पाइएन ।

**(रू. हजारमा)**

| क्र.सं. | स्थानीय तह | प्रयोजन | निकासा रकम | पालिकासँग सम्झौता मिति |
|---|---|---|---|---|
| १ | चन्द्रपुर नगरपालिका रौतहट | नगरपालिकामा चार्जिङ्ग स्टेशन | १४९८० | २०७९।०३।१७ |
| | | आधुनिक तरिकाले मरधर सिमसार क्षेत्रको वातावरण संरक्षण कार्य | १४९८० | २०७९।०३।१७ |
| २ | परवानीपुर गाउँपालिका, बारा | स्थानीय आर्थिक विकासका लागि महिला उद्यमशीलता परियोजना | १५००० | २०७९।०३।१७ |
| ३ | शम्भुनाथ नगरपालिका सप्तरी | प्रविधिमैत्री बनाई नमुना नगरको रुपमा पहिचान स्थापित गर्ने | १५००० | २०७९।०३।२१ |
| | **जम्मा** | | **५९९६०** | |

लेखापरीक्षण अवधिसम्म बाराको परवानीपुर गाउँपालिकाले स्थानीय आर्थिक विकासका लागि महिला उद्यमशिलता परियोजना कार्यक्रमको लागि प्राप्त निकासा रू.१ करोड ५० लाख मध्ये कर्मचारी तथा कार्यसञ्चालन सामाग्री खरिद गरी रू. ४ लाख ५० हजार खर्च गरेको, रौतहटको चन्द्रपुर नगरपालिकाले चार्जिङ्ग स्टेशन निर्माण गर्नको लागि रू.१ करोड ४९ लाख ८० हजार निकासा प्राप्त गरेकोमा एक निर्माण व्यवसायीसँग रू.२ करोड ७३ लाख ४२ हजारमा सम्झौता गरेको र मरधर सिमसार क्षेत्रको संरक्षण कार्यको लागि रू.१ करोड ४९ लाख ८० हजार तथा सप्तरीको शम्भुनाथ नगरपालिकाको नमुना नगर परियोजनाको लागि रू. १ करोड ५० लाख अनुदान निकासा भएकोमा कुनै काम भएको पाइएन । बर्षान्तसम्म खर्च नभई बाँकी रहेको अनुदान फिर्ता लिई सञ्चित कोष दाखिला हुनुपर्नेमा फिर्ता नगरी अर्को वर्ष खर्च गरेको नियमसम्मत देखिएन। चालु वर्ष खर्च गर्न नसक्ने जानकारी हुदाँ हुदै आर्थिक वर्षको अन्त्यमा निकासा दिने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

११. **प्रदेश सचिवको सुविधा -** नेपाल सरकार (मन्त्रिषरिषद) को २०७६।४।१३ को निर्णयमा प्रदेश सचिवमा कार्यरत राजपत्रांकित प्रथम श्रेणीको सह-सचिवलाई थप सुविधा उपलब्ध गराउने उल्लेख छ ।सोही अनुसार यस प्रदेशका १३ सचिवले यस वर्ष रू. ३७ लाख ७६ हजार अतिरिक्त सुविधा लिएको पाईयो । कानुनमा व्यवस्था नगरी मन्त्रिपरिषद्को निर्णयको आधारमा भुक्तानी गर्नु मनासिव देखिएन । कानुन निर्माण गरेरमात्र यस्तो सुविधा भुक्तानी गर्नुपर्दछ ।

## प्रदेश जनलोकपाल आयोग

१२. **दरबन्दी र पदपूर्ति -** आयोगले आफ्नो कार्य सञ्चालनको लागि राजपत्राङ्कित प्रथम/एघारौ तहको सचिव सहित, प्रशासन, कानुन, इन्जिनियर सहित विभिन्न दर्जाका ३३ दरबन्दी स्वीकृत गरेकोमा सचिवको मात्र स्थायी पदपूर्ति भएको छ भने १० अस्थायी, ७ करार सेवा र १ विज्ञ परामर्श सेवा मार्फत कार्यरत रहेका छन् । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा आयोगको सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरी सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ।

१३. **जिन्सी सफ्टवेयरको प्रयोग -** सार्वजनिक नियकायमा प्रयोग हुने सम्पत्तिको व्यवस्थापन कार्यको लागि महालेखा नियन्त्रक कार्यालयले २०७७।७८ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (प्याम्स) प्रयोग गरी सोही अनुरुप सम्पत्ति व्यवस्थापन र सम्पत्तिको लेखा राख्न निर्देशन गरेको छ । तर यस आयोगले सो प्रणालीमा जिन्सीको अभिलेख राखेको पाइएन । यस वर्ष रू.१ करोड ४४ लाख ३२ हजारको सवारी साधन, मेशिनरी तथा औजार, फर्निचर लगायतका जिन्सी खरिद गरेकोमा सोको अभिलेख परम्परागत ढाँचामा राखेको छ ।अभिलख व्यवस्थित नहुँदा जिन्सी सामानको दुरुपयोग हुन सक्ने तथा उचित व्यवस्थापन नहुने हुँदा आयोगले सो प्रणालीमा जिन्सी अभिलेख राखी सोको व्यवस्थापन गर्नुपर्दछ ।

१४. **उजुरी दर्ता र फर्स्यौट -** आयोगमा परेका उजुरीहरूको निरुपण समयमा नै गर्नुपर्दछ । आयोगबाट प्राप्त विवरण अनुसार वर्षान्तसम्म भ्रष्ट्राचार तथा अनुचित कार्य सम्वन्धी ५, छानविन गरी कारवाही गर्नुपर्ने ७, गलत प्रक्रियाबाट छनौट भएका संस्था सम्वन्धी १ र रकम हिनामिना/अनियमितता सम्वन्धी २ गरी १५ उजुरी एवं निवेदन दर्ता भएकोमा सो कारवाहीको प्रक्रियामा रहेको उल्लेख गरेको छ । आयोगमा दरबन्दी अनुसार पदपूर्ति नभएको, भौतिक पूर्वाधार पर्याप्त नभएको, स्रोत साधन दक्ष तथा विज्ञ जनशक्ति उपलव्धताको समस्या रहेको कारण कार्यसम्पादनमा समस्या रहेको आयोगले जनाएको छ । आवश्यक प्रबन्ध गरी आयोगको कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१५. **आयोगको गठन -** भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सन्दर्भमा छानबिन गरी कारवाही गर्न नेपालको संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ । मधेश प्रदेश सभाले जनलोकपाल आयोग ऐन, २०७७ जारी गरी प्रदेश जनलोकपाल आयोग गठन गरेको छ । सो आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनियमितता तथा भ्रष्टाचार सम्बन्धमा विस्तृत छानवीन गरी त्यसबाट भ्रष्टाचार गरेको देखिन आएमा रायसहितको प्रतिवेदनसाथ सक्कल फाईल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने व्यवस्था छ । तसर्थ प्रदेश जनलोकपाल आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिले गरेको अनियमितता र भ्रष्टाचारको विस्तृत छानवीन गर्ने विषयको सम्बन्धमा थप स्पष्ट गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** कार्यालय र मातहतका ३ निकायको रू. ७ करोड २२ लाख ९६ हजार बेरुजु देखिएको छ । प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फस्र्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

- **पाँच वर्षको कार्यसम्पादनको स्थिति**

१. **नीति तथा कार्यक्रम -** नेपालको संविधानको धारा २३२ तथा प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७८ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य जिम्मेवारीमा प्रदेश भित्रको शासन व्यवस्थाको निर्देशन, नियमन, सञ्चालन, नीति नियम तर्जुमा, अनुगमन र मूल्याङ्कन लगायतका विषयहरू समावेश छन् । कार्यालयले प्राप्त जिम्मेवारी पुरा गर्नका लागि आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तयारीका लागि भूमिका निर्वाह गरेको छ । हालसम्म प्रदेश सभाबाट ५५ विधेयक पारित भएका छन् । प्रदेश सरकार सञ्चालनका लागि आवश्यक पर्ने स्थानीय सेवा (गठन तथा कार्यसञ्चालन) विधेयक, प्रदेश प्राकृतिक साधन स्रोत व्यवस्थापन सम्बन्धी विधेयक, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको विधेयक, प्रदेश जनलोकपाल नियमावली, नागरिक एंव सेवाग्राही सन्तुष्टि मापन सम्बन्धी कार्यविधि, सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिका, प्रदेशस्तरमा व्यवस्थापन परीक्षण सम्बन्धी कार्यविधि लगायतका कानुनहरू तयार गर्न बाँकी रहेका छन् । त्यसैगरी प्रदेश स्तरको नीति तथा रणनीति, सदाचार प्रर्वद्धन नीति, कर्मचारी तालिम नीति, मानव संशाधन व्यवस्थापन नीति लगायतका नीति तर्जुमा गर्न बाँकी रहेको छन् ।आवश्यक नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **निर्णय कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७८ मा प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सो को अनुगमन गर्ने जिम्मेवारी यस कार्यालयलाई तोकिएको छ । कार्यालयबाट उपलव्ध विवरण अनुसार २०७४ देखि २०७८ सम्म प्रदेश मन्त्रिपरिषदले १४९ निर्णय गरेकोमा निर्णय कार्यान्वयनको अनुगमन गरी अभिलेख राखेको पाइएन । नियमावलीले तोके अनुसार प्रदेश सरकारका निर्णय कार्यान्वयनको अनुगमन गर्नुपर्दछ ।

३. **विनियोजन तथा खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ अनुसार मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार पाँच वर्षको अवधिमा यस कार्यालयको चालु बजेट रू.४ अर्ब ४९ करोड ७१ लाख र पूँजीगत बजेट रू.७ अर्ब १६ करोड ९२ लाख रहेकोमा चालु तर्फ रू.१ अर्ब ६० करोड २१ लाख(३५.६३ प्रतिशत) र पूँजीगत तर्फ रू.५ अर्ब ७० करोड ९० लाख (७९.६३ प्रतिशत) गरी कुल रू.७ अर्ब ३१ करोड ११ लाख खर्च भएको छ ।विगत पाँच बर्षमा औषत ५७.६३ प्रतिशत खर्च भएको छ । कार्यालय र मातहतका निकायको विनियोजन खर्च दक्षता वृद्धि गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

४. **मन्त्रालयको हेरफेर -** नेपालको संविधानको धारा १६८(९) मा प्रदेश सभाका कुल सदस्य संख्याको २० प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषदको गठन गर्नुपर्ने व्यवस्था छ । अधिकार सम्पन्न संघीय प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित प्रदेश मन्त्रालयहरूको संख्या ७ रहने गरी सिफारिस गरेको छ। प्रदेश सभाको पहिलो निर्वाचन पश्चात गठन भएको प्रदेश सरकारले २०७४।११।३ मा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८।२।२६ मा उक्त नियमावली संसोधन गरी मन्त्रालय संख्या ११ कायम गरेको छ ।यसरी थप गर्दा प्रशासनिक खर्च बढ्नुका साथै मन्त्रालयको कार्यक्षेत्रमा द्विविधा हुने, जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापनमा

कठिनाई हुने, टुक्रे कार्यक्रममा अध्याधिक खर्च हुने जस्ता समस्या देखिएका छन् । यसतर्फ प्रदेश सरकारले ध्यान दिनु पर्दछ ।

५. **मुख्य उपलब्धि** - प्रदेशको मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरीवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनका गर्ने कार्यका लागि आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू तयार गर्न कार्यालयले भूमिका निर्वाह गरेको छ ।त्यसैगरी ५ वर्षको अवधिमा मन्त्रिपरिषद्का १४९ बैठक बसी विभिन्न निर्णय तथा निर्देशन दिएको छ । त्यसैगरी प्रदेश समन्वय परिषद्को बैठकबाट प्रदेश र स्थानीय तहबीच समन्वयको भूमिका निर्वाह गरेको छ ।प्रदेश सरकारको संस्थागत विकास, प्रादेशिक शासन प्रणालीको कार्यान्वयन तथा प्रदेश सरकारबाट भएका क्रियाकलापको अनुगमन मूल्याङ्कन गर्ने कार्य गरेको छ । कार्यालयले यस अवधिमा मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ कार्यक्रम, मुख्य मन्त्री स्वच्छता अभियान कार्यक्रम र प्रदेश तथा स्थानीय शासनको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयारी र बेरुजु फस्यौंट अनुगमन समिति गठन गरी कार्य आरम्भ गरेको छ ।

# अर्थ मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति तथा मापदण्ड बनाउने लगायतका कार्य रहेका छन ।

यो वर्ष मन्त्रालय र मातहत ९ निकायको विनियोजन रू.३ अर्ब ६४ करोड ७० लाख, राजस्व रू.११ अर्ब ९७ करोड ५३ लाख ८४ हजार, धरौटी रू. १ करोड ४९ हजार र अन्य कारोबार रू.२ करोड १३ लाख ८५ हजार समेत रू. १५ अर्ब ६५ करोड ३८ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने जिम्मेवारी यस मन्त्रालयलाई तोकेको छ। तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालय प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाँभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्नुपर्ने व्यहोरा गतवर्ष औल्याइएकोमा यो वर्ष समेत स्थिति यथावत् रहेको छ । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

२. **आय-व्यय** - प्रदेश सरकारको यो वर्षको बजेट रू.३४ अर्ब ८८ करोड ७८ लाख रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पेश भएको विवरण अनुसार संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गत वर्षको बचतसमेत रू.४० अर्ब ९४ करोड ११ लाख आय भएकोमा रू.२२ अर्ब २६ करोड ५ लाख खर्च भई रू.१८ अर्ब ६८ करोड ६ लाख बाँकी रहेको छ। सो मध्ये असार मसान्तसम्म खर्च नभई बाँकी रहेको सर्शत, विशेष र समपुरक अनुदान रू.२ अर्ब ९८ करोड ५० लाख संघीय सञ्चित कोषमा फिर्ता गरेको छ ।

३. **बजेट विनियोजन र खर्च** - आर्थिक वर्ष २०७८।७९ को लागि रू.३३ अर्ब ७९ करोड १४ लाख विनियोजन गरेकोमा बजेट थप भई कुल बजेट रू.३४ अर्ब ८८ करोड ७८ लाख कायम भएकोमा रू.२२ अर्ब २६ करोड ५ लाख खर्च भएको छ । कुल खर्च मध्ये चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकम समेत रू.१० अर्ब ३३ करोड ६० लाख तथा पुँजीगत तर्फ रू.११ अर्ब ९२ करोड ४५ लाख खर्च रहेको छ । कुल बजेटको तुलनामा कुल खर्च ६३.८१ प्रतिशत, कुल खर्चको अनुपातमा चालु खर्च ४६.४३ प्रतिशत र पुँजीगत खर्च ५३.५७ प्रतिशत रहेको छ। निकायगत बजेट र खर्चको अवस्था विश्लेषण गर्दा विनियोजित बजेटको तुलनामा २३ प्रतिशतदेखि ८८ प्रतिशतसम्म खर्च भएको देखिन्छ। त्यसै गरी कुल खर्चमध्ये आषाढ महिनामा मात्र रू.१० अर्ब ६२ करोड ७० लाख

(४७.७४ प्रतिशत) खर्च भएको छ। बजेट तर्जुमा यथार्थतामा आधारित नहुँदा बजेटको तुलनामा न्यून खर्च भएको छ । विनियोजन दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनुपर्दछ ।

४. **शीर्षकगत खर्च स्थिति** - सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति सरकारले लिएको भएतापनि पुँजीगत खर्चमा विनियोजन भए अनुरूप खर्च हुन सकेको देखिएन। प्रदेश सरकारको यो वर्षको शीर्षकगत खर्च स्थिति देहायअनुसार छ । पुँजीगत खर्च विनियोजनको तुलनामा ६०.९४ प्रतिशत मात्र भएकोले पुँजीगत खर्च परिचालनमा वृद्धि गर्नुपर्दछ।

(रू.लाखमा)

| खर्च शीर्षक | बजेट विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १५३१९२ | १०३३६० | ६७.४७ |
| पुँजीगत | १९५६८६ | ११९२४५ | ६०.९४ |
| **जम्मा** | **३४८८७८** | **२२२६०५** | **६३.८१** |

५. **कुल खर्चमा स्रोतगत योगदान** - प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार २०७८।७९ को कुल खर्च रू. २२ अर्ब २६ करोड ५ लाख मध्ये आन्तरिक राजस्वबाट रू. १२ अर्ब ९२ करोड ८५ लाख खर्च भएको छ । यो वर्षको खर्चको स्रोतगत विवरण देहायअनुसार रहेको छः

**(रू. लाखमा)**

| विवरण | आन्तरिक राजस्व | संघीय सरकार अनुदान | बैदेशिक सहायता | कुल खर्च |
|---|---|---|---|---|
| चालु खर्च | ७८६४२ | २२४६७ | २२५१ | १०३३६० |
| पुँजीगत खर्च | ५०६४४ | ६७६९४ | ९०७ | ११९२४५ |
| **जम्मा** | **१२९२८६** | **९०१६१** | **३१५८** | **२२२६०५** |

उल्लिखित विवरण अनुसार रू.१० अर्ब ३३ करोड ६० लाख चालु खर्च भएकोमा आन्तरिक राजस्वबाट रू.७ अर्ब ८६ करोड ४२ लाख, संघीय सरकारको अनुदानबाट रू.२ अर्ब २४ करोड ६७ लाख र वैदेशिक स्रोतबाट रू. २२ करोड ५१ लाख खर्च भएको छ ।त्यस्तै पुँजीगत खर्च रू.११ अर्ब ९२ करोड ४५ लाख भएकोमा आन्तरिक राजस्वबाट रू.५ अर्ब ६ करोड ४४ लाख, संघीय सरकार अनुदानबाट रू.६ अर्ब ७६ करोड ९४ लाख र वैदेशिक स्रोतबाट रू.९ करोड ७ लाख खर्च भएको छ । कुल खर्च मध्ये वैदेशिक सहायताको अंश १.४२ प्रतिशत रहेको देखिन्छ । बाह्य सहायताबाट पुँजी निर्माण गर्न विशेषतः पुँजीगत शीर्षकमा खर्च गर्नुपर्नेमा चालु शीर्षकमा समेत खर्च गरेको उचित देखिदैन ।

६. **स्रोत अनुमान तथा खर्च** - मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार यो वर्षको स्रोतगत अनुमान प्राप्ति र खर्चको विवरण निम्नानुसार छः

**(रू. हजारमा)**

| स्रोत | स्रोतगत अनुमान | यथार्थ प्राप्ति | खर्च | प्राप्तिको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| **नेपाल सरकारबाट प्राप्त अनुदान** | **१३९०३४००** | **१५१०१३६८** | **९३३१९३०** | **६१.७९** |
| समानीकरण अनुदान | ७३९३४०० | ७३९३४०० | ४६०८९७३ | ६२.३३ |
| सशर्त अनुदान | ५५७५२०० | ६७७३१६८ | ४४१४४९६ | ६५.१८ |
| समपूरक अनुदान | ३४६९०० | ३४६९०० | ८०७६१ | २३.२८ |
| विशेष अनुदान | ५८७९०० | ५८७९०० | २२७६९९ | ३८.७३ |
| प्रदेश सरकारको राजस्व | १९८८८०३० | १५२४९८४४ | १२९२८५५० | ८४.७८ |
| **जम्मा** | **३३७९१४३०** | **३०३५१२१२** | **२२२६०४८०** | **७३.३४** |

यो वर्ष विनियोजनतर्फ संघीय सरकारको अनुदान र राजस्वबाट रू.२२ अर्ब २६ करोड ४ लाख ८० हजार खर्च भएको छ । कुल खर्च मध्ये संघीय सरकारको अनुदानबाट ४१.९२ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ५८.०८ प्रतिशत खर्च गरेको छ ।प्रदेश राजस्वमा वृद्धि गरी संघीय अनुदान माथिको निर्भरता कम गर्दै जानुपर्दछ ।

७. **नीति तथा कार्यक्रम कार्यान्वयनः** प्रदेश प्रमुखद्वारा प्रदेश सभामा पेश भएको प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यबीच तादाम्यता हुने गरी बजेट व्यवस्था गर्नुपर्दछ । यो वर्षको नीति तथा कार्यक्रममा समावेश भएका विभिन्न कार्यक्रमहरू बजेटमा समावेश भएको पाइएन । प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएको मध्ये वनतर्फ मुख्यमन्त्री हरित प्रदेश कार्यक्रम अन्तर्गत वार्षिक १ करोड विरुवा रोप्ने, कृषितर्फ एकीकृत कृषि उत्पादन प्रणालीमा केन्द्रीत सहकारी खेती, करार खेती, सामूहिक खेती र जग्गा चक्लाबन्दी गर्ने, उखु कृषक र चिनी उद्योगहरूको संरक्षण र सम्वर्द्धनका विशेष कार्यक्रमको प्याकेज तयार गरी कार्यान्वयन गर्ने, स्वास्थ्यतर्फ मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्यापनका कार्यक्रम सञ्चालन गर्ने, प्रादेशिक अस्पताललाई ५० शय्याको अस्पताल बनाउने, प्रदेशको पूर्व पश्चिम राजमार्ग अन्तर्गत बाराको पथलैया र सप्तरीको रुपनीमा ट्रमा अस्पताल निर्माण गर्ने, भूमि व्यवस्थातर्फ प्रादेशिक भू-उपयोग योजना तर्जुमा कार्यारम्भ गर्ने, भौतिक पूर्वाधारतर्फ स्याटलाइट सिटी निर्माण कार्यको प्रारम्भ गर्ने, सडक बोर्ड गठन गर्ने लगायतका कार्यक्रम वार्षिक बजेटमा समावेश भएको पाईएन। नीति तथा कार्यक्रमका विषय बार्षिक बजेटमा समावेश गरी वार्षिक बजेटले लिएको उद्देश्य पुरा गर्नुपर्दछ ।

८. **बजेट कार्यान्वयन** – प्रदेश सरकारको २०७८।७९ को बजेट बक्तब्यमा समावेश भएका कार्यक्रम मध्ये सप्तरीको राजविराजमा रहेको एक क्लव कभर्ड हल/खेलमैदान स्तरोन्नती गर्न रू.६५ लाख, महोत्तरी जिल्लाका सामुदायिक विद्यालयमा खेलकुद मैदानको स्तरोन्नती गर्न रू.१ करोड, महेन्द्र नारायण निधि आवास योजनाको लागि रू. ७ करोड ५ लाख, प्रदेश मुद्रण छापाखानाको स्थापना (भवन निर्माण) क्रमागत योजनाका लागि रू.२ करोड, सहिद तेजबहादुर अमात्य उज्यालो योजना, टावर लाइट जडान कार्यक्रमका लागि रू.१० करोड, दूग्ध मिसन कार्यक्रमको लागि रू.१० करोड, मासु मिसन कार्यक्रमका लागि रू.३ करोड, नेपालको आँखीझ्याल निर्माणका लागि रू.४ करोड लगायतका कार्यक्रम कार्यान्वयन भएको पाइएन । कार्यान्वयनयोग्य कार्यक्रम मात्र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि यस मन्त्रालयले आगामी ३ वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र त्यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था छ । मध्यमकालीन खर्च संरचना अनुसार प्रदेश सरकारको २०७८।०७९ को चालु तथा पुँजीगत खर्चको अनुमान देहायअनुसार छः

**(रू. लाखमा)**

| विवरण | आवधिक योजनाको अनुमान | मध्यमकालीन खर्च संरचनाको अनुमान | बजेट कार्यक्रमको अनुमान |
|---|---|---|---|
| चालु खर्च | २१६००० | १५२०४३ | १५३१९२ |
| पुँजीगत खर्च | २५३६०० | १८९९८५ | १९५६८६ |

उपयुक्त तालिका अनुसार सो वर्षको लागि गरिने चालु तथा पुँजीगत खर्चको अनुमानमा आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेटबीच तालमेल रहेको पाइएन ।बजेटको तर्जुमा र कार्यान्वयनमा प्रभावकारिता ल्याउन मध्यमकालीन खर्च संरचनामा समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकाबीच सामन्जस्यता गरी बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्दछ। प्रदेश सरकारले बजेट तयार गर्दा आवधिक योजना र मध्यमकालीन खर्च संरचनाबीच सामाञ्जस्यता कायम हुने गरी बजेट व्यवस्था गर्नुपर्दछ ।

१०. **राजस्व अनुमान र असुली -** मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७८।७९ मा राजस्व असुलीको लक्ष्य र प्रगति निम्नानुसार रहेको छः

**(रू. हजारमा)**

| शीर्षक | राजस्व सङ्कलन | | |
|---|---|---|---|
| | लक्ष्य | असुल | असुल प्रतिशत |
| कर राजस्व | १११८९१०० | ११६६४४५६ | १०४.२५ |
| अन्य राजस्व | ११४८९३० | ३३१०७४६ | २८८.१६ |
| विविध | ६५५०००० | २७४६४२ | ४.१९ |
| जम्मा | १८८८८०३० | १५२४९८४४ | ८०.७४ |

उल्लिखित विवरणअनुसार २०७८।७९ कुल राजस्व असुली लक्ष्य (अनुदान बाहेक) रू. १८ अर्ब ८८ करोड ८० लाख रहेकोमा रू. १५ अर्ब २४ करोड ९८ लाख असुली भई लक्ष्यको तुलनामा ८०.७४ प्रतिशत असुल भएको देखिन्छ ।यस वर्ष प्रदेश सरकारले अन्तःशुल्क प्राप्तिको अनुमान नगरेतापनि रू. २ अर्ब ४८ करोड ६७ लाख १५ हजार प्राप्त भएको छ । साविकदेखि नै प्राप्त भइरहेको अन्तःशुल्क रकमलाई आङ्कलन नगरी बजेट तयार गर्नु उचित देखिदैन । लक्ष्य अनुसार राजस्व असुलीको लागि मन्त्रालयले प्रभावकारी भूमिका खेल्नुपर्दछ ।

११. **वित्तीय हस्तान्तरण :** मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरण स्थिति निम्नानुसार छ ।

**(रू. हजारमा)**

| अनुदानको विवरण | वार्षिक बजेट | हस्तान्तरण | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| समानीकरण अनुदान | ११९९००० | ११९२९१२ | ९९.४९ |
| सशर्त अनुदान | १६७५२५० | १६२८५०० | ९७.२१ |
| समपूरक अनुदान | २८४००० | १९६३३९ | ६९.१३ |
| विशेष अनुदान | ४२०००० | ३१९७२८ | ७६.१३ |
| **जम्मा** | **३५७८२५०** | **३३३७४७९** | **९३.२७** |

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष १३६ स्थानीय तहमा रू.३ अर्ब ३३ करोड ७४ लाख ७९ हजार हस्तान्तरण गरेको छ । स्थानीय तहबाट खर्चको विवरण उपलब्ध नभएकोले वास्तविक खर्च र प्रदेश सरकारलाई खर्च नभई फिर्ता गर्नुपर्ने सशर्त, समपूरक र विशेष अनुदान यकिन गर्न सकिएन । यो वर्ष हस्तान्तरित अनुदानमध्ये सशर्त अनुदानको रकम सबै भन्दा बढी रहेको छ ।

१२. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा १७ मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ ।यस वर्ष शुरू बजेट रू.३३ अर्ब ७९ करोड १४ लाखमध्ये रू.१५अर्ब ७४ करोड १८ लाख (४६.५८ प्रतिशत) रकमान्तर भएको छ। सोमध्ये आषाढ महिनामा रू.५ अर्ब ६ करोड ९० लाख (१५ प्रतिशत) र आषाढ अन्तिम हप्तामा रू.१ अर्ब ५४ करोड ८२ लाख (४.५८ प्रतिशत) रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ। वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **अवण्डा बजेट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐनबमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्दछ । यो वर्ष अर्थ विविध शीर्षकमा एकमुष्ट रू.६ अर्ब १९ करोड २० लाख १४ हजार विनियोजन भएको मध्ये रू.४ अर्ब ६३ करोड ८१ लाख १७ हजार (शुरू.बजेट विनियोजनको ७४.९० प्रतिशत) रकमान्तरबाट विभिन्न निकाय तथा स्थानीय तहलाई थप गरेको छ । रकमान्तरमध्ये दायित्व सिर्जना भएको योजनामा भुक्तानी गर्न, स्थानीय तहको समपूरक अनुदान र विशेष अनुदान प्रदान गर्न, पूर्वाधार निर्माणको लागि रकम थप गरेको देखिन्छ। कतिपय कार्य अपझ्झट सिर्जना भएको नभई विगतदेखि नै सञ्चालनमा आएको र अनुमान गर्न सकिने कार्यक्रममा समेत रकमान्तर गरेको छ । अर्थ विविधबाट रकमान्तर गरी रकम थप गर्ने परिपाटी बजेट सिद्धान्तअनुरूप मान्न सकिँदैन। यस्तो स्थितिमा बजेटउपर प्रदेश सभालाई जानकारी नहुने तथा नियन्त्रण कमजोर हुने, अनुगमन गर्न कठिनाइ हुने, पारदर्शिता नहुने हुँदा यसमा सुधार गर्नुपर्दछ ।

१४. **सीमाभन्दा बढी रकमान्तर -** विनियोजन ऐन,२०७८ को दफा ३(३) मा कुनैपनि अनुदान संख्यामा वचत भएको रकम अर्थ मन्त्रालयले अपुग हुने अनुदान संख्यामा सार्दा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ। प्रदेश सभा सार्वजनिक लेखा समितिको २०७६।१।९ को निर्णयबाट कानुनको परिधिभित्र रही रकमान्तर गर्न निर्देशन दिएको देखिन्छ।यो वर्ष देहायअनुसार खुद रकमान्तर गरी रकम थप/घट गरेको देखिँदा विनियोजन ऐनको पालना भएको देखिएन। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

**(रू.हजारमा)**

| कार्यालय | वजेट उपशीर्षक | बजेट | रकमान्तर | प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश सभा सचिवालय | २०२०००१२३ | १०३०० | ३०१६८ | १९२ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २१६०००११४ | २००४ | ३५५० | ७७ |
| उद्योग ,पर्यटन तथा वन मन्त्रालय | ३०७०१०१२४ | २२२६३५ | ६९८७५० | २१३ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३१४०००११३ | २१२३७३ | ११५५१५ | ४६ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ३३७०४०११४ | १९२०० | ४२४३०० | २१०९ |
| सामाजिक विकास मन्त्रालय | ३५००६०११३ | ५३३० | २३२८३९ | ४२९८ |
| | ३५००९०५०४ | २३०० | ६६६००० | २८८५६ |

कानुनको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

१५. **सवारी साधन खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड, २०७७ मा नेपाल सरकार वा वैदेशिक ऋणको स्रोतबाट सवारी साधन खरिद नगरिने उल्लेख छ । मन्त्रालयले यो वर्ष चार पाङग्रे २ गाडी रू.१ करोड ३३ लाख २० हजारमा खरिद गरेको छ । मन्त्रालयमा ७ थान गाडी मौजुदा रहेका र सो गाडी सुविधा प्राप्त गर्ने पदाधिकारी भन्दा बढी हुने गरी गाडी खरिद गर्नु उपयुक्त होइन । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

१६. **प्रदेश सञ्चित कोष** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले स्वीकृत म.ले.प.फा.नं.को ढाँचामा सञ्चित कोषको वित्तीय विवरण तयार गरी २०७९ कार्तिक मसान्तभित्र अर्थ मन्त्रालय महालेखा नियन्त्रक तथा महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्नेमा २०७९ चैत्रमा पेस गरेतापनि स्वीकृत ढाँचामा पेस गरेको छैन। मधेश प्रदेशको सञ्चित कोषको हिसाब विवरण निम्नानुसार रहेको छः

**(रू.हजारमा)**

| (क) प्राप्ति | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ |
|---|---|---|
| १. गत वर्षको मौज्दात जिम्मेवारी | ९६३२८७४ | १०५८९८६६ |
| २. राजस्व तथा अनुदान | ० | ० |
| २.१.कर राजस्व | ९५९१९४९ | ११६६४४५६ |
| २.२.अन्य राजस्व | ११८६१४६ | ११२८३८४ |

| (क) प्राप्ति | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ |
|---|---|---|
| २.३.गत वर्षको नगद मौज्दात तथा बेरूजु | १५७०४ | २७४६४२ |
| २.४.बाडँफाँट हुने राजस्व | १८०१६६० | २१८२३६२ |
| २.५.समानीकरण अनुदान | ७०२०१०० | ७३९३४०० |
| २.६.समपूरक अनुदान | २७७०० | ३४६९०० |
| २.७.सशर्त अनुदान | ६९७००२१ | ६७७३१६८ |
| २.८.विशेष अनुदान | ४१५००० | ५८७९०० |
| **३.** अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम | (२७७१३५८) | (२९७१६११) |
| **४.** विगत आर्थिक वर्षको खुद मौज्दात बचत | (१०५८९८६६) | (१४२४८८३९) |
| **जम्मा प्राप्ति** | **२३२९९९३०** | **२३७२०६२८** |
| (ख) भुक्तानी | | |
| **१.** चालु वर्षको भुक्तानी | | |
| १.१.सञ्चित कोषमाथि व्ययभार हुने रकममा खर्च | ८४६९ | १६४२० |
| १.२.विनियोजन ऐनद्वारा भएको खर्च (चालु) | ८६३२२७० | १०३१९६२५ |
| १.३.विनियोजन ऐनद्वारा भएको खर्च (पुँजीगत) | १३९०५०६२ | ११९२४३७९ |
| १.४.वन रोयल्टी संघीय सञ्चित कोष जम्मा | ८१३०८ | ७५६०६ |
| १.५.स्थानीय तह राजस्व बाँडफाँट | ६८८१४१ | ८४२७०२ |
| १.६.अनुदान फिर्ता | ० | १३४०० |
| २. बैङ्कबाट भुक्तानी नभएको खर्च समायोजन | (१५३५४) | ५२८४३५ |
| ३. बैङ्क हिसाब समायोजन | ३२ | ६१ |
| **जम्मा भुक्तानी** | **२३२९९९३०** | **२३७२०६२८** |

१७. **राजस्व अनुमान र असुली -** मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७८।७९ मा राजस्व असुलीको शीर्षकगत लक्ष्य र प्रगति निम्नानुसार रहेको छः

**(रू.हजारमा)**

| राजश्व शीर्षक | राजस्व सङ्कलन | | असुली प्रतिशत |
|---|---|---|---|
| | लक्ष्य | असुली | |
| **कर राजस्व** | **१११८९१००** | **११६६४४५६** | **१०४.२५** |
| घरजग्गा रजिष्ट्रेसन दस्तुर | ५००००० | १४९९५९३ | २९९.९२ |
| बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर | ९५८८९०० | ७६७८१४८ | ८०.०७ |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ११००००० | ० | ०.०० |
| बाँडफाँटबाट प्राप्त हुने अन्तःशुल्क | ० | २४८६७४५ | ०.०० |
| बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | १०० | ० | ०.०० |
| बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | १०० | ० | ०.०० |
| **अन्य र विविध राजस्व** | **७६९८९३०** | **३५८५३८८** | **४६.५७** |
| बाँडफाँटबाट प्राप्त हुने वन रोयल्टी | १५०००० | २१५४८ | १४.३७ |
| बाँडफाँटबाट प्राप्त हुने दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | १०००० | १४७२८ | १४७.२८ |
| विविध आम्दानी | ७५३८९३० | ३५४९११२ | ४७.०८ |

| | | | |
|---|---|---|---|
| जम्मा | १८८८८०३० | १५२४९८४४ | ८०.७४ |

उल्लिखित विवरण अनुसार २०७८।७९ मा रू. १८ अर्ब ८८ करोड ८० लाख राजस्व सङ्कलन हुने अनुमान गरेकोमा रू.१५ अर्ब २४ करोड ९८ लाख असुली भई लक्ष्यको तुलनामा ८०.७४ प्रतिशत असुली भएको छ । साथै उल्लेखित विवरणमा बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर अनुमान गर्दा कर राजस्वमा समावेश गरेको तर वित्तीय प्रतिवेदनमा असुली देखाउँदा सोलाई विविध आम्दानीमा समावेश गरेको छ। त्यस्तै बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर र मनोरञ्जन कर वापत राजस्व अनुमान गरेको भएता पनि सो वापत राजश्व असुली भएको देखिएन। न्यून राजस्व असुली तथा प्राप्तिको कारण प्रदेशको आम्दानीले चालु खर्चसमेत धान्न नसक्ने अवस्था आउन सक्ने देखिन्छ । प्रदेश सरकारले राजस्वका नयाँ स्रोत पहिचान गरी राजस्व असुलीमा वृद्धि गर्नुपर्दछ।

१८. **प्रदेश विभाज्य कोष -** प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ३ (३) मा सवारी साधन कर स्थानीय कोषमा मासिक रुपमा जम्मा गर्नु पर्ने र उपदफा ४ मा बाडँफाँट हुने रकमको हिसाब मिलान आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा पेश गर्नु पर्ने व्यवस्था छ। यस वर्ष सवारी साधान कर रू.२ अर्ब १० करोड ६७ लाख ५६ हजार असुल भएको मध्ये रू.१ अर्ब ५२ करोड १५ लाख ४५ हजार बाडँफाँट गरेकोमा प्रदेश सञ्चित कोषमा रू. ९१ करोड २९ लाख २७ हजार र स्थानीय तहमा रू. ६० करोड ८६ लाख १८ हजार पठाएको छ । बाँडफाँट हुन बाँकी रू.५८ करोड ५२ लाख १० हजार २०७९।९।२० मा मात्र बाडँफाँट गरेको छ। प्राप्त रकम समयमा नै सम्बन्धित स्थानीय तहमा नपठाउनाले स्थानीय तहको बजेटमा नै असर परेको छ । यस्तो रकम तोकिएको समयमा नै बाडँफाँटतर्फ ध्यान जानुपर्दछ ।

१९. **नदीजन्य पदार्थ बिक्री शुल्क बाँडफाँट -** प्रदेश आर्थिक ऐन, २०७८ को दफा ७ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर लगायतका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त आयको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेशले बजेट अनुमानमा रू. १ करोड राजस्व प्रक्षेपण गरेकोमा रू. १ करोड १७ लाख २८ हजार असुली देखाएको छ। प्रदेश अन्तर्गतका वीरगञ्ज महानगरपालिका, जीतपुरसिमरा उप-महानगरपालिका, निजगढ नगरपालिका लगायतका १८ स्थानीय तहले दहत्तर, बहत्तर लगायतका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त आयको चालीस प्रतिशतले हुने रू. १६ करोड १७ लाख ७६ हजार प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने देखिए तापनि प्रदेशको राजस्व अभिलेखमा नदेखिदा राजस्वको अनुमान र असुली यर्थाथपरक देखिएन। तसर्थ कार्यालयले यस्तो रकमको हिसावकिताव स्थानीय तहबाट लिई प्राप्त गर्नुपर्ने रकम समयमा प्राप्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२०. **विज्ञापन तथा मनोरञ्जन कर बाँडफाँट -** अन्तर-सरकारी व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विज्ञापन करबाट प्राप्त आयको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। प्रदेशले बजेट अनुमानमा यस्तो कर रू. १ लाख राजस्व प्रक्षेपण गरेकोमा असुली शुन्य देखाएको छ। तर यस प्रदेशका वीरगञ्ज महानगरपालिका, जितपुर सिमरा र कलैया उपमहानगरपालिकाले विज्ञापनबाट प्राप्त आयको चालीस प्रतिशतले हुने रू. २५ लाख ५१ हजार प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने देखिए तापनि प्रदेशको राजस्व अभिलेखमा नदेखिदा राजस्वको

अनुमान र असुली यर्थाथपरक देखिएन। तसर्थ कार्यालयले यस्तो रकमको हिसाबकिताब स्थानीय तहबाट लिई प्राप्त गर्नुपर्ने रकम समयमा प्राप्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२१. **वित्तीय हस्तान्तरण -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ दफा १९ मा प्रदेश सञ्चित कोषबाट हुने वित्तीय हस्तान्तरण गर्ने व्यवस्था छ। यो वर्ष प्रदेश सरकार मार्फत १३६ स्थानीय तहलाई वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान रू.३ अर्ब ३३ करोड ७४ लाख ७९ हजार निकासा उपलब्ध गराएको छ । सो मध्ये स्थानीय तहहरूलाई सशर्त, विशेष र समपूरक अनुदान रू. २ अर्ब १४ करोड ४५ लाख ६७ हजार निकासा गरेको छ ।

(रू. हजारमा)

| अनुदान | बजेट | निकासा |
|---|---|---|
| समानीकरण | ११९९००० | ११९२९१२ |
| सशर्त | १६७५२५० | १६२८५०० |
| विशेष | ४२०००० | ३१९७२८ |
| समपूरक | २८४००० | १९६३३९ |
| **जम्मा** | **३५७८२५०** | **३३३७४७९** |

प्रतिवेदन अवधिसम्म रू. १६ करोड ८२ लाख ८६ हजार फिर्ता भएको उल्लेख भएतापनि सो रकम २०७८।७९ को एकीकृत वित्तीय विवरणमा स्थानीय तहगत विवरण तयार गरेको छैन्। यसरी अनुदान पठाएपछि प्रदेश सञ्चित कोषमा खर्च देखाउँदा तथा खर्च नभै फिर्ता भएको रकमलाई राजस्व आम्दानीमा देखाउँदा आम्दानी र खर्चको हिसाव वास्तविक रुपमा चित्रण भएको पाइएन । यसतर्फ ध्यान दिई प्रदेश सञ्चित कोषको हिसाव सही र यथार्थपरक बनाउनुपर्दछ ।

२२. **निष्कृय रकम -** वित्तीय प्रतिवेदन अनुसार यो वर्ष कार्यसञ्चालन कोषतर्फ स्रेस्ता अनुसार प्रदेश अन्तर्गतका निकायमा रहेका कोषहरूमा गत वर्षको जिम्मेवारी रू.६० करोड ६३ लाख ३९ हजार र यो वर्षको आम्दानी रू.४६ करोड २ लाख ३३ हजार समेत रू.१ अर्ब ६ करोड ६५ लाख ७२ हजार मध्ये रू.२८ करोड ६० लाख १४ हजार खर्च भई रू.७८ करोड ५ लाख ५८ हजार बाँकी रहेको छ । बाँकी रकम मध्ये विगत वर्ष देखि जिल्ला प्रशासन कार्यालय सिराहामा रू.७३ हजार, सशस्त्र प्रहरी बल महोत्तरीमा रू.१४ लाख ४६ हजार र जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा रू.७४ लाख १ हजार समेत रू.८९ लाख २० हजार मौज्दात रहेको छ । उक्त रकम फिर्ता लिई प्रदेश सञ्चित कोष दाखिला हुनु पर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालय र मातहतका २ निकायको रू. ९१ लाख ७ हजार बेरुजु देखिएको छ । प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

- **पाँच वर्षको कार्यसम्पादन स्थिति**

१. **नीति तर्जुमा एवं कार्यान्वयन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७८ अनुसार मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने काममध्ये प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा एवं

कार्यान्वयन, प्रदेश स्तरको आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, प्रदेश राजश्व सम्बन्धी नीति र कानुनको तर्जुमा एवं कार्यान्वयन, राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा लगायतको काम हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **बजेट तथा खर्चः** यस मन्त्रालय अन्तर्गत २०७४।७५ देखि २०७८।७९ सम्म ५ वर्षको अवधिमा कुल बजेट रू.३ अर्ब २२ करोड विनियोजन भएकोमा कुल खर्च रू.२ अर्ब १७ करोड १३ लाख खर्च भई बजेटको तुलनामा औसतमा ६७.४० प्रतिशत मात्र खर्च भएको छ । सो खर्च मध्ये चालु तर्फ रू.१ अर्ब ९९ करोड ६९ लाख (९१.९७ प्रतिशत) र पुँजीगत तर्फ रू.१७ करोड ४४ लाख (८.०३ प्रतिशत) खर्च भएको छ ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयले अद्यावधिक गरेको छैन। ऐनको व्यवस्था अनुसार बेरुजु फस्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ ।प्रदेश सरकारको विगत ५ वर्षको बजेट विनियोजन र खर्चको स्थिति निम्नानुसार रहेको छ। वित्तीय जिम्मेवारी र जवाफदेहिता कमजोर भएको कारण बजेट अनुरुप खर्च हुन सकेको छैन ।

**(रू. लाखमा)**

| आर्थिक वर्ष | बजेट विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २०७४/७५ | ९३१० | ५२३३ | ५२.४५ |
| २०७५।७६ | २९७८६९ | १५०९२३ | ५०.६६ |
| २०७६।७७ | ४४५१२६ | १८०१७१ | ४०.४८ |
| २०७७।७८ | ३४२६९४ | २२५४५८ | ६५.०९ |
| २०७८।७९ | ३४८८७८ | २२२६०५ | ६३.८१ |

तोकिएको जिम्मेवारी पुरा नगरेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

४. **कानुन निर्माण -** प्रदेश सरकारले जनताले प्राप्त गर्ने सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं भरपर्दो बनाउन एवं मन्त्रालयका कार्यक्रम र भूमिकालाई प्रभावकारी बनाउन आवश्यक कार्यविधि जारी गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ कार्यान्वयनमा आएको लामो समय भैसक्दा समेत प्रदेश सरकारले नियमावली तर्जुमा गरेको छैन । जसले गर्दा आर्थिक कार्यविधिसँग सम्बन्धित बेरुजु फस्यौंट, सम्परीक्षण लगायतका विषयमा स्पष्टता हुन सकेको छैन । त्यसैगरी मन्त्रालयले विभिन्न कर, शुल्क, कट्टी भुक्तानी, राजस्व चुहावट तथा नियन्त्रण सम्बन्धी कानुन तथा कार्यविधि समेत

तर्जुमा गरेको छैन । तसर्थ, आर्थिक कार्यविधि नियमावली तर्जुमा गर्नुको साथै सेवा प्रवाहमा सरलता ल्याउन आवश्यक अन्य कार्यविधि समेत तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **मुख्य उपलब्धि -** मधेश प्रदेश सरकारको ६ वर्षका बजेट तर्जुमा गरी प्रदेश सभाबाट परित भएको छ । बजेट खर्च र लेखा प्रणालीलाई डिजिटलाईट गर्ने तथा व्यवस्थित गर्ने लगायतका कार्यमा मन्त्रालयले भूमिका निर्वाह गरेको छ । प्रदेशको बजेट र खर्चको लेखा हिसाब चुस्त दुरुस्त राख्ने कार्य गरेको छ । त्यसै गरी मध्यमकालीन खर्च संरचना तयार गरी सो अनुरुप बजेट तयार एवं कार्यान्वयनको लागि मन्त्रालय प्रयासरत रहेको छ । प्रदेश विभाज्य कोष र सञ्चित कोषको सञ्चालन र व्यवस्थापन गरेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भू-स्खलन नियन्त्रण लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत २३ निकायको विनियोजन रू.१ अर्ब ९१ करोड ९० लाख ८ हजार, राजस्व रू.२२ करोड ६६ लाख ८ हजार, धरौटी रू.१३ करोड ५९ लाख ४१ हजार र अन्य कारोवार रू.१३ करोड ९६ लाख ७४ हजार समेत रू.२ अर्ब ४२ करोड १२ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **एकीकृत वित्तीय विवरण-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसकिने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुन सक्ने व्यवस्था छ । वित्तीय विवरण पेश नगरेमा प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत हुन सक्ने व्यवस्था छ । यस मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार नगरेको र म्याद थपको लागि पत्राचार समेत गरेको छैन । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । यस सम्वन्धी व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याउदा समेत सुधार भएको छैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

२. **केन्द्रीय प्रगति विवरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयबाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्ने व्यवस्था छ । यसरी समीक्षा गर्दा प्रगति कम भएको कारण र सोको जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेकोले कार्य उपलब्धि अवस्थाको मूल्याङ्कन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसारको केन्द्रीय प्रगति विवरण तयार गरी सो को समीक्षा मार्फत देखिएका समस्याको निरुपण गर्नु पर्दछ ।

३. **सम्पत्तिको एकीकृत विवरण-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ । त्यस्तो लगत वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र पेश गर्नुपर्ने व्यवस्था छ। साथै मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका वन तथा पर्यटन लगायतका कार्यालय प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाँभिएको अवस्थामा

साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरेको छैन । कानुनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४. **बजेट समर्पण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० मा बजेट समर्पण गर्ने गराउने वित्तीय उत्तरदायित्व मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने र दफा २१(३) मा विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिसम्म खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ भित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको लागि विनियोजित रू.२८  करोड ७१ लाख ८५ हजार मध्ये रू. २० करोड ६६ लाख २९ हजारको योजना कार्यान्वयन भएको देखिएन । मन्त्रालयले उल्लेखित अवधिमा बजेट समर्पण गरेको छैन । समयमै मन्त्रालयले बजेट समर्पण नगर्दा बजेटको ठुलो हिस्सा निष्कृय रहेको देखिन्छ। समयमै बजेट समर्पण नगर्ने नगराउने पदाधिकारीलाई कानुन वमोजिम जिम्मेवार बनाइनु पर्दछ ।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन । मातहतका कार्यालयले सम्पादन गरेको कार्यको अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौट गर्ने गराउने उत्तरदायित्वको पालना लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गरे/नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित वजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । विनियोजित बजेटका लक्षित उद्देश्य अनुरुप मन्त्रालयको चालुतर्फ ७३.२० प्रतिशत र पुँजीगततर्फ ६२.३१ प्रतिशत मात्र खर्च भएकोमा ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालनाको सुनिश्चितता गर्न अनुगमन मुल्याङ्कन गरेको देखिएन । तोकिएको जिम्मेवारी पुरा नगरेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

६. **सवारी साधन खरिद** - सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड, २०७७ मा नेपाल सरकार वा वैदेशिक ऋणको स्रोतवाट सवारी साधन खरिद नगरिने उल्लेख छ । तर मन्त्रालयले उक्त मापदण्ड विपरित २ गाडी खरिद गरी रू.१ करोड १९ लाख खर्च गरेको छ । मन्त्रालयमा ६ गाडी रहेकोमा सो प्रयोग गर्ने पदाधिकारी यकिन नगरी मापदण्ड विपरित सवारी साधन खरिद गर्नु उपयुक्त देखिंदैन । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

७. **शोधपत्र अनुदान सहयोग** - मन्त्रालयले तयार गरेको अनुदान सहयोग सञ्चालन कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८ मा वन तथा वातावरण विषयमा सरकारी क्याम्पसहरूमा स्नातक र स्नातकोत्तर तहमा अध्यनरत मधेश प्रदेशभित्रका विद्यार्थीलाई शोधपत्र अनुदान सहयोग उपलव्ध गराउने व्यवस्था अनुसार रू. १९ लाख विनियोजन गरेको छ । सो कार्यविधिमा स्नातक तहका प्रति विद्यार्थीका लागि रू.५० हजार र स्नातकोत्तर तहका प्रति विद्यार्थी रू.८० हजार सहयोग गर्ने व्यवस्था अनुसार आवेदन

माग गर्दा ४ विद्यार्थीले मात्र आवेदन दिएको देखिन्छ । कार्यविधि संशोधन नगरी कम संख्यामा आवेदन परेको उल्लेख गरी मधेश प्रदेशमा आएर सो विषय र तहमा अध्ययन अनुसन्धान गरेका अन्य प्रदेशका स्नातक तहका १६ र स्नातकोत्तर तहका ६ विद्यार्थीलाई समेत शोधपत्र अनुदान सहयोग उपलब्ध गराई रू.१२ लाख ८० हजार खर्च गरेको छ । कार्यविधिको पालना गरी खर्च गर्नुपर्ने देखिन्छ।

८. **संघीय कार्यालयको खर्च -** पर्सा राष्ट्रिय निकुञ्जले गरेको जंगल फायरलाईन क्रसकन्ट्री ३९ किलोमिटर साइक्लिङ्ग कार्यक्रमका लागि यस मन्त्रालयबाट रू.१० लाख १ हजार भुक्तानी भएको छ । मन्त्रालयले उक्त निकुञ्जको २०७८।११।१५ को पत्र बमोजिम एक होटल र रिसोर्टको बिल बापतको रकम भुक्तानी गरेको छ । मन्त्रालयसँग यस शीर्षकमा कार्यक्रम नभएको हुँदा पर्सा निकुञ्ज र कोसीटप्पु वन्यजन्तु आरक्षको सहकार्यमा पर्यटन प्रवर्द्धन कार्यक्रमबाट भुक्तानी गरेको छ । कार्यक्रमको मोडालिटी, लागत साझेदारी कार्यविधि, सहभागिता, उपलब्धि लगायतका विषय स्पष्ट नभएको अवस्थामा समेत फरक कार्यक्रमबाट भएको खर्च नियमसम्मत देखिँदैन। मन्त्रालयले स्वीकृत कार्यक्रम बमोजिम उपलब्धि हासिल हुनेगरी खर्च गर्नुपर्दछ।

## डिभिजन वन कार्यालयहरू

९. **बिरुवा उत्पादन, वितरण -** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जारी गरेको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०७८ को दफा ९१ र ९२ मा डिभिजन वन कार्यालयले उत्पादन तथा वितरण गर्ने विरुवाहरूको अद्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट, बारा र पर्साबाट प्राप्त विवरण अनुसार ५० लाख ६३ हजार विरुवा उत्पादन गरी ३१ लाख ९० हजार वितरण गरेको उल्लेख छ। वितरित विरुवाहरूको रोपण, संरक्षण र उपयोगको अनुगमन तथा वितरण गर्न बाँकी विरुवाहरूको अभिलेख व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।

१०. **काठ दाउराको मौज्दात -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २७ मा राजस्वको लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । वन नियमावली, २०७९ को नियम १८ मा राष्ट्रिय वनबाट उत्पादित पैदावारको अनुसूची-६ अनुसारको दरले मूल्याङ्कन गर्नु पर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, बारा र महोत्तरीले घाटगद्दीमा रहेको ७१ हजार ९३२ घन फिट काठको न्युनतम मूल्याङ्कन रू.३ करोड ७२ लाख ८० हजार कायम गरेतापनि आर्थिक विवरणमा सो लाई लगती राजस्व कायम गरेको देखिएन । उत्पादित काठ र दाउराको राजस्व लगत कायम गरी समयमा नै लिलाम गर्नु पर्दछ ।

११. **राजस्व -** वन नियमावली, २०७९ को नियम १८ मा राष्ट्रिय वनबाट उत्पादित पैदावारको अनुसूची-६ अनुसारको न्यूनतम मूल्याङ्कन रकम र नियम २१ बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समितिको कार्ययोजनाले निर्धारण गरे बमोजिम समितिले हस्तान्तरण भएका काठ र दाउराको न्यूनतम रकम, मूल्य अभिवृद्धि कर र सङ्कलन खर्च डिभिजन वन कार्यालयलाई बुझाउनु पर्ने व्यवस्था छ । डिभिजन वन कार्यालयले जिल्ला वन पैदावार आपूर्ति समितिलाई बिक्री गरेको काठ, दाउराको राजस्व डिभिजन वन कार्यालय, बाराले रू.१८ लाख ४० हजार वन पैदावार आपूर्ति समितिको खाता र

डिभिजन वन कार्यालय, रौतहटले रू.१ करोड ८४ लाख ९४ हजार कार्य सञ्चालन कोषमा दाखिला गरेको देखियो । राजस्व खातामा दाखिला गर्नुपर्ने रकम वन पैदावार आपूर्ति समितिको खाता र कार्य सञ्चालन कोषमा रहेको हुँदा उक्त रकम राजस्व खातामा दाखिला हुनुपर्दछ ।

१२. **सम्झौता कार्यान्वयन** - नेपाल विद्युत प्राधिकरणको हेटौंडा-ढल्केवर-दुहवी ४०० के.भी प्रशारण लाईन निर्माण तथा सञ्चालनको लागि प्रशारण लाईन अन्तर्गत पर्ने राइट अफ वे को जग्गा २५ वर्षको लागि लिजमा र टावर निर्माणको लागि स्थायी रुपमा जग्गा दिई सो क्षेत्रमा पर्ने रुखबिरुवा हटाउन सहमति दिने गरी नेपाल सरकारले गरेको निर्णय बमोजिम आयोजना र संघीय वन तथा वातावरण मन्त्रालयबीच सम्झौता भएको छ । उक्त सम्झौतामा डिभिजन वन कार्यालय सर्लाही अन्तर्गत ३.०६४ हेक्टर, डिभिजन वन कार्यालय धनुषा अन्तर्गत ०.७१ हेक्टर र डिभिजन वन कार्यालय वारा अन्तर्गत १.८१ हेक्टर जग्गा स्थायी रुपमा टावर निर्माणको लागि प्रयोग हुने, सो जग्गाको सट्टा उक्त क्षेत्रफलभन्दा कम नहुने गरी आयोजनाले नेपाल सरकारलाई जग्गा सट्टाभर्ना उपलब्ध गराउने र ती जग्गामा प्रति हेक्टर १ हजार ६०० का दरले वृक्षारोपण गरी ५ वर्षसम्म स्याहार सम्भार गरी ततपश्चात जिल्ला वन कार्यालयलाई उपलब्ध गराउने उल्लेख छ । तर आयोजनाले सम्झौता बमोजिमको जग्गा नेपाल सरकारलाई उपलव्ध गराएको छैन । आयोजनाले सम्झौताको कार्यान्वयन गर्नुपर्दछ ।

१३. **सङ्कलन खर्च** - सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७१ को दफा २३ मा आफ्ना उपभोक्ताको घर काजको लागि आवश्यक काठ दाउरा उपलव्ध गराउने र काठ दाउरा वन नियमावली, २०५१ को अनुसूची-२ मा उल्लिखित मूल्यमा लागत खर्च जोडी कायम हुने मूल्य भित्र रहने गरी काठ दाउराको मूल्य निर्धारण गर्नुपर्ने व्यवस्था छ । नेपाल विद्युत प्राधिकरण हेटौडा-ढल्केबर-दुहबी ४०० के.भि.प्रसारण लाईन आयोजनाबीच भएको सम्झौतामा प्रसारण लाईन निर्माण गर्दा हटाउनुपर्ने रुख आयोजनाले आफ्नो खर्चमा कटान मुछान गर्ने उल्लेख छ । त्यसैगरी काठमाडौं-तराई-मधेश द्रुतमार्ग आयोजना र वन विभागबीच भएको सम्झौतामा समेत सोही व्यहोरा उल्लेख छ । सामुदायिक वन उपभोक्ता समुहले आन्तरिक खपत हुने काठ दाउरामा सङ्कलन खर्चसमेत जोडी उपभोक्ताबाट काठ दाउराको मुल्य असुल गर्ने गर्दछ । सामुदायिक वन उपभोक्ता समुहले आफ्नो खर्चमा गर्नुपर्ने कटान मुछान कार्य समेत आयोजनाले गरिदिएकोले कटान मुछानको लागत सामुदायिक वनबाट सोधभर्ना लिई राजश्व दाखिला गर्नुपर्ने देखिन्छ । सो अनुसार आयोजनाले कटान मुछान बापत डिभिजन वन कार्यालय, धनुषा अन्तर्गतका १० सामुदायिक वन उपभोक्ता समितिलाई रू.४२ लाख ८८ हजार, डिभिजन वन कार्यालय, वारा अन्तर्गतका १५ सामुदायिक वन उपभोक्ता समुहलाई रू.८१ लाख ७२ हजार समेत रू.१ करोड २४ लाख ६० हजार उपलव्ध गराएकोमा उक्त रकम सामुदायिक वन उपभोक्ता समुहबाट सोधभर्ना लिई राजश्व दाखिला गर्नुपर्दछ ।

१४. **वन पैदावार बिक्रीको आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय बारा अन्तर्गत ९ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री बापत दाखिला गर्नुपर्ने रू.७२

लाख ५३ हजार दाखिला गरेको छैन । स्थानीय तहको सञ्चित कोषमा उक्त रकम दाखिला गर्नुपर्दछ।

## घरेलु तथा साना उद्योग कार्यालयहरू

१५. **नवीकरण** - प्राईभेट फर्म नवीकरण सम्बन्धी मापदण्ड, २०७१ को नियम ६ मा कार्यालयमा दर्ता भएका उद्योग व्यवसायहरू नियमित रुपमा नवीकरण गर्नुपर्ने व्यवस्था छ। घरेलु तथा साना उद्योग कार्यालय, पर्साबाट प्राप्त विवरण अनुसार १५ हजार १५० उद्योग दर्ता भएकोमा २ हजार ९३० उद्योगको लगत कट्टा भई १२ हजार २२० र घरेलु तथा साना उद्योग कार्यालय, सर्लाहीबाट प्राप्त विवरण अनुसार १३ हजार ३४३ उद्योग दर्ता भएकोमा ३४३ उद्योगको लगत कट्टा भई १३ हजार उद्योग रहेको उल्लेख भएतापनि ती कार्यालयहरूले सञ्चालनमा रहेका उद्योगको लगत अद्यावधिक नगरेको कारण दर्ता भएका उद्योगहरू नवीकरण नभई निस्कृय रहेका उद्योगहरूको विवरण प्राप्त भएन। मन्त्रालयले उद्योग व्यवस्थापन सूचना प्रणालीको विकास गरी सो मार्फत उद्योगको दर्ता, नवीकरण र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ ।

१६. **नवीकरण शुल्क** - प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०७० अनुसार फर्म दर्ता भएको ५ वर्षसम्म बहाल रहने र उक्त अवधि समाप्त भएको ३५ दिनभित्र कार्यालयमा गई नवीकरण गराई सक्नु पर्ने व्यवस्था छ ।उक्त अवधिभित्र फर्म नवीकरण नगराएमा तोकिए बमोजिम थप जरिवाना समेत लाग्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार २०७३।७४ मा दर्ता भई पाँच वर्षभित्र नवीकरण नगराएका घरेलु तथा साना उद्योग कार्यालय, सर्लाहीका ६६ उद्योगवाट रू. ५ लाख ४७ हजार र घरेलु तथा साना उद्योग कार्यालय, पर्साका ७० उद्योग तथा फर्मबाट रू. १४ लाख १५ हजार समेत रू. १९ लाख ६२ हजार नवीकरण शुल्क र जरिवाना असुल गरेको देखिएन । नियमावलीले तोके अनुसारको नवीकरण शुल्क र जरिवना असुल गर्नु पर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालय र मातहत १८ निकायको रू.६ करोड ८१ लाख ७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रू.१४ लाख ८४ हजार फस्यौंट भई रू.६ करोड ६६ लाख २३ हजार बाँकी रहेको छ । सो मध्ये रू. १२ लाख ९५ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

- **पाँच वर्षको कार्यसम्पादन स्थिति**

१. **कानुन तर्जुमा** - प्रदेश सरकार (कार्य विभाजन नियमावली), २०७८ मा उद्योग, पर्यटन र वन तथा वातावरण तर्फ गरी २४ कार्यजिम्मेवारीहरू तोकिएका छन् । सोको कार्यान्वयनका लागि यस मन्त्रालयले ५ वर्षको अवधिमा प्रदेश उद्योग व्यवस्थापन ऐन,२०७७ र प्रदेश वन ऐन २०७७, प्रदेश उद्योग व्यवस्थापन नियमावली २०७८ र विभिन्न ७ कार्यविधि तर्जुमा गरेका छन ।प्रदेश वातावरण ऐन, वन्यजन्तु सम्बन्धी ऐन, प्रदेश वन नियमावली, कार्यक्रमगत अनुदान कार्यविधि लगायतका कानुन एवं कार्यविधिहरू पारित गर्न बाँकी रहेको छ । आवश्यक नीति तथा कानुन समयमा नै तर्जुमा गरी प्रदेश सरकार र मातहतका कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२. **विनियोजन तथा खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ अनुसार मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार पाँच वर्षको अवधिमा यस मन्त्रालयको चालु बजेट रू.५ अर्ब ३० करोड ७५ लाख र पुँजीगत बजेट रू. ७ अर्ब ६१ करोड १९ लाख समेत कुल बजेट रू. १२ अर्ब ९१ करोड ९४ लाख रहेकोमा चालु तर्फ रू.३ अर्ब ४८ करोड ७५ लाख (६६ प्रतिशत) र पूँजीगत तर्फ रू. ३ अर्ब ९७ करोड ८ लाख (५२ प्रतिशत) गरी कुल रू.७ अर्ब ४५ करोड ८३ लाख खर्च भएको छ। विगत ५ वर्षमा औषत ५८ प्रतिशत मात्र खर्च भएको छ । मन्त्रालय र मातहतको कार्यालयको विनियोजन खर्च दक्षता वृद्धि गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

३. **वन मुद्दा र फस्यौंट** - वन ऐन, २०७६ को दफा ६७(१) मा दुईलाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजन वन अधिकृतले विशेष अदालत ऐन, २०५९ बमोजिम कारवाही र किनारा गर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गका डिभिजन वन कार्यालय सिराहा, महोत्तरी, रौतहट, वारा र पर्साबाट प्राप्त विवरण अनुसार दुई वर्ष नाघेका वन पैदावार चोरी निकासी, वन अतिक्रमण, वन्य जन्तुको अबैध शिकार लगायतका गत वर्षको जिम्मेवारी सरि आएका ५५१ र यस वर्ष दर्ता भएका ११९ समेत ६७० मुद्दा टुङ्गो लगाउन बाँकी रहेको छ । तोकिएको अवधिभित्र मुद्दा फस्यौंट गर्नेतर्फ मन्त्रालयको ध्यान जानु पर्ने देखिन्छ ।

४. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९(ग ) बमोजिम वन क्षेत्रको जग्गा फाड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो वनाउन नपाउने व्यवस्था छ । साथै वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधि अपनाई वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा अतिक्रमण हटाउनु पर्ने उल्लेख छ । मन्त्रालय अन्तर्गतका डिभिजन वन कार्यालय रौतहट, महोत्तरी, सिराहा, बारा र धनुषाबाट प्राप्त विवरण अनुसार ती जिल्लाभित्र ११ हजार ५५५ हेक्टर वन अतिक्रमण भएको उल्लेख छ। अतिक्रमण हटाई वन क्षेत्रको संरक्षण गर्नुपर्दछ ।

५. **मुख्य उपलब्धि -** मन्त्रालयले विगत ५ वर्षको अवधिमा मन्त्रालयसँग सम्वन्धित ७ वटा कानून तयार गरेको छ । एक शहिद परिवार एक रोजगार कार्यक्रम अन्तर्गत ६ जनालाई रोजगारी प्रदान गरेको, लक्षित वर्गलाई स्वरोजगारीका लागि सीप तथा प्रविधि हस्तान्तरण लगायत गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत ८ वटै जिल्लामा कार्यक्रम सञ्चालन गरेको, उद्योग दर्ता नविकरण ठाँउसारी आदि सेवा निरन्तर प्रवाह भैरहेको, ३ वटा पर्यटन विकास कार्यालय स्थापना भएको, ८ वटै जिल्लामा १ हजार बढी पर्यटकीय संरचनाहरू निर्माण मर्मत तथा संरक्षण भएको, एक निर्वाचन क्षेत्र एक जलाशय र एक हरित पार्कको कार्यक्रम संचालन भएको, पर्साको ठोरीलाई प्रादेशिक पर्यटकीय क्षेत्र घोषणा भएको, हरित प्रदेश अभियान अन्तर्गत आठ वटै जिल्लामा ३७७.४ हेक्टर वृक्षारोपण, स्थायी वन नर्सरीको स्थापना र औसतमा वार्षिक रू.५० लाख विरुवा उत्पादन, रोपण तथा वितरण र ४८ हजार १६२ हेक्टर वनक्षेत्रमा दिगो वन व्यवस्थापन कार्य प्रदेश भित्रका २५ वटा स्थानीय तहमा समृद्धिका लागि वन कार्यक्रम लागु भएको छ ।

# कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश विधेयक, अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमती, पारित विधेयक राजपत्रमा प्रकाशन, सरकारी र गैरसरकारी विधेयक, प्रदेश न्याय सेवा आयोग, प्रदेश कानुन प्रकाशन एवं मानविय कानुन निर्माण र प्रदेश कानुनको अनुबाद गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालयको विनियोजन रू.७ करोड ३३ लाख ५१ हजार, राजस्व रू. ७० हजार, धरौटी रू. ६ लाख ६८ हजार समेत रू. ७ करोड ४० लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **कानुन निर्माण** - प्रदेश सरकार(कार्य विभाजन) नियमावली २०७८ ले प्रदेश विधेयक, अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा र सहमति तथा स्थानीय तहको कानुनको मस्यौदा तर्जुमामा सहजीकरण र प्रदेश कानुनको एकीकरण र संहिताकरण गर्ने गरी मन्त्रालयको कार्यक्षेत्र तोकेको छ । प्रदेश सरकारबाट जारी भएका कानुन एवं कार्यविधि, निर्देशिकाहरूमा मन्त्रालयले प्रदान गरेको सहमति तथा प्रदेश भित्रका स्थानीय तहको लागि आवश्यक कानुन निर्माणमा सहजीकरण गरेको अभिलेख तयार गरेको छैन । प्रदेशमा तयार गरिने कानुनहरू संविधान र संघीय कानुनसँग नबाझिने गरी तयार गर्न र स्थानीय तहमा समेत संघ र प्रदेश कानुन नबाझिने गरी तयार गर्न सहयोग पुग्ने गरी मन्त्रालयले आफ्नो भूमिका प्रभावकारी बनाउनुपर्दछ ।

२. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ वमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू, त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमवाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेको वित्तीय प्रतिवेदन एवं कार्य सञ्चालनसँग सम्बन्धित वित्तीय प्रतिवेदनहरू उल्लेखित व्यवस्था अनुरुप विद्युतीय माध्यमवाट सार्वजनिक गरेको छैन । वित्तीय प्रतिवेदनहरू सार्वजनिक गरी सूचना प्रवाहित गर्नुका साथै सम्पादित कार्यलाई पारदर्शी समेत वनाउनु पर्दछ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरूले मन्त्रालयहरूमा सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गवाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन, प्रचलित कानुन वमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र उक्त प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतवाट गर्नुपर्ने व्यवस्था छ। तर यस मन्त्रालयले ऐनमा उल्लिखित व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मन्त्रालय र मातहत मन्त्रालयहरूवाट सम्पादन हुने कार्य प्रभावकारी बनाउनु पर्दछ ।

४. **चाडपर्व खर्च -** प्रदेश मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११ मा मुख्यमन्त्री तथा मन्त्रिहरूको निजी सचिवालयमा रहने कर्मचारीहरूलाई चाडपर्व दिने व्यवस्था छैन । मन्त्रालयले मन्त्रीको निजी सचिवालयमा कार्य गर्ने अस्थायी एवंम दरबन्दी वेगरका

११ कर्मचारीलाई २०७९ असारमा चाडपर्व खर्च वापत रू.२ लाख ९१ हजार भुक्तानी दिएको छ। उक्त खर्च पाउने आधार नभएको हुँदा असुल गर्नुपर्दछ।

४.१. **संघीय कार्यालयको लागि सामान खरिद -** मन्त्रालयले न्यायिक निकाय लगायतका कार्यालयको लागि मेशिनरी औजार लगायतका सामाग्री खरिद गरी हस्तान्तरण गर्ने कार्यक्रममा रू.८७ लाख ३५ हजार खर्च गरेको छ । मन्त्रालयले ल्यापटप कम्प्युटर २२ थान, डेसक्टप कम्प्युटर ६७ थान, कलर प्रिन्टर ११ थान र क्यानन प्रिन्टर ४४ थान खरिद गरी प्रदेश भित्रका ३ उच्च अदालत, ३ उच्च सरकारी वकिल कार्यालय, ८ जिल्ला अदालत र ८ जिल्ला सरकारी वकिल कार्यालयलाई हस्तान्तरण गरेको छ । ती निकायबाट मन्त्रालयसँग मालसामान माग गरेको देखिदैन । छुट्टै अस्तित्व र बजेट व्यवस्था समेत भएका संघीय सरकार अन्तर्गतका निकायको लागि सर्वोच्च अदालतसँग समन्वय समेत नगरी सामान खरिद गरी हस्तान्तरण गरेको उपयुक्त देखिएन। मन्त्रालयले आफ्नो क्षेत्राधिकार भित्र पर्ने कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालयको रू. १७ लाख १८ हजार बेरुजु देखिएको छ । प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फस्र्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# खानेपानी तथा उर्जा विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको विद्युत, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना, गुरुयोजनाको तर्जुमा र सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन तथा पिछडिएका वर्गको पहुँच सुनिश्चितता, राष्ट्रिय जलस्रोत नीति तथा प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजना पहिचान, विद्युत वितरण र सेवाको गुणस्तर नियमन, वैकल्पिक उर्जा तथा सोलार उर्जा सम्बन्धी नीति मापदण्ड निर्धारण, प्रदेशका जलस्रोत उपयोग लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ५ निकायको विनियोजन रू.१ अर्ब ४ करोड ८२ लाख ३७ हजार, राजस्व रू.२७ लाख ८४ हजार, धरौटी रू.८ करोड ५८ लाख २९ हजार र अन्य कारोबार रू.४५ लाख ३ हजारसमेत रू.१ अर्ब १४ करोड १३ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **नीति तर्जुमा तथा कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार प्रदेशस्तरको विद्युत, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना, गुरुयोजनाको तर्जुमा र सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन तथा पिछडिएका वर्गको पहुँच सुनिश्चितता, राष्ट्रिय जलस्रोत नीति तथा प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजना पहिचान, विद्युत वितरण र सेवाको गुणस्तर नियमन, वैकल्पिक उर्जा तथा सोलार उर्जा सम्बन्धी नीति मापदण्ड निर्धारण, प्रदेशका जलस्रोत उपयोग सम्बन्धी अन्तर सेवा सञ्चालनमा समन्वय, प्रदेशभित्रको जलस्रोत तथा जलउपयोग र सिंचाई सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायत नीति तर्जुमा हुन बाँकी देखिन्छ। उक्त नीति, रणनीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसकिने मनासिव कारण देखाइ म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुन सक्ने व्यवस्था छ । वित्तीय विवरण पेश नगरेमा प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत हुन सक्ने व्यवस्था छ । मन्त्रालयले केन्द्रीय वित्तीय विवरण तयार नगरेको र म्याद थपको लागि पत्राचार समेत गरेको छैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

३. **केन्द्रीय वित्तीय प्रगति विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयबाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गरी प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारका लागी चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण खानेपानी तथा उर्जा क्षेत्रमा लगानीको उपलव्धिको अवस्था मूल्याङ्कन

गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसारको केन्द्रीय प्रगति विवरण तयार गरी समीक्षा गरी देखिएका समस्याको निरुपण गर्नु पर्दछ ।

४. **वित्तीय जवाफदेहीता र जिम्मेवारी** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयले अद्यावधिक गरेको छैन । ऐनको व्यवस्था अनुसार बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । मन्त्रालयमा यो वर्ष चालुतर्फ ३६.७९ प्रतिशत र पूँजीगततर्फ ५४.३४ प्रतिशत मात्र खर्च भएको छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालनाको सुनिश्चितता गर्न अनुगमन मूल्याङ्कन गरेको देखिएन । तोकिएको जिम्मेवारी पुरा नगरेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

५. **सवारी साधन खरिद** - सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुंदा नं ९ मा चार पाङ्ग्रे सवारी साधन खरिद नगर्ने, मौजुदा सवारी साधन मितव्ययी ढङ्गले मर्मत गरी उपयोग गर्नुपर्ने तथा सवारी साधनको उपयोग र व्यवस्थापन नेपाल सरकारबाट स्वीकृत मापदण्डको अनिवार्य रुपमा पालना गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले मौजुदा सवारी साधनको उपयोग र व्यवस्थापनको सम्बन्धमा यकिन नगरी रू.४ करोड ५२ लाख ८६ हजारका ६ थान चारपाङ्ग्रे सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिदमा प्रचलित मापदण्डको पालना गर्नुपर्दछ ।

६. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)(क) मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० मा बीसलाख रुपैंयाँ भन्दा बढी लागत अनुमान भएको परामर्श सेवा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले विभिन्न जिल्लास्थित खानेपानी संरचना निर्माणको विस्तृत परियोजना प्रतिवेदन तथा लागत अनुमान तयारी कार्य परामर्शदाताबाट गराई १० फर्मलाई रू.६१ लाख ४७ हजारको परामर्श सेवा वापत भुक्तानी गरेको छ । परामर्श सेवाको उपयुक्त प्याकेज बनाई प्रतिस्पर्धा नगराएको, मन्त्रालयबाट कार्य सञ्चालन तहले गर्ने काम गरेको र ती प्रतिवेदनहरू कार्यान्वयन गरेको समेत देखिएन । परामर्शदाताबाट प्राप्त प्रतिवेदनहरू कार्यान्वयन हुनुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

७. **पाइप तथा फिटिङ्गस मौज्दात** - डिभिजन कार्यालयहरूले पाइप खरिद गर्दा विगतको मौज्दातको ध्यान दिई सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी मौज्दात घटाउनुपर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय ससरी, महोत्तरी, सर्लाही र बाराले रू.९ करोड ८३ लाख ९९ हजार मूल्यका विभिन्न साइजका ८६ हजार ८३१ एच.

डि.पि. पाइप जिन्सी खाताबाट खर्च देखाए तापनि योजनाको काममा जडान गरेको नापी किताब पेश नभएको हुँदा खर्च पुष्टि हुने स्थिति छैन । पाइप उपयोगको पुष्टि हुनुपर्दछ ।

त्यस्तै डिभिजन कार्यालय बाराबाट उपलव्ध विवरण अनुसार रू.७ करोड २६ लाख ९६ हजार मूल्यका १ लाख ३८ हजार २५९ मिटर एच.डि.पि. पाइप र रू.२ करोड ७२ लाख ५६ हजार मूल्यका फिटिङ्गसका सामानहरू गत वर्षकै मौज्दात रहेकोमा यो वर्ष समेत रू.१ करोड ७२ लाख ८४ हजारको पाईप तथा फिटिङ्गस खरिद गरेको छ ।त्यस्तै डिभिजन कार्यालय महोत्तरीले यो वर्ष रू.२ करोड २ लाख २३ हजार मूल्यका ५७ हजार ६२१ मिटर एच.डि.पि. पाइप र रू.२ करोड २४ लाख ३८ हजार मूल्यका फिटिङ्गसका सामानहरू बर्षान्तमा मौज्दात रहने गरी खरिद गरेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८. **अधुरा आयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य तथा सो को उपचार सम्बन्धी व्यवस्था छ । डिभिजन कार्यालय सप्तरीबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०६९।७० देखि २०७४।७५ सम्मको अवधिमा सम्झौता भएका तर हालसम्म केही कार्य भएर पनि अधुरै अवस्थामा रहेका १३ आयोजनामा कुल रू.१० करोड ५३ लाख २५ हजारको सम्झौता भएकोमा हालसम्म रू.६ करोड ४४ लाख ७५ हजार खर्च भई ६१.२२ प्रतिशत मात्र प्रगति भएको देखिन्छ ।रुग्ण तथा अधुरा आयोजनाहरूको समस्या समाधान गरी योजना सम्पन्न गर्नुपर्दछ ।

९. **विस्तृत आयोजना प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय सर्लाहीले एकै प्रकृतिको ३ आयोजनामा रू.४१ लाख ६९ हजारको विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा टुक्रागरी खरिद गरेको नियमसँगत देखिदैन। प्रचलित नियमानुसार खरिद गरी तयार गरेका प्रतिवेदनको उपयोग हुनुपर्दछ।

- **बेरुजु स्थिति -** मन्त्रालय र मातहत ४ निकायको रू.७ करोड २३ लाख २० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# गृह तथा सञ्चार मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा मधेश प्रदेश अन्तर्गत शान्ति सुरक्षा कायम राखी अपराध नियन्त्रण, विपद व्यवस्थापन, हातहतियार व्यवस्थापन, सार्वजनिक स्थल, उत्सव, समारोह, अर्धन्यायिक कार्य, सूचना तथा सञ्चार सम्बन्धी कार्य समेत गर्दै अन्तर प्रदेश र संघीय सरकारसँग समन्वय गरी प्रदेशमा सहजता ल्याउने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत २ निकायको विनियोजन रू.४० करोड ४४ लाख ३५ हजार, राजस्व रू.२१ लाख ७४ हजार, धरौटी रू.३ करोड ३३ लाख ८ हजार र अन्य कारोबार रू.१२ करोड २९ लाख २५ हजारसमेत रू.५६ करोड २८ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।यसै गरी अन्य संस्था र समितितर्फ ३ निकायको रू.१० करोड ६ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **बजेट उपयोग** - मन्त्रालयको पुँजीगत बजेट तर्फ यो वर्ष रू.२४ करोड ५६ लाख ३१ हजार विनियोजन भएकोमा रू. १२ करोड ७४ लाख ४८ हजार (५१.८९प्रतिशत) मात्र खर्च गरेको देखिन्छ ।मन्त्रालयले खरिद गुरू.योजना तयार नगरी खरिद कार्य गरेको, समयमै ठेक्का व्यवस्थापन गर्न नसकेको, जनशक्ति अभावका कारण पुँजीगत खर्च न्यून भएको छ ।बजेट कार्यान्वयनमा देखिएका समस्या समाधान गरी विनियोजन दक्षतामा अभिवृद्धि गर्नुपर्दछ ।

२. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । त्यस्तो लगत वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । साथै मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाँभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा उपयोग गरेको छैन । कानुनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गरे, नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित वजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसारको जिम्मेवारी र जवाफदेहिताको पूर्ण रुपमा पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ ।

४. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ मा प्रचलित कानुन वमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमवाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गर्ने केन्द्रीय वित्तीय प्रतिवेदन एवं कार्य सञ्चालनसँग सम्बन्धित वित्तीय प्रतिवेदनहरू उल्लेखित व्यवस्था अनुरुप विद्युतीय माध्यमवाट सार्वजनिक गरेको छैन । वित्तीय प्रतिवेदनहरू सार्वजनिक गरी सूचना प्रवाहित गर्नुका साथै सम्पादित कार्यलाई पारदर्शी समेत बनाउनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूमा सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गवाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन, प्रचलित कानुन वमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र उक्त प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतवाट गर्नुपर्ने व्यवस्था छ । तर यस मन्त्रालयले ऐनमा उल्लेखित व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको देखिएन । सो व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याउदा समेत सुधार भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मन्त्रालय र मातहत कार्यालयहरूवाट सम्पादन हुने कार्य प्रभावकारी बनाउनु पर्दछ ।

६. **संघीय कार्यालयको खर्च -** नेपालको संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूची उल्लेख छ । प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गतका काम गर्ने गरी वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेमा यो वर्ष मन्त्रालयले निम्नानुसारका संघीय कार्यालयका भवन निर्माण र सामग्री खरिद कार्यको लागि रू. ३ करोड ८७ लाख १० हजार खर्च गरेको देखिएको छ ।

**(रू.हजारमा)**

| क्र.सं. | कार्यक्रम | खर्च | व्यहोरा |
|---|---|---|---|
| १ | सशस्त्र प्रहरी गण छिन्नमस्ता वाहिनी | ९९१ | महिला ब्यारेक निर्माण |
| २ | श्रीनाथ गण महेन्द्रनगर | ८०९ | विपद जोखिम न्यूनीकरण अभ्यास |
| ३ | नेपाली सेना ९ नं वाहिनी महोत्तरी | ५५७६ | वाटर रेस्क्यू औजारहरू(मोटर वोट समेत) |
| ४ | नेपाली सेना ९ नं वाहिनी महोत्तरी | ३३९३ | डिजिटल क्यामेरा, सेफ्टी हेलमेट, रेस्क्यू रिङ |
| ५ | सशस्त्र प्रहरी गण | ४४६१ | वाटर रेस्क्यू औजारहरू(मोटर वोट समेत) |
| ६ | सशस्त्र प्रहरी गण छिन्नमस्ता बाहिनी | ३१२२ | वाटर रेस्क्यू औजारहरू(मोटर वोट समेत) |
| ७ | सशस्त्र प्रहरी विभिन्न ठाउमा निर्माण | ८२०८ | विभिन्न ठाउँमा मेश बल्क निर्माण |
| ८ | नेपाली सेना र सशस्त्र प्रहरीलाई प्रदान | ६०३१ | वाटर रेस्क्यु इक्यूपमेन्ट खरिद |
| ९ | सशस्त्र प्रहरीलाई प्रदान | ४७९४ | सर्भिलेन्स सिष्टम तथा सूचना प्रविधि जडान |
| १० | सशस्त्र प्रहरीलाई प्रदान | ३९२ | सवारी साधन खरिद |
| ११ | सशस्त्र प्रहरीको लागि मेस रुम निर्माण | ९३३ | भवन निर्माण |
| **जम्मा** | | ३८७१० | |

प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य प्राप्ति गर्न प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहको लागि खर्च गर्नु पर्दछ ।

७. **जनयुद्ध/बलिदानी दिवस** - मन्त्रालयले जनयुद्धमा सहिद घोषणा भएका परिवारलाई प्रति परिवार रू. ३ लाखका दरले र घाईते भएका परिवारलाई अवस्था अनुसार रू. २५ हजार देखि रू. ३ लाखसम्मको दरले वितरण गरी जनयुद्ध दिवस कार्यक्रमबाट रू. ५ करोड ८ लाख ३० हजार र बलिदानी दिवस कार्यक्रमबाट रू.३ करोड ३७ लाख ९० हजार समेत जम्मा रू. ८ करोड ४६ लाख २० हजार खर्च गरेको छ । शहिद परिवारलाई सम्मानको रुपमा सहयोग गर्दा दीर्घकालीन रुपमा प्रभाव पर्ने गरी रोजगारी सृजना हुने, क्षमता विकास हुने लगायतका कार्य गर्नुपर्दछ ।

८. **शान्ति सुरक्षा खर्च** - मधेश प्रदेश (मन्त्रिपरिषद्) को २०७५।२।१० र २०७७।१२।२४ को निर्णयमा गृह तथा सञ्चार मन्त्रालयका मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षा खर्च वापत मन्त्रीलाई प्रतिपटक रू.३० हजारका दरले मासिक ५ पटक सम्मको रू.१ लाख ५० हजार, राज्यमन्त्रीलाई मासिक रू. १ लाख तथा सचिवलाई एकपटकमा रू. १० हजारका दरले मासिक ५ पटकसम्म रू. ५० हजार, प्रति महिना गरी मासिक रू.३ लाखका दरले नबढ्ने गरी खर्च गर्न पाउने र यस्तो रकम सम्वन्धित अधिकारीले वुझिलिई खर्च गर्न सक्ने तथा विल भरपाई पेश गरी रहनु नपर्ने उल्लेख छ । सो वमोजिम यो वर्ष माननीय मन्त्री तथा राज्यमन्त्रीलाई रू.३० लाख र सचिवलाई रू.६ लाख गरी कुल रू.३६ लाख विल भर्पाइ वेगर खर्च लेखेको छ । अन्य प्रदेशमा यस्तो खर्च गरेको नपाईएको हुदाँ यसलाई औचित्यपूर्ण मान्न सकिएन ।

९. **कम्बल वितरण** - प्रदेश सरकारको विपद व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को दफा १४(ङ) मा प्रदेश भित्र विपदबाट पीडितको अवस्था र संख्यालाई विचार गरी आवश्यक राहत रकम र सामानहरू वितरण गर्नुपर्ने तथा प्रदेश विपद् पिडित उद्धार र राहत सम्बन्धी कार्यविधि तथा मापदण्ड, २०७५ को दफा ११(४) मा राहत वितरण गर्नुपूर्व स्थलगत निरीक्षण गरी जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय समेत गराई मन्त्रालयका मन्त्री वा मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा राहत वितरण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सितलहरबाट प्रभावितलाई वितरण गर्नका लागि ४ हजार ६०० थान कम्वल रू. ४० लाख ४८ हजारमा खरिद गरेकोमा विभिन्न विद्यालय, संस्था, मदरसा, कार्यालयका कर्मचारी तथा मुख्यमन्त्रीका नीजि सचिव लगायतलाई एकमुष्ट रुपमा भर्पाई गराई हस्तान्तरण गरेको छ । कानुनी व्यवस्थाको परिपालना गरी वास्तविक लाभग्राहीले प्राप्त गरेको सुनिश्चित हुनुपर्दछ ।

१०. **सवारी साधन खरिद** - सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड, २०७७ मा नेपाल सरकार वा वैदेशिक ऋणको स्रोतवाट सवारी साधन खरिद नगरिने उल्लेख छ । मन्त्रालयमा ८ गाडी सञ्चालनमा हुँदा हुँदै यो वर्ष थप २ गाडी खरिद गरी रू.१ करोड ९२ लाख ९० हजार भुक्तानी गरेको छ । मन्त्रालयमा मौजुदा रहेका सवारी साधन र सो सवारी साधन प्रयोग गर्ने पदाधिकारी भन्दा वढी हुने गरी सवारी साधन खरिद गर्नु उचित देखिंदैन । यस्ता खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

११. **सवारी खरिद एवं हस्तान्तरण** - प्रदेश प्रहरी कार्यालयका लागि प्रदान गर्न १५० सीसीको १६ मोटरसाइकल खरिद गर्ने कार्यक्रम अनुसार मन्त्रालयले २९ मोटरसाइकल रू.५६ लाख ८१ हजारमा खरिद गरेको छ। ती मोटरसाइकल मध्ये २५ उक्त प्रहरी कार्यालय, २ सशस्त्र प्रहरी बल छिन्नमस्ता, १ कारागार कार्यालय महोत्तरीलाई हस्तान्तरण गरेकोमा १ मन्त्रालयले नै प्रयोग गर्ने गरी राखेको छ ।

मन्त्रालयले यस वर्ष ९ पिकअप भ्यान रू.२ करोड ८५ लाख ६६ मा बोलपत्र मार्फत खरिद गरेको छ । मन्त्रालयले तयार गरेको स्पेशिफिकेशनमा इन्जिन क्यापासिटि, फ्यूल ट्यांङ्की र ग्राउण्ड क्लियरेन्स एक निर्माता कम्पनीसँग मात्र मिल्नेगरी बनाएको उल्लेख गरी एक सप्लायर्सले स्पेशिफिकेशन संशोधनको लागि मन्त्रालयमा निवेदन दिएकोमा मन्त्रालयले अन्य पक्षमा संशोधन गरेतापनि ग्राउण्ड क्लियरेन्समा संशोधन नगरेका कारण एकमात्र सप्लायर्सको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई सोही सप्लायर्ससंग खरिद सम्झौता भएको छ । मन्त्रालयले सवारी साधनको ग्राउण्ड क्लियरेन्स २१० एमएम कायम गरेकोमा बोलपत्र पेश गर्ने अर्को सप्लायर्सले पेश गरेको कागजातमा सवारी साधनको ग्राउण्ड क्लियरेन्स २०० एम एम रहेको देखिन्छ । खरिद कार्य गर्दा प्रतिस्पर्धा एवं मितव्ययितालाई दृष्टिगत गरी खरिद गर्नु पर्दछ ।

१२. **बजेट व्यवस्था -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही गर्न नहुने उल्लेख छ । यस मन्त्रालयले प्रदेश अर्थ मन्त्रालयबाट बजेट सूनिश्चितता र गुरू.योजना स्वीकृत नगरी विगत आर्थिक वर्षमा महिला प्रहरी व्यारेक, तालिम हल र कम्पाउण्ड वाल निर्माण गर्न रू.३ करोड २३ लाख २२ हजारको वहुवर्षीय ठेक्का सम्झौता गरेकोमा यो वर्ष निर्माण व्यवसायीले रू.९६ लाख २७ हजारको दोस्रो रनिङ्ग विल पेश गरेकोमा २०७८।९।२८ मा र २०७९।२।४ मा दुई पटकमा उक्त रकम भुक्तानी गरेको छ । निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७८।७।३१ सम्म रहेकोमा २०७८।११।१० सम्म म्याद थप गरेता पनि निर्माण कार्य सम्पन्न भएको छैन भने ततपश्चात बजेट अभावका कारण म्याद थप नभएको मन्त्रालयले जनाएको छ ।काम सम्पन्न नभएकोले हालसम्म भएको खर्च रू.१ करोड ६२ लाख ९४ हजार उपयोग विहीन भएको छ । बजेट सुनिश्चित गरेर मात्र ठेक्का आव्हान गर्ने र समयमै काम सम्पन्न गर्ने तर्फ मन्त्रालयले ध्यान दिनु पर्दछ ।

१३. **शहिद पार्क निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछि विल वा विजकको आधारमा भुक्तानी दिईने व्यवस्था छ । मन्त्रालयले रौतहटको वृन्दावन नगरपालिका र बारामा शहिद पार्क निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७८।१२।१५ मा २०७९।३।१० सम्म सम्पन्न गर्ने गरी रू.१३ लाख २४ हजारमा सम्झौता गरेको छ । सम्झौतामा दुवै पार्कमा ४/४ शहिदका शालिक राख्नुपर्ने उल्लेख भएकोमा ती शालिकहरू नराखी कार्य सम्पन्न भएको भनी अन्तिम रनिङ विलसम्मको रू.११ लाख १९ हजार भुक्तानी दिएको छ । यसरी सम्झौता बमोजिमको कार्य नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । खरिद सम्झौता बमोजिम कार्य सम्पन्न गर्नुपर्दछ ।

१४. **अनुदान वितरण-** मन्त्रालयले यो वर्ष आमसञ्चार प्राधिकरण, चलचित्र वोर्ड र मिडिया काउन्सिललाई १/१ करोडका दरले अनुदान दिएको छ । ती संस्थाहरूको खातामा रू.४ करोड ३२ लाख ३६ हजार मौज्दात रहेको देखिन्छ । मन्त्रालयले प्रत्येक वर्ष उपलव्ध गराएको अनुदान ती संस्थाहरूले उद्देश्य अनुरुप खर्च नगरी मौज्दात राख्नु उपयुक्त देखिदैन । अतः मन्त्रालयले संस्थाको कार्य क्षमता र आवश्यकताको आधारमा मात्र अनुदान उपलव्ध गराउनु पर्दछ ।

## आम सञ्चार प्राधिकरण

१५. **कार्यविधि निर्माण** - प्रदेश सञ्चार सम्वन्धी ऐन, २०७७ को दफा १५(४) मा प्राधिकरणको कोष सञ्चालन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था छ । सो अनुरुप नियमावली बनाई प्राधिकरणको कोष सञ्चालन सम्वन्धी कार्यविधि तयार गर्नुपर्नेमा गरेको छैन । प्राधिकरणलाई एकमुष्ट रकम अनुदान स्वरुप प्राप्त गरेकोमा समितिले आफैले शीर्षकगत बाँडफाँट गरी खर्च गर्ने गरेको छ । अतः कोष सञ्चालन सम्वन्धी कार्यविधि तयार गरी प्राधिकरणको कोष व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्दछ ।

१६. **पत्रकार वीमा** - मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना विमा कार्यविधि, २०७९ राजपत्रमा २०७९।३।१६ मा प्रकाशन भएको छ । उक्त कार्यविधिको दफा १ को उपदफा २ मा यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुने व्यवस्था छ । सो कार्यविधि प्रदेश सरकारवाट स्वीकृत भएको निर्णय पेश भएको छैन । प्राधिकरणले प्रति विमित रू.७ लाख र स्वास्थ्य विमा वापत प्रतिविमित रू.१ लाख भुक्तानी पाउने गरी मधेश प्रदेशका ८ जिल्लाका १५० जना महिला पत्रकारको दुर्घटना वीमाको प्रिमियम वापत रू.३ लाख ७५ हजार खर्च लेखेकोमा विमित पत्रकारको निवेदन, मधेश प्रदेश सरकारको प्राधिकरणबाट जारी गरिने प्रेस प्रतिनिधि परिचय पत्र, बीमा सम्बन्धी सेवा सुविधा एव/सर्त तथा व्यवस्था, प्राधिकरण र सम्वन्धित बीमा कम्पनीबीच भएको सम्झौता लगायतका कागजात पेश भएन । विमा सम्वन्धी कागजात पेश हुनुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :
  - मन्त्रालयतर्फ रू.६० लाख ९१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रू. ११ लाख ५० हजार फस्यौंट भई रू. ४९ लाख ४१ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।
  - अन्य संस्था, समितितर्फ ३ निकायमा रू.६ लाख ६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ ।यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

- **पाँच वर्षे कार्यसम्पादन स्थिति**

१. **कानुन तर्जुमा** - प्रदेश सरकार (कार्य विभाजन नियमावली), २०७८ मा यस मन्त्रालयलाई प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन नियमन, प्रदेश भित्रको अपराध अनुसन्धान, रोकथाम र नियन्त्रण, स्थानीय प्रशासन, ट्राफिक व्यवस्थापन, कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन, विपद व्यवस्थापन, सञ्चार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन लगायतका जिम्मेवारी तोकिएको छ ।कार्य विभाजन नियमावलीले तोकेको कार्यसम्पादन गर्न ५ वर्षको अवधिमा ७ ऐन, १ नियमावली, १ विनियम, तर्जुमा भएको मन्त्रालयले उल्लेख गरेको छ । मन्त्रालयको कार्यसम्पादनलाई प्रभावकारी बनाउन प्रदेश प्रहरी नियमावली, प्रदेश विपद व्यवस्थापन नियमावली, प्रदेश एफ.एम रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धि नियमावली, प्रदेश अनुसन्धान व्यूरो नियमावली, प्रदेश पदक नियमावली लगायतका कानुन एवं सुचना प्रविधिको विकास सम्बन्धि नीति, मानव बेचविखन तथा लागु औषध नियन्त्रण सम्बन्धि

नीति तर्जुमा गर्न बाँकी रहेको देखिन्छ । आवश्यक नीति तथा कानुन समयमा नै तर्जुमा गरी मन्त्रालय र मातहतका कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२. **विनियोजन तथा खर्च** - मन्त्रालयलाई २०७४।७५ देखि २०७८।७९ सम्म ५ बर्षको अवधिमा कुल बजेट रू.२ अर्ब १० करोड २५ लाख विनियोजन भएकोमा कुल खर्च रू.१ अर्ब ५६ करोड ६२ लाख भएको छ । सो मध्ये चालु तर्फ रू.७१ करोड ६९ लाख पुँजीगत तर्फ रू.८४ करोड ९३ लाख खर्च भएको छ । कुल खर्च मध्ये चालु खर्च ४५.७८ प्रतिशत र पुँजीगत खर्च ५४.२२ प्रतिशत रहेको छ । विगत पाँच वर्षको औषत खर्च ७४.४९ प्रतिशत रहेको छ ।

३. **मुख्य उपलव्धि** - मन्त्रालयले विगत ५ वर्षको अवधिमा मन्त्रालयसँग सम्वन्धित ७ कानुन तर्जुमा गरेको छ । मन्त्रालयले यस अवधिमा आफ्नै भवन निर्माण गरी कार्य सञ्चालन गरेको छ । साथै सुरक्षा निकायका २६० पूर्वाधार निर्माण, १२९ सवारी साधन हस्तान्तरण, कारागार मर्मत सम्भार र फर्निचर तथा पुस्तक हस्तान्तरण, विपद व्यवस्थापन समितिलाई (कोभिड नियन्त्रणका लागि) रू.४ करोड ६० लाख नगद र रू.२ करोड बराबरको सामाग्री हस्तान्तरण र सहिद परिवारलाई नगद वितरण तथा तालिम प्रदान गरेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशभित्रको कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २७ निकायको विनियोजन रू.१ अर्ब ३९ करोड ६९ लाख ३९ हजार, राजस्व रू.१ करोड ३० लाख ५९ हजार, धरौटी रू. ६ करोड ८० लाख ३८ हजार र अन्य कारोबार रू.१ करोड ४५ लाख ६८ हजारसमेत रू.१ अर्ब ४९ करोड २६ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसकिने मनासिव कारण देखाइ म्याद थपको लागि अनुरोध गरेमा सोही ऐनको उपदफा ४ र ६ बमोजिम म्याद थप हुन सक्ने व्यवस्था छ । वित्तीय विवरण पेश नगरेमा प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत हुन सक्ने व्यवस्था छ। मन्त्रालयले केन्द्रीय वित्तीय विवरण तयार नगरेको र म्याद थपको लागि पत्राचार समेत गरेको छैन । ऐनमा भएको व्यवस्था बमोजिम समयमै केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख गरेकोमा समेत सुधार भएको छैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

२. **केन्द्रीय वित्तीय प्रगति विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयवाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गरी प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण कृषि तथा पशु विकास भूमि व्यवस्था तथा सहकारीका क्षेत्रमा गरेको समग्र लगानीको उपलव्धि अवस्थाको मूल्याङ्कन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसारको केन्द्रीय प्रगति विवरण तयार र सोको समीक्षा गरी देखिएका समस्याको निरुपण गर्नुपर्दछ ।

३. **बजेट समर्पण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० मा बजेट समर्पण गर्ने गराउने वित्तीय उत्तरदायित्व मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने उल्लेख छ। त्यस्तै सोही ऐनको दफा २१.३ मा विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमवाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोश्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिसम्म खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ भित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उल्लेखित अवधिमा वजेट समर्पण गराएको देखिएन । मन्त्रालय र मातहतका कार्यालयहरूको लागि यो वर्ष कुल रू.२ अर्ब ६९ करोड ७० लाख ६ हजार वजेट

विनियोजन भएकोमा रू.१ अर्ब ३९ करोड ६९ लाख ३९ हजार खर्च भई कुल वजेटको ५१.७९ प्रतिशत मात्र खर्च भएको छ । चालु तर्फ कुल वजेट रू.१ अर्ब ५५ करोड १४ लाख ७१ हजार वजेट विनियोजन भएकोमा रू.७३ करोड १६ लाख ७८ हजार खर्च भएको छ । एकातर्फ वजेट निर्माणनै यथार्थपरक हुन सकेको छैन भने अर्कोतर्फ समयमै मन्त्रालयले बजेट समर्पण नगर्दा बजेटको ठुलो हिस्सा निष्कृय रहेको देखिन्छ । समयमै बजेट समर्पण नगर्ने नगराउने पदाधिकारीलाई कानुन बमोजिम जिम्मेवार बनाउनु पर्दछ ।

४. **प्रगति मूल्याङ्कन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा सम्बन्धित मन्त्री वा सचिवले आफ्नो मातहतको आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन क्रमशः त्रैमासिक र मासिक रुपमा गर्नुपर्ने व्यवस्था छ । मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीय प्रगति भए/नभएको सम्बन्धमा त्यस्तो नतिजा प्राप्त हुनुको कारण र आधार समेतको समीक्षा गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । मन्त्रालयबाट नै कार्यान्वयन गर्ने गरी स्वीकृत कार्यक्रम मध्ये रू.४१ करोड १ लाखको कार्यक्रमको शून्य प्रगति देखिएको छ । तोकिएको लक्ष्य अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

५. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार मन्त्रालयले उक्त योजना तयार गरेतापनि मध्यमकालीन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाइ लागत, अनुमानित समय र सोवाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरेको छैन । त्यसैगरी ३ आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको संरचना तयार गरेतापनि सोमा कार्यक्रमको प्राथमिकीकरण, लागत र समय खुलाई तयार गर्नुपर्नेमा सो अनुरुप तयार गरेको पाइएन ।

६. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । त्यस्तो लगत वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । साथै मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, पशु, सहकारी लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाँभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरेको छैन ।

सोही ऐनको दफा ५१ मा जिन्सी निरीक्षण गरी लिलाम बिक्री गर्नुपर्ने भनी ठहर्‍याएका मालसामान तोकिएको कार्यविधि अपनाई लिलाम बिक्री गर्नुपर्ने समेत व्यवस्था छ । महालेखा नियन्त्रकको कार्यालयले २०७७।०९।०७ भित्र सबै तहका कार्यालयले जिन्सीको मौज्दात सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा चढाई जिन्सी निरीक्षण फाराम अनिवार्यरुपमा उक्त प्रणालीमा

प्रविष्ट गर्न परिपत्र गरेकोमा यस मन्त्रालयले सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा जिन्सीको अभिलेख राखेको छैन । कानुनमा व्यवस्था भए बमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

७. **नीति कार्यान्वयन-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने काम मध्ये कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर कायम गर्ने, कृषिजन्य र पशुपन्छीजन्य औषधि विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, भूमिव्यवस्थापन, भूमि प्रशासन, जग्गा नापजाँच, भूमिसुधार भू उपयोग तथा चक्लावन्दी सम्बन्धी नीति सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, घरजग्गा रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति, भूमिहिन सुकुम्वासी, दलितमुक्त कमैया, हलिया, हरूवाचरुवा सम्बन्धी प्रादेशिक नीति, सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, सुरक्षित वसोवास र जग्गा एकीकरण सम्बन्धी नीति, गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले माथि उल्लेखित नीतिहरू तर्जुमा गरेको छैन । कार्य विभाजन नियमावली अनुसार तोकिएका जिम्मेवारीहरू पूरा गर्नुपर्दछ।

८. **वित्तीय जिम्मेवारी र जवाफदेहिता-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गरे/नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसारको जिम्मेवारी र जवाफदेहिताको पूर्ण रुपमा पालना भएको देखिएन। ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ ।

९. **फरक कार्य-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ ले निर्दिष्ट गरेका कार्य जिम्मेवारी भन्दा फरक पर्नेगरी कार्य जिम्मेवारी सञ्चालन गर्नु उपयुक्त होइन । कार्य विभाजन नियमावली अनुसार यस मन्त्रालय नीति नियम तर्जुमा तथा अनुगमन, मूल्याङ्कन कार्यमा केन्द्रीत रहनुपर्नेमा कार्यसञ्चालन स्तरका कार्यालयबाट कार्यान्वयन गर्ने प्रकृतिका कामहरू समेत आफैंले सञ्चालन गरेको देखियो । यस सम्बन्धमा मन्त्रालयले पुनरावलोकन गर्नुपर्दछ भनी गतविगत वर्षदेखि औंल्याएकोमा सुधार भएको छैन। मन्त्रालयले मातहतको कार्यालयबाट सम्पादन गर्नुपर्ने प्रकृतिको डिप वोरिङ्ग र ड्रिल वोरिङ्गको कार्य रू.१ करोड ८१ लाख ४० हजार, प्रस्तावमा आधारित अनुदान कार्यक्रम ९ फर्मलाई अनुदान रू.२ करोड ९९ लाख ५२ हजार र ८ जिल्लाका १६९ व्यक्ति, कृषक समूह, फर्मलाई विशेष अनुदान रू.१ करोड ९ लाख ७३ हजार समेत गरी रू.५ करोड ९० लाख ६४ हजार कार्य सञ्चालन गरेको छ । यस्तो कार्यमा नियन्त्रण गरी मातहतका कार्यालयबाट भएको कार्यको अनुगमन गर्नुपर्दछ ।

१०. **क्षेत्राधिकार बाहिरको कार्य -** नेपालको संविधान, २०७२ को अनुसुची ६ मा प्रदेशको अधिकार सूची उल्लेख छ । प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गतका काम गर्ने गरी वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेमा मन्त्रालयले संघीय कार्यालयहरू ३८ मालपोत कार्यालय तथा नापी कार्यालयको लागि ब्राण्डेड डेस्कटप कम्प्युटर ७६ थान र फोटोकपी मेशिन १० थान खरिद गरी रू.९२ लाख ९३ हजार खर्च लेखेको छ । प्रदेश सरकारको क्षेत्राधिकारमा नपर्ने कार्यालयहरूलाई मन्त्रालयले कम्प्युटर तथा फोटोकपी मेशिन खरिद गरी वितरण गर्नु उपयुक्त देखिदैंन । संघीय मन्त्रालयसंग समन्वय समेत नगरी यस प्रकारको खर्च गर्दा दोहोरो खर्च हुन सक्ने सम्भावना रहन्छ । वितरण गरेका सामानहरू सबै कार्यालयहरूले जिन्सी दाखिलाको प्रमाण पेश गरेको छैन । प्रदेश सरकारले क्षेत्राधिकार भित्रका काममा मात्र खर्च गर्नुपर्दछ ।

११. **शीत भण्डार निर्माण -** प्रदेश सरकारको २०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मधेश प्रदेश अन्तर्गतका ८ जिल्लामा ८ वटा शीत भण्डार निर्माण कार्य ८ संस्था मार्फत् गर्ने निर्णय गरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदन अनुसार सो कार्यको लागत अनुमान रू.१ अर्ब ५६ करोड ७७ लाख ८३ हजार रहेको छ । छनौट भएका ८ संस्थाले २०७७।७८ मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायीहरूसँग सम्झौता भएको देखिन्छ । ती संस्था र मन्त्रालयवीचको सम्झौता अनुसार कुल लागत मध्ये ८० प्रतिशत मन्त्रालयबाट र २० प्रतिशत लाभान्वित संस्थाले व्यहोर्नु पर्ने देखिन्छ ।

यो वर्ष शीत भण्डार भवन निर्माणको लागि रू.६ करोड वजेट व्यवस्था भएकोमा धनुषा जिल्लाको एक कृषक समूहलाई रू.८१ लाख ३१ हजार र गत वर्षसम्म जिल्ला सहकारी संघ सप्तरीबाट निर्माणाधीन भवनको लागि रू.१ करोड ५ लाख १५ हजार भुक्तानी भएको छ । सो बाहेक अन्य संस्थालाई हालसम्म भुक्तानी भएको छैन । शीत भण्डार निर्माण गर्न प्रत्येक वर्ष बजेट विनियोजन गर्ने तर निर्माण कार्य नहुनाले वजेट निस्कृय भएको छ । शीत भण्डार निर्माण कार्यको आवश्यकताको पुनरावलोकन गरी निर्माण कार्य समयमै सम्पन्न गराउनु पर्दछ ।

१२. **ड्रिल बोरिङ्ग कार्य -** मन्त्रालयले सार्वजनिक सूचना मार्फत् छनौट भएका आपूर्तिकर्ताबाट छनौट भएका सेवाग्राहीको लागि ड्रिल बोरिङ्ग गर्ने कार्य अन्तर्गत मिथिला नगरपालिका वडा नं.५ का उपभोक्ता समितिका अध्यक्षको जग्गामा ड्रिल बोरिङ्ग गर्न मन्त्रालयले एक आपूर्तकसँग २०७९।२।११ मा सम्झौता गरेको छ । उक्त कार्य सम्पन्न गरेको उल्लेख गरी २०७९।३।२० मा रू.१४ लाख ९९ हजारको विल भर्पाइ पेश गरेको मध्ये कार्यालयले व्यहोर्ने अंश ८५ प्रतिशतले हुने रू.१२ लाख ७४ हजार भुक्तानी गरेको छ । उक्त कार्यको कार्यालयको कर्मचारीसहित स्थलगत अनुगमन गर्दा जडान गरिएको बोरिङ्गवाट पानी नआएको, खरिद गरिएका मोटरपम्प सम्बन्धित स्थानमा जडान गरेको नदेखिएकोले सो लगानी खेर जाने स्थिति रहेको देखियो । सम्झौताअनुसार पानीको सतह फेला पारी पाइप जडान लगायतको कार्य गराउनुपर्नेमा पानी नआउदै पुरै भुक्तानीको सिफारिस गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनु पर्दछ ।

१३. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौता बमोजिमको कार्य सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तिमा २१ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । मन्त्रालयले मातहतका २ कार्यालयका लागि भवन निर्माण गर्न २०७५।११।२४ र २०७६।०७।१९ मा निर्माण व्यवसायीसँग सम्झौता

गरेकोमा २०७९।३।३१ सम्म म्याद थप गर्दा समेत निर्माण कार्य सम्पन्न भएको छैन । ती ठेक्काको सम्झौता रू.६ करोड ११ लाख ४२ हजार मध्ये रू.४ करोड ६७ लाख ७५ हजार भुक्तानी भएको छ । निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन नियम र सम्झौता बमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१४. **मुल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको वाहेक १२ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले कृषि विकास निर्देशनालयको भवन निर्माणको तेस्रो रनिङ्ग विल निर्माण व्यवसायीलाई भुक्तानी गर्दा मुल्य समायोजन वापत रू.२५ लाख ४५ हजार भुक्तानी गरेको छ । बोलपत्र कागजातमा मुल्य समायोजन दिने उल्लेख भएतापनि खरिद सम्झौतामा संलग्न विवरणमा मुल्य सूची भरी पेश गरेको पाइएन । साथै मुल्य समायोजन गणना गरेको कागजात समेत पेश भएन । यसले गर्दा निर्माण व्यवसायीलाई मुल्य समायोजन भुक्तानी गर्न मिल्ने नदेखिएकोले निजलाइ भुक्तानी भएको मुल्य समायोजन र सोमा भुक्तानी भएको मुल्य अभिवृद्धि कर सहित रू.२५ लाख ४४ हजार असुल हुनुपर्दछ ।

१५. **सवारी साधन खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड, २०७७ मा नेपाल सरकार वा वैदेशिक ऋणको स्रोतबाट सवारी साधन खरिद नगरिने उल्लेख छ । मन्त्रालयमा ८ गाडी सञ्चालनमा हुँदाहुँदै यो वर्ष थप १ सवारी साधन खरिद गरी रू.७३ लाख खर्च गरेको छ । मन्त्रालयमा मौजुदा रहेका सवारी साधन र सो प्रयोग गर्ने पदाधिकारी भन्दा बढी हुने गरी सवारी साधन खरिद गर्नु उचित देखिंदैन । यस्ता खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१६. **बैठक भत्ता -** प्रदेश खर्चको मापदण्ड निर्देशिका, २०७७ को नियम १४ मा बैठक भत्ता भुक्तानी गर्ने आधारहरूमा स्पष्ट विषयवस्तु, कार्ययोजना तथा कार्यक्षेत्रगत शर्तको आधारमा बैठक बसेको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगरिने, बैठक कार्यालय समय अघि पछि बसेको हुनुपर्ने तथा कार्यालयको खर्च किफायती हुनुपर्ने उल्लेख छ । मन्त्रालयका पदाधिकारी तथा कर्मचारीले बिहान बेलुका बैठक बसेको व्यहोरा जनाइ यस वर्ष रू.२४ लाख ४२ हजार बैठक भत्ता खर्च लेखेको छ । मन्त्रालयको नियमित विभिन्न कार्यविधि तथा निर्देशिका तयार गर्ने कामको लागि बैठक बसेको, एउटै निकायका कर्मचारीमात्र संलग्न बैठकको लागि समेत भत्ता दिएको जस्ता व्यहोरा देखिएको छ। निर्देशिका प्रतिकुल बैठक बसी भत्ता खर्च लेखेको औचित्यपूर्ण देखिएन ।

# कृषि विकास निर्देशनालय

१७. **कस्टम हायरिङ सेन्टर स्थापना** - कृषि सम्बन्धी बाली वस्तु उत्पादनदेखि भण्डारका गतिविधिमा प्रयोगमा आउने कृषि औजार, उपकरण, यन्त्र तथा मेशिनरीहरू खरिद गरी प्रयोग गर्न नसक्ने कृषकहरूले उक्त उपकरणहरू सहुलियत दरमा भाडामा उपलब्ध गराउने उद्देश्यले स्थानीय तह, सहकारी संस्था तथा कृषिजन्य उद्योगहरूलाई ५० देखि ७५ प्रतिशतसम्म अनुदानमा त्यस्ता उपकरणहरू उपलब्ध गराउन कस्टम हायरिङ सेन्टर स्थापना तथा सञ्चालन विधि, २०७७ अनुसार गतवर्ष कस्टम हायरिङ सेन्टर स्थापना भएकोमा यो वर्ष फलोअप कार्यक्रम अन्तर्गत् ५ संस्थालाई रू.१ करोड १९ लाख ६८ हजार उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन्:

१७.१. कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ को बुँदा १६ मा कस्टम हायरिङ सेन्टर स्थापना लगायतका सेवाहरूमा सेवाग्राही कृषकहरूलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था अनुदानग्राहीसँगको सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । कस्टम हायरिङ सेन्टर स्थापनार्थ मेशिन उपकरणहरू अनुदान प्राप्त गर्ने संस्था र निर्देशनालयबीच भएको सम्झौतामा कृषकहरूलाई चलन चल्ती भन्दा सहुलियत दरमा भाडामा प्रयोग गर्न दिनुपर्ने उल्लेख भएतापनि भाडामा दिने छुट रकम वा प्रतिशत स्पष्ट खुलाएको छैन भने कृषकले सहुलियत दरमा उपकरण, मेसिनहरू भाडामा प्राप्त गरे नगरेको अनुगमन गर्ने संयन्त्र नरहेको र अनुगमन समेत भएको देखिएन । कृषकलाई सहुलियत दिने उद्देश्यले कस्टम हायरिङ सेन्टर स्थापना गरेतापनि कृषकले सहुलियत पाएको सुनिश्चित हुने अवस्था देखिएन । अनुदान प्राप्त गर्ने संस्थासँग सम्झौता गर्दा कृषकले प्राप्त गर्ने सहुलियत दर स्पष्ट खुलाई अनुगमन गर्नुपर्दछ।

१७.२. निर्देशनालयले गत वर्ष स्थापना भएका कस्टम हायरिङ्ग सेन्टरमध्ये ९ सेन्टरलाई फलोअप कार्यक्रमको लागि आह्वान गरेकोमा ४ कृषि सहकारी संस्था मात्र अनुदानको लागि ग्राह्य भएको प्रतिवेदन संलग्न गरी उक्त कृषि सहकारी संस्थालाई मेसिनरी औजार तथा अर्को १ कृषि सहकारी संस्थालाई यन्त्र उपकरण राख्ने सेड निर्माण बापत रू. १२ लाख ४७ हजार अनुदान उपलब्ध गराएको देखियो । विगत वर्ष दिएको अनुदानको फलोअप गरी उद्देश्य अनुसार सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ ।

१७.३. सोही कार्यविधिको बुँदा नम्बर ११ मा कार्यक्रमको आवधिक अनुगमन, पृष्ठपोषण तथा नियमन सम्बन्धी व्यवस्था रहेको छ । कार्यविधि अनुसार मन्त्रालय, निर्देशनालय तथा कार्यालयको अनुगमन टोलीद्वारा कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरिने अनावश्यक रुपमा मेसिन तथा उपकरणहरू दुरुपयोग र बेचबिखन हुन नदिन तथा लाभग्राही समुहलाई अत्यावश्यक अवस्थामा अभाव हुन नदिन र सहुलियत दरमा मेशिनरी उपकरण प्रयोग भए नभएको सम्बन्धमा निरन्तर अनुगमन तथा प्रतिवेदन दिन लगाउने, अनुगमनको क्रममा देखिएका कमजोरी सुधार गर्न सम्वन्धित पक्षलाई समयमै जानकारी गराउनुपर्ने, मोबाइल एप्समा आधारित हेलो ट्याक्टर लगायतका कार्यक्रमहरू सञ्चालन गरिने उल्लेख भएकोमा कार्यक्रमहरू सञ्चालन नभएको तथा अनुगमन समेत भएको पाईएन । कार्यविधिको पालना हुनुपर्दछ ।

१७.४. सोही कार्यविधिको अनुसूची २ मा अनुदानमा उपलब्ध गराउन सकिने औजार तथा यन्त्र उपकरणहरूको सूची रहेकोमा गतवर्ष केही उपकरणहरू उपलब्ध गराएको तथा यसवर्ष

समेत यान्त्रिक उपकरणहरू उपलव्ध गराएको छ । कुल अनुदानको सीमा रू..२ करोड ५० लाखसम्म हुने उल्लेख भएकोमा विभिन्न संस्थाहरूलाई हालसम्म उपलब्ध गराईएका सामग्री तथा कार्यहरूको एकीकृत अभिलेख तयार गरी उक्त सीमाभित्र रहे नरहेको यकिन गरेको छैन । एकीकृत अभिलेख तयार गरी सोको अधिकतम उपयोग भए नभएको विश्लेषण गर्नुपर्दछ ।

## कृषि ज्ञान केन्द्रहरू

१८. **समूह अभिलेख** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ मा क्रियाकलाप छनौट, लागत अनुमान, कार्ययोजना र सम्झौता सम्बन्धी व्यवस्था छ । कृषि ज्ञान केन्द्र धनुषाले छनौट समुह र समुहमा आवद्ध घरधुरीको अभिलेख नराखेको तथा छनौट भएका समूहको लागि उपयुक्त कार्यक्रमहरू छनौट गरी खर्च गर्ने क्रियाकलाप निर्धारण बेगर मल खरिद, विउ खरिद र औजार खरिद गरी विभिन्न कृषकलाई वितरण गरेको देखिन्छ । अनुदान प्राप्त गर्ने कृषकहरू ब्लक कार्यक्रममा समावेश रहे नरहेको समेत खुल्ने अभिलेख वेगर कार्यालयले कृषकलाई जारी गरेको वितरण कुपनको आधारमा यस वर्ष स्थापना भएका ५ सहित विगतदेखिका व्लक निरन्तरताका लागि रू.२ करोड ८५ लाख ४९ हजार खर्च लेखेको छ । म्यानुअल बमोजिम कृयाकलाप छनौट गरी संक्षिप्त कार्ययोजनाको अधिनमा रही लागत अनुमान तयार गरी समूहको नाममा खर्च गर्नुपर्नेमा व्यक्तिका नाममा खर्च लेख्न मिल्ने देखिएन । कार्यविधिको पालना हुनुपर्दछ।

१९. **स्यालो टयुवेल जडान** - कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि,(पहिलो संसोधन) २०७७ मा कार्यक्रम सञ्चालन गर्दा कार्यालयले खरिद गरी वितरण वा प्रयोग गर्ने जिन्सी सामान, उपकरण, मेशिनरी, कृषि सामग्री, पशुधन लगायतका खरिद कार्यमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा व्यवस्था भएबमोजिम खरिद गर्नुपर्ने उल्लेख छ। कृषि ज्ञान केन्द्र धनुषाले कार्यान्वयन गर्ने गरी स्यालो टयुवेल जडान गर्न रू.१ करोड ११ लाख ५० हजार वजेट विनियोजन भएकोमा दररेट मागगर्ने सूचना प्रकाशन गरी सूचिकृत भएका ३ कृषि फर्मबाट काम गराई रू.१ करोड ९ लाख ५१ हजार खर्च लेखेको छ। सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा भएकौं व्यवस्था बमोजिम प्रतिस्पर्धात्मक तवरले बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२०. **अनुदानको उपयोग** - कार्यालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत धान, मकै र तरकारीको ब्लक बिकास कार्यक्रमको लागि विभिन्न कृषक समूह तथा कृषि सहकारी संस्थाहरूसँग लागत साझेदारीमा काम गर्ने गरी कृषि ज्ञान केन्द्र बाराले सम्झौता गरी रू.२ करोड ५३ लाख ७ हजार अनुदान रकम भुक्तानी दिएको छ । उक्त अनुदानबाट कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, रोजगारी वृद्धि जस्ता क्षेत्रमा भएको उपलब्धिको मूल्याङ्कन गरेको देखिएन । अनुदानको उपयोग तथा त्यसबाट प्राप्त लाभ सम्बन्धमा कार्यालयबाट प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ ।

२१. **लागत साझेदारी** - कृषि ज्ञान केन्द्र, बाराले लागत साझेदारीमा कलैया बजारमा कृषि बजार पूर्वाधार निर्माण कार्यको लागि उद्योग बाणिज्य संघ, बारासँग रू.७५ लाख ३० हजारको सम्झौता गरेको छ।

उक्त सम्झौतामा उद्योग बाणिज्य संघले १५ प्रतिशत लागत व्यहोर्ने उल्लेख छ । उक्त संघले व्यहोर्नुपर्ने रू.११ लाख २९ हजार कलैया उपमहानगरपालिकाबाट भुक्तानी भएकोले संघको योगदान शुन्य रहेको देखियो । सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

२२. **स्यालो ट्युवेल-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा २० लाख भन्दा माथिको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र पर्साले स्यालो ट्युबेल जडान गर्न आवश्यक सामान खरिद र जडान खर्च समेतको खरिद प्याकेज बनाई प्रतिस्पर्धात्मक तवरले बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा रू.६४ लाख ७१ हजारको कार्य पटक पटक सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराएको छ । प्रचलित नियमावली अनुसार प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्नुपर्दछ ।

## मत्स्य विकास केन्द्र, फत्तेपुर

२३. **सम्पत्ति संरक्षण** - केन्द्रको परिसरमा रहेका भवनहरूमध्ये ५ भवन उपयोग विहीन अवस्थामा रहेको छ । मर्मत सम्भार गरी उपयोगमा ल्याउन सकिने अवस्थाका ती भवनहरू मर्मत नगरी केन्द्रले कार्यालय परिसरमा रू. ५२ लाखमा एक भवन निर्माण गरिरहेको पाइयो । यसै वर्ष २ वटा डिप टयूवेल जडान गरी रू. १८ लाख २५ हजार खर्च लेखेकोमा ती टयुवेलहरू समेत प्रयोग विहीन अवस्थामा रहेका छन् । यसरी नयाँ जडान भएका ट्युववेल प्रयोग नभई अलपत्र अवस्थामा रहनु र प्रर्याप्त भवन रहेकोमा समेत मर्मत सम्भार नगरी नया भवन निर्माण गर्नु उपयुक्त देखिएन । केन्द्रले आफ्नो सम्पत्तिको संरक्षण गरी उपयोग समेत गर्नुपर्दछ ।

२४. **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । केन्द्रको परिसरमा मत्स्य ह्याचरी निर्माण सुधारका लागि एक निर्माण व्यवसायीसँग २०७९।२।५ मा रू.५२ लाख ३१ हजारमा २०७९।३।२० मा सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा पुरै रकम भुक्तानी भएको देखिन्छ । तर फिल्ड निरिक्षण गर्दा पानीको ओभरहेड टयाङ्की निर्माणतर्फ ४ आइटमको रू.६० हजार र ह्याचरी पोखरी निर्माणतर्फ ५ आइटमको रू.५ लाख ७० हजार समेत रू. ६ लाख ३० हजारको काम सम्पन्न नगरेको अवस्थामा भुक्तानी भएको छ । कामै नगरी भुक्तानी भएको उक्त रकम असुल हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालय र मातहतका २४ निकायको रू.३ करोड ९० लाख ५५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रू.३ लाख ३६ हजार फस्यौंट भई रू.३ करोड ८७ लाख १९ हजार बाँकी रहेको छ । सो मध्ये रू.१८ लाख ९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ

- **पाँच वर्षको कार्यसम्पादन स्थिति**

१. **कानुन तर्जुमा -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ मा मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशभित्रको भूमि व्यवस्था, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, खाद्य पोषण तथा सहकारी

सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका २८ जिम्मेवारी निर्धारण गरिएको छ ।सोको कार्यान्वयनका लागि मन्त्रालयले नीति, तथा कानुन तर्जुमा गर्नुपर्दछ । मन्त्रालय स्थापना पश्चात ५ वर्षको अवधिमा मन्त्रालयसँग समबन्धित २ ऐन र २८ कार्यविधि तथा निर्देशिका तर्जुमा भएको मन्त्रालयबाट प्राप्त विवरणमा उल्लेख छ । मन्त्रालयबाट सम्पादन गर्ने क्रियाकलापलाई व्यवस्थित गर्न यस अवधिमा कुनै नीति बनेको छैन । मन्त्रालयले तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने काम मध्ये कृषि, पशु विकास तथा खद्य पोषण सम्बन्धी प्रदेशिक नीति, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर कायम गर्ने, राष्ट्रिय नीति, कृषि जन्य र पशुपन्छी जन्य औषधि विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमि सुधार भू-उपयोग तथा चक्लावन्दी सम्बन्धी नीति, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, घर जग्गा रजिस्ट्रेसन जग्गा घनि प्रमाण पुर्जा दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति, भूमिहिन सुकुम्वासी दलित मुक्त कमैया हलिया हरवा चरवा सम्बन्धी प्रादेशिक नीति, सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति, गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गर्नुपर्नेमा गरेको छैन ।त्यसैगरी प्रदेश जीवनाशक विषादी ऐन, प्रदेश विउविजन ऐन, प्रदेश मल ऐन लगायतका ऐन तथा सोसँग सम्बन्धित नियमावली तयार गर्न बाँकी देखिन्छ । आवश्यक नीति तथा कानुन समयमा नै तर्जुमा गरी मन्त्रालय र मातहतका कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२. **विनियोजन तथा खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ अनुसार मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार पाँच वर्षको अवधिमा यस मन्त्रालयको चालु बजेट रू.६ अर्ब ९६ करोड १९ लाख र पूँजीगत बजेट रू.४ अर्ब ७९ करोड ८६ लाख समेत कुल बजेट रू.११ अर्ब ७६ करोड ५ लाख रहेकोमा चालु तर्फ रू.३ अर्ब ४२ करोड २२ लाख (४९.१५ प्रतिशत) र पूँजीगत तर्फ रू.२ अर्ब ६५ करोड १७ लाख (५५.२५ प्रतिशत) गरी कुल रू.६ अर्ब ७ करोड ३९ लाख खर्च भएको छ। विगत ५ वर्षमा औषत ५१.६४ प्रतिशत मात्र खर्च भएको छ । मन्त्रालय र मातहतको कार्यालयको विनियोजन खर्च दक्षता वृद्धि गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

३. **अनुदान प्राप्ति र उपयोग -** प्रत्येक वर्ष प्रदेशको आय र व्ययको अनुमान अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रत्येक वर्ष प्रदेश सरकारले आय-व्ययको विवरण पेश गर्दा प्राप्त हुने अनुदान र सोको उपयोगको अवस्था खुलाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले विगत ४ वर्षमा संघीय सशर्त अनुदान वापत प्राप्त गरेको अनुदान र सोको उपयोगको अवस्था निम्नानुसार छः

**(रू.हजारमा)**

| आर्थिक बर्ष | अनुदान | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २०७५।७६ | ५५८२०७ | ३६२८३ | ६.४९ |
| २०७६।७७ | ६४८३०० | २१९७७३ | ३३.८९ |

| | | | |
|---|---|---|---|
| २०७७।७८ | ४०५४०० | २५२९७५ | ६२.४० |
| २०७८।७९ | ४०९१०० | २७५०८० | ६७.२४ |
| | **२०२१००७** | **७८४१११** | **३८.७९** |

मन्त्रालय अन्तर्गत विगत ५ वर्षमा संघीय सशर्त अनुदान रू.२ अर्ब २ करोड १० लाख ७ हजार रकम प्राप्त भएकोमा रू. ७८ करोड ४१ लाख ११ हजार (३८.७९ प्रतिशत) मात्र खर्च भएको छ । कार्यक्रम निर्धारण गरी प्राप्त अनुदानको खर्च नहुँदा कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । त्यसैगरी विनियोजन भएको बजेट खर्च नहुँदा वर्षान्तमा बजेट संघमा नै फिर्ता भएको अवस्था छ । खर्च दक्षतामा वृद्धि गरी तोकिएका कार्यक्रम सञ्चालन हुनु पर्दछ ।

४. **कार्यक्रम कार्यान्वयन र प्रगति-** वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भई प्रस्ताव गरिएका आयोजनाहरूको कार्ययोजना बनाई कार्यसम्पादन गरेर उपलब्धि हासिल गर्नुपर्दछ । यो मन्त्रालय र मातहतका निकायलाइ विगत ४ वर्षमा स्वीकृत विनियोजन बजेट मध्ये रू. ४ अर्ब ७८ करोड ५८ लाख ३० हजार विनियोजित बजेट निष्कृय रहेको छ ।यसरी जुन उद्देश्यको लागि बजेट विनियोजन भएको हो सो उद्देश्यमा खर्च नहुँदा लक्षित उपलव्धि हासिल नहुनुको साथै जनताले सो बापत प्राप्त हुने सेवा सुविधा समेत वाट बञ्चित हुनु परेको छ ।विनियोजन ऐनले तोके अनुसारको कार्यक्रम अनुसारको खर्च समयमै गर्नु पर्दछ

५. **अनुदानको अनुगमन -** मन्त्रालय र मातहतका २६ कार्यालयले विगत ४ वर्षमा देहाय अनुसार अनुदान उपलव्ध गराएको मन्त्रालयवाट प्राप्त विवरणवाट देखिन्छ ।

**(रू.हजारमा)**

| **क.सं.** | **विवरण** | **अनुदान रकम** |
|---|---|---|
| १ | विशेष लाभग्राही लक्षित कार्यक्रम | ३६७६० |
| २ | स्थानीय तह तथा संघीय कार्यालयहरूको सुदृढीकरण लक्षित कार्यक्रम | ६३६०० |
| ३ | ८५ प्रतिशत अनुदान | ६११००० |
| ४ | ७५ प्रतिशत अनुदान | १८१५०० |
| ५ | ५० प्रतिशत अनुदान | १४२२०० |
| ६ | मत्स्य पोखरी निर्माण कार्यक्रम | २४६००० |
| **जम्मा** | | **१२८१०६०** |

उल्लेखित कार्यक्रममा ४ वर्षको अवधिमा मन्त्रालय र मातहत कार्यालयबाट कृषक, कृषि समूह लगायतलाई रू.१ अर्ब २८ करोड १० लाख ६० हजार अनुदान उपलब्ध गराएको छ ।मन्त्रालयले अनुदानवाट उत्पादकत्वमा भएको वृद्धि, कृषकको आयस्तरमा भएको वृद्धि, रोजगारी सृजना लगायतका कार्य भए/नभएको उपलब्धि मूल्याङ्कन गरी उपलब्ध गराउने अनुदानको आवश्यकता अनुसार परिमार्जन गर्नुपर्नेमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरेको पाइएन । अनुदानको उपलब्धिको निरन्तर अनुगमन तथा मूल्याङ्कन हुनुपर्दछ ।

६. **मुख्य उपलब्धि -** मन्त्रालय स्थापनाको ५ बर्षमा मन्त्रालयले २ ऐन र २८ कार्यविधि तर्जुमा गरेको विभिन्न कृषक, सहकारी संस्था र समूह रू.१ अर्ब २८ करोड १० लाख ६० हजार अनुदान वितरण

भएको, नयाँ मत्स्य नर्सरी तथा ह्याचरी निर्माण कार्य भइरहेको, हुलाकी राजमार्ग लक्षित दुध मिसन कार्यक्रम सञ्चालन भई रहेको, कस्टम हायरिङ सेन्टर स्थापनाको कार्य भई रहेको, १२० किलोमिटर कृषि सडक निर्माण कार्य भएको, प्रदेशमा १० मत्स्य नर्सरी र १० ह्याचरी निर्माण भएको, ८८ वटा कृषि बजारको सेड निर्माण भएको, महामारी तथा सरुवा रोग नियन्त्रण, भ्याक्सिनेसन तथा बाली संरक्षण कार्यक्रम सञ्चालन भएको, प्रदेशको ८ जिल्लामा मन्त्रालय मातहतका कार्यालय स्थापना गरी कार्य भइरहेको लगायतका सकारात्मक उपलब्धी हासिल भइरहेका छन् ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको सडक, ऊर्जा, विद्युत, सिँचाइ, र जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका ३० निकायको विनियोजन रू.७ अर्ब ६६ करोड १६ लाख ९९ हजार, राजस्व रू.२ अर्ब ९५ करोड ८ लाख ५५ हजार, धरौटी रू.६६ करोड ६१ लाख १९ हजार र अन्य कारोवार रू.६ हजार समेत रू.११ अर्ब २७ करोड ८६ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **नीति तर्जुमा एवं कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका ऊर्जा, विद्युत, सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रबर्द्धन सम्बन्धी नीति, राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन, यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन विकास, प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास, योजना तर्जुमा र सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा लगायतका कार्य हुन बाँकी देखिन्छ । कार्य विभाजन नियमावलीले तोके अनुसारको नीति, रणनीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा सम्बन्धित मन्त्री वा सचिवले आफ्नो मातहतको आयोजना वा कार्यक्रम र वजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन क्रमशः त्रैमासिक र मासिक रुपमा गर्नुपर्ने व्यवस्था छ । मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीय प्रगति भए/नभएको सम्बन्धमा त्यस्तो नतिजा प्राप्त हुनुको कारण र आधार समेतको समीक्षा गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १९ मा स्वीकृत वजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । मन्त्रालयबाटै कार्यान्वयन गर्ने गरी यो वर्ष विनियोजन भएका रू. २५ करोड १० लाखका विभिन्न ३२ कार्यक्रम सञ्चालन भएको पाइएन । तोकिएको लक्ष्य अनुसारका कार्यक्रमहरू सञ्चालन हुनुपर्दछ ।

३. **कार्य सञ्चालनस्तरका कार्य -** मन्त्रालयले प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ ले निर्दिष्ट गरेका कार्य जिम्मेवारी अनुसारको कार्य गर्नुपर्दछ । उक्त नियमावली अनुसार यस मन्त्रालयको प्रमुख जिम्मेवारीमा प्रदेश लोक मार्ग प्रणाली सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड योजना कार्यान्वयन र नियमन, प्रदेश लोकमार्ग प्रणालीका सडक तथा पुलको मापदण्ड तथा आधार निर्धारण, प्रदेश लोकमार्गको गुरुयोजना, निर्माण, सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन सम्वन्धी प्रादेशिक नीति कानुन मापदण्ड, योजना कार्यान्वयन र नियमन, प्रदेश भित्रको सहरी विकास योजना तर्जुमा, प्रादेशिक तहमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन, प्रादेशिक नदी नियन्त्रण तथा

व्यवस्थापन लगायतका कार्य गर्ने गरी तोकेको छ । नियमावालीले तोकेको कार्यक्षेत्र भित्रका जिम्मेवारी सम्पादन गर्न आवश्यक नीति निर्माण, ऐन नियमको तर्जुमा अनुगमन मूल्याङ्कन जस्ता अभिभावकीय जिम्मेवारीमा मन्त्रालय केन्द्रीत रहनुपर्नेमा मातहतका कार्यालयवाट सम्पादन गर्ने प्रकृतिका कामहरू नाइलन क्रेट, ग्याविियन जाली, जिओ व्याग खरिद लगायतका कार्य गरी मन्त्रालयले रू.६३ लाख ३२ हजार खर्च गरेको छ। सामान खरिद गरी मातहतका कार्यालयमा हस्तान्तरण गरेको, पुल तथा सडक निर्माण, विस्तृत आयोजना प्रतिवेदन तयार गरी मातहतको कार्यालयमा पठाउने लगायतका कार्य गरेको छ । अनुगमन गर्नुपर्ने र नीति नियम तर्जुमा गर्नुपर्ने निकायबाट कार्य सञ्चालनस्तरको कामहरू सञ्चालन भएको सम्वन्धमा कार्यमा पुनरावलोकन हुनुपर्ने व्यहोरा गतविगत वर्षदेखि औंल्याएकोमा सुधार भएको छैन।

४. **बजेट समर्पण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० मा बजेट समर्पण गर्ने गराउने वित्तीय उत्तरदायित्व मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने उल्लेख छ । त्यस्तै ऐनको दफा २१(३) मा विनियोजन ऐनमा समावेश भएको कुनै कार्यक्रम दोश्रो चौमासिकसम्म कार्यान्वयन हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो कार्यक्रमको लागि विनियोजित रकम चैत्र १५ भित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ ।मन्त्रालयको लागी विनियोजन भएको रकम मध्ये रू.२५ करोड १० लाखका योजनाहरू र पूर्वाधार विकास कार्यालय, रौटहट अन्तर्गतका २४ योजनाको लागि रू.२ करोड, पर्सा अन्तर्गत ४७ कार्यक्रमको रू.७ करोड ३६ लाख, सिराहा अन्तर्गत २६ कार्यक्रमको रू.२६ करोडको कार्यक्रम कार्यान्वयन भएको देखिएन । मन्त्रालयले उक्त बजेट सो अवधिमा समर्पण नगर्दा बजेटको ठूलो हिस्सा निष्कृय रहेको देखिन्छ । समयमै बजेट समर्पण नगर्ने नगराउने पदाधिकारीलाई कानुन वमोजिम जिम्मेवार बनाउनु पर्दछ ।

५. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसकिने मनासिव कारण देखाइ म्याद थपको लागी अनुरोध गरेमा उपदफा ४ र ६ वमोजिम म्याद थप हुन सक्ने व्यवस्था छ । वित्तीय विवरण पेश नगरेमा प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत हुन सक्ने व्यवस्था छ । मन्त्रालयले केन्द्रीय वित्तीय विवरण तयार नगरेको र म्याद थपको लागि पत्राचार समेत गरेको छैन । ऐनमा भएको व्यवस्था वमोजिम समयमै केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख गरेकोमा समेत सुधार भएको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

६. **केन्द्रीय वित्तीय प्रगति विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयवाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गरी प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण भौतिक पूर्वाधारको क्षेत्रमा लगानीको उपलव्धिको अवस्थाको मूल्याङ्कन

गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसारको केन्द्रीय प्रगति विवरण तयार गरी समीक्षा गरी देखिएका समस्याको निरुपण गर्नु पर्दछ ।

७. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार मन्त्रालयले उक्त योजना तयार गरेतापनि मध्यमकालीन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाइ लागत, अनुमानित समय र सोवाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको संरचना तयार गरेतापनि सोमा कार्यक्रमको प्राथमिकीकरण, लागत र समय खुलाइ तयार गर्नुपर्नेमा सो अनुरुप तयार गरेको पाइएन ।

८. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । त्यस्तो लगत वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । साथै मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका सडक, भवन, सिँचाइ लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बांकी रकमको लगत तयार गरेको छैन । कानुनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

९. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौंट गर्ने गराउने केन्द्रीय वित्तीय विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गरे/नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित वजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने उल्लेख छ । सो अनुसारको जिम्मेवारी र जवाफदेहिताको पूर्ण रुपमा पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ ।

१०. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूमा सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गवाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन, प्रचलित कानुन वमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र उक्त प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतवाट गर्नुपर्ने व्यवस्था छ । तर यस मन्त्रालयले ऐनमा उल्लेखित व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको देखिएन । यस सम्बन्धि व्यहोरा गत विगत

वर्षको प्रतिवेदनमा औल्याउदा समेत सुधार भएको पाईएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मन्त्रालय र मातहत कार्यालयहरूवाट सम्पादन हुने कार्य प्रभावकारी बनाउनु पर्दछ ।

११. **संगठन तथा व्यवस्थापन सर्भेक्षण -** मन्त्रालय अन्तर्गत सडक डिभिजन कार्यालय सिराहा र रौतहटमा २ कार्यालयहरू रहेका छन् । सडक निर्माण लगायतका पूर्वाधारका कार्य हेर्ने गरी ४ जिल्लामा (२/२ जिल्ला कार्यक्षेत्र रहेको) पूर्वाधार विकास कार्यालय स्थापना भई कार्य गरिरहेको अवस्थामा ती २ कार्यालय स्थापना गर्नुको औचित्य देखिएन । यस सम्वन्धमा मन्त्रालयले प्रशासनिक पुनरावलोकन गर्नुपर्ने देखिएको छ ।

१२. **बसको उपयोग** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा प्रस्तावित योजनाको लागत अनुमान र प्राप्त हुन सक्ने प्रतिफल खुलाइ योजनाको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ । यस मन्त्रालयले जनकपुरबाट राजविराज र वीरगञ्जसम्म प्रदेश परिवहन सेवा सञ्चालन गर्ने भनी गतवर्ष ५ वटा बस खरिद गरी रू.३ करोड ३९ लाख ९० हजार खर्च गरेको छ । खरिद भएका बस २०७९।९।९ मा प्राप्त भएकोमा लामो समयसम्म सञ्चालनमा नल्याई प्रदेश सरकारको २०७८।११।२४ को निर्णयले ती बसहरू प्रदेश कृषि विश्वविद्यालय, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि व्यवसाय सहयोग तथा तालिम केन्द्र र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरेको छ । हस्तान्तरण भएका बसहरू मध्ये प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले बसको प्रयोग गर्ने अवस्था नभएको उल्लेख गरी २०७९।८।९ मा मधेश विश्वविद्यालय, वीरगञ्जलाई बस हस्तान्तरण गरेको छ। साथै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण भएका २ बस समेत लेखापरीक्षण अवधिसम्म पनि नम्वर प्लेट समेत नराखी प्रतिष्ठानको हाताभित्र थन्किएर रहेको पाइयो। आवश्यकताको विश्लेषण नगरी बस खरिद गर्ने र सार्वजनिक सम्पत्तिको उचित प्रयोग तथा संरक्षण नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।



१३. **पेस्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित अवधि भित्र सम्पादन नगरेको कारण पेस्की फस्यौंट हुन नसकेमा बैङ्क जमानतवाट पेस्की रकम प्राप्त गरी फस्यौंट गर्ने र पेस्की रकमको व्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले गेरुखा पिप्रादी सडक अन्तर्गत महोत्तरीको विगीखोलामा ११० मिटर लामो पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।६।२८ मा २०७८।१२।२८ भित्र सम्पन्न गर्नेगरी रू.१३ करोड ८६ लाख ४४ हजारमा सम्झौता गरेको छ। उक्त सम्झौताको म्याद २०८०।३।३० सम्म सचिवस्तरीय निर्णयबाट थप गरेको छ । निर्माण व्यवसायीलाई पटक पटक

गरी रू. १ करोड ५५ लाख २५ हजार पेस्की उपलव्ध गराएको छ । लेखापरीक्षणको क्रममा २०७९।१०।१५ गते मन्त्रालयका प्राविधिक सहितको उपस्थितिमा स्थलगत निरीक्षण गर्दा पुल निर्माणको कार्य शुरुनै गरेको देखिएन । सम्झौताको शुरू म्याद ३० महिना रहेकोमा १५ महिना म्याद थप सहित ४५ महिना अवधि मध्ये ३९ महिना व्यतित हुँदा समेत निर्माण कार्य शुरू नहुनु उचित देखिएन । निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन नियम र खरिद सम्झौता बमोजिम कारवाही गरी निजलाई उपलव्ध गराएको पेस्की रकम व्याज सहित फिर्ता गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१४. **परामर्श खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेट अनुसारको रकम यकिन भएपछि आउने कुल रकममा कार्यालयको व्यवस्थापन खर्च वापत ४ प्रतिशत थप गरी कुल लागत अनुमान तयार गर्नुपर्दछ । मन्त्रालयले नेपाल सरकार र झोलुङ्गेपुल क्षेत्र विकास कार्यक्रम अन्तर्गत मधेश प्रदेशका ८ जिल्लाको निर्माणाधीन झोलुङ्गेपुलको योजना, अनुगमन मुल्याङ्कन र गुणस्तर आश्वस्तताको लागि २ वर्षको परामर्श सेवा खरिद गर्न तयार गरेको लागत अनुमानमा १५ प्रतिशतले हुने ओभरहेड रू.२८ लाख ३८ हजार समावेश गरी रू.३ करोड ५ लाख ८१ हजारको लागत अनुमान स्वीकृत गरेको छ । सो अनुसार परामर्श सेवा खरिदको लागि गरिएको सूचना अनुसार एक परामर्शदाताको रू.३ करोड ५ हजार लागत अनुमानको तुलनामा १.७४ प्रतिशत घटीको आर्थिक प्रस्ताव स्वीकृत गरेको छ । सार्वजनिक खरिद नियमावली अनुसार परामर्श खर्च रू.१ करोड ८९ लाख १७ हजार को ४ प्रतिशतले हुने रू. ७ लाख ५७ हजार मात्र व्यवस्थापन खर्च समावेश गरी लागत अनुमान तयार गर्नुपर्नेमा रू.२८ लाख ३८ हजार ओभरहेड समावेश गरी लागत अनुमान तयार गरेको कारण रू.२० लाख ८१ हजार बढीको लागत अनुमान तयार भएको छ । उक्त नपाउने ओभरहेड घटाउँदा रू.२ करोड ८५ लाखको मात्र यथार्थ लागत अनुमान हुनेमा लागत अनुमान भन्दा परामर्शदाताको रू.३ करोड ५० हजारको आर्थिक प्रस्ताव स्वीकार गर्नाले लागत अनुमान भन्दा रू.१५ लाख ५० हजारको बढीको परामर्श सेवा खरिद गरेको देखियो । लागत अनुमानको तुलनामा सारभूत रुपमा प्रभावग्राही नदेखिएको आर्थिक प्रस्ताव स्वीकृत गरेको नियमसम्मत देखिएन ।

१५. **रिङ्ग रोड निर्माण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा खरिद सम्झौतामा उल्लेखित अवधि भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने, नियम १२० मा म्याद थप गर्न सकिने, १२०क(४) मा म्याद थप सम्बन्धी निर्णय निवेदन प्राप्त भएको ३० दिन भित्र निर्णय गरी सक्नुपर्ने उल्लेख छ । मधेश भवन (जनकपुर चुरोट कारखाना) परिसर भित्र रिङ्ग रोड निर्माण कार्य गर्न एक संयुक्त उपक्रमसँग २०७७।३।२५ मा २०७८।६।२४ सम्म सम्पन्न गर्ने गरी रू. ६ करोड ९७ लाख ६२ हजारको खरिद सम्झौता गरेको छ । सो कार्यको लागि चौथौं रनिङ्ग विलसम्म रू.१ करोड ९३ लाख ४८ हजार भुक्तानी भएकोमा भौतिक प्रगति २० प्रतिशत रहेको छ । उक्त निर्माण कार्यको २०७८।१२।२६ सम्म पहिलो पटक म्याद थप भएकोमा सो अवधिसम्म निर्माण सम्पन्न नगरी निर्माण व्यवसायीले २०७९।४।५ मा पुनः म्याद थपको लागी निवेदन पेश गरेको छ । नियमावलीको व्यवस्था बमोजिम निर्माण व्यवसायीले म्याद सकिनु २१ दिन अगावै म्याद थपको लागि निवेदन नदिएको र मन्त्रालयले निवेदन प्राप्त भएको ३० दिन भित्र म्याद थप गरी सक्नुपर्नेमा सो

गरेको पाइएन । मन्त्रालयले लेखापरीक्षण अवधि २०७९।१०।१४ सम्म म्याद थप गरेको छैन । उक्त सडक निर्माणस्थलमा कुनै प्रकारको अवरोध नरहेकोमा समेत निर्माण व्यवसायीले काममा ढिलाई गरेको देखियो । निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियम र खरिद सम्झौता बमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१६. **मुख्यमन्त्री स्वच्छता अभियान -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत मधेश प्रदेशका पोखरीको सौन्दर्यीकरण, विभिन्न मन्दिरहरू सौन्दर्यीकरण, विभिन्न विद्यालयका शौचालय मर्मत, राम जानकी उद्यान निर्माण लगायतका कार्य गर्न २०७५।७६ देखि २०७७।७८ सम्म ठेक्का सम्झौता भई केही ठेक्काको आंशिक बिल भुक्तानी भैसकेको र केही ठेक्काको भुक्तानी नभएका ४३ ठेक्काको फाइल मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) २०७८।११।२४ को निर्णयबाट यस मन्त्रालयमा हस्तान्तरण भएको देखिन्छ। ती मध्ये ३ वटा ठेक्काको निर्माण कार्य सम्पन्न भएको र बांकी ४० ठेक्का अधुरा रहेको देखिन्छ । हस्तान्तरण भई यस मन्त्रालयमा प्राप्त ठेक्का मध्ये मन्त्रिस्तरीय २०७८।१२।१७ को निर्णयले पूर्वाधार विकास कार्यालय सिराहामा ४ ठेक्का, पूर्वाधार कार्यालय धनुषामा २२ ठेक्का, पूर्वाधार विकास कार्यालय रौतहटमा २ ठेक्का, पूर्वाधार विकास कार्यालय पर्सामा ८ ठेक्का समेत ३६ ठेक्का हस्तान्तरण भएको छ भने ४ ठेक्का मन्त्रालयवाटै कार्यान्वयन हुने गरी निर्णय भएको छ । सम्पन्न हुन बांकी रहेका ४० ठेक्काको सम्झौता रकम रू.१ अर्ब ७५ करोड ८५ लाख ६० हजार भएकोमा गत वर्षसम्म रू.६७ करोड ४१ लाख ६७ हजार भुक्तानी भएकोमा यो वर्ष काम भएको देखिएन । अधुरा ती ठेक्काको सम्झौताको म्याद समाप्त भै सकेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ठेक्काको म्याद थप नभएको, कार्य सम्पादन जमानतको म्याद समाप्त भै सक्दा समेत म्याद थप नगरेको, पेश्की बांकीको लगत नरहेको, पेश्की जमानतको म्याद थप नगरेको र सम्झौता वमोजिम कार्य सम्पन्न नभएकोमा निर्माण व्यवसायीलाई कारवाही समेत भएको देखिएन । यस्ता अधुरा ठेक्का प्रचलित कानुन र निर्माण व्यवसायीको सम्झौता वमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

१७. **बरबुझारथ -** मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११ मा मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि खरिद भएको कार्यालय सामान आफनो कार्यकाल समाप्त भएको ७ दिन भित्र फिर्ता बुझाउनुपर्ने उल्लेख छ । मन्त्रालयले ४ मन्त्रीहरूको स्वकीय सचिब तथा कर्मचारीहरूले बुझेको ल्यापटप, प्रिन्टर, क्यामेरा लगायतका रू. १४ लाख २६ हजारको सामाग्री कार्यकाल समाप्त भए पश्चात फिर्ता गर्नुपर्नेमा फिर्ता गरेको पाइएन । उक्त सामग्री फिर्ता हुनुपर्ने अन्यथा सो बरावरको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

## पूर्वाधार विकास कार्यालयहरू

१८. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिङ्ग विलको भुक्तानी गर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय सिराहा लगायत ४ पूर्वाधार विकास कार्यालयले विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा नापजाँच फरक पारेको, एउटै आईटमको दोहोरो

नापजाँच गरेको, रनिङ्ग बिल भन्दा बढी भुक्तानी गरेको, सामान प्राप्त नगरी भुक्तानी गरेको प्रोभिजनल समबाट बिल भन्दा बढी भुक्तानी गरेको कारणबाट ४१ उपभोक्ता समितिलाई रू.३९ लाख ७५ हजार बढी भुक्तानी गरेको छ । बढी भुक्तानी रकम असुल गर्नुपर्दछ।

१९. **तालिमको नर्म्स -** प्रदेश सरकारद्वारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ ले तालिम तथा कार्यक्रमका लागि नर्म्स निर्धारण गरेको छ। पूर्वाधार विकास कार्यालय सिराहाको ८ वटा तालिम कार्यक्रम सञ्चालन गर्न गैर सरकारी संस्थाहरूलाई जिम्मा दिएकोमा नर्म्स भन्दा बढी रू.२० लाख ९८ हजार भुक्तानी गरेको छ। स्वीकृत नर्म्स भन्दा बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

२०. **जनसहभागिता** - प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम ३(५ग)मा भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रममा कम्तीमा १० प्रतिशत र अन्य कार्यक्रममा कम्तीमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय सिराहा र धनुषा अन्तर्गतका २३ वटा कार्यक्रममा जनसहभागिता वेगर रू.१३ लाख २० हजार उपभोक्ता समिति तथा गैर सरकारी संस्थालाई भुक्तानी गरेको छ। जनसहभागिता वेगरको बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२१. **सीमा भन्दा बढी खर्च -** प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम ४(३) मा कार्यक्रम छनौट गर्दा कम्तीमा ९० प्रतिशत रकम पूर्वाधार निर्माणमा र १० प्रतिशत प्रशासनिक लगायत अन्य कार्यमा खर्च गर्ने गरी छनौट गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, सिरहाले प्रदेश सभा सदस्य ३ जना र पूर्वाधार विकास कार्यालय, धनुषाले प्रेदश सभा सदस्य ७ जना समेत १० जना सदस्यले उल्लेखित व्यवस्थाको पालना नगरी पूर्वाधार निर्माण कार्यमा ९० प्रतिशत भन्दा घटी खर्च गर्ने गरी योजना छनौट गरेको देखियो भने अन्य कार्यमा १० प्रतिशत भन्दा बढी रू.४९ लाख ४५ हजार खर्च गरेको छ। यसरी कानुनी व्यवस्था विपरीत खर्च गरेको रकम नियमसम्मत देखिएन। प्रदेससभा सदस्यहरूले योजना छनौट गर्दा नियमावलीको पालना गर्नुपर्दछ ।

२२. **निर्वाचन क्षेत्र विकास कार्यक्रम -** मधेश प्रदेश अन्तर्गतका पूर्वाधार विकास कार्यालय सिरहा र पर्सा अन्तर्गतका जिल्लामा यो वर्ष कुल प्रदेश सदस्य ५२ अन्तर्गत निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न १ हजार ३२६ वटा योजना तथा कार्यक्रम सञ्चालनबापत रू.२ अर्ब ८९ करोड ८४ लाख खर्च भएको छ। उक्त योजना तथा कार्यक्रममध्ये २९५ वटा मन्दिर, मस्जिद, सामुदायिक भवन र धर्मशाला निर्माणमा रू.२६ करोड ४९ लाख खर्च गरेको छ। यसरी निर्माण भएका मन्दिर, मस्जिद, सामुदायिक भवन तथा धर्मशालामा पटके बजेटका कारण निर्माण कार्य अलपत्र रहेको, प्रत्येक वर्ष सानो र टुक्रा बजेट थप भई कार्यक्रम सञ्चालन हुने गरेको देखिन्छ। निर्मित मन्दिर, मस्जिद तथा भवनहरू अधिकांश प्रयोग विहीन छन्। स्थलगत निरीक्षणको क्रममा समेत धर्मशाला र सामुदायिक भवन सञ्चालन भएको देखिएन। सञ्चालन र हस्तान्तरणको वारेमा स्पष्ट व्यवस्था गरेको छैन। पटक पटक टुक्रा योजना वनाई कार्यक्रम सञ्चालन गर्नुको सट्टा प्रतिफल प्राप्त हुने ठुला आयोजनामा लगानी गर्ने व्यवस्था हुनुपर्दछ ।

२३. **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, सिरहाले ८ वटा उपभोक्ता समितिलाई भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर रू.२० लाख ६४ हजार कट्टी नगरी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२४. **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले आफूले लिएको काम निर्माण व्यवसायीबाट गराउन नहुने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, सिरहाले पकिरा पर्तिदेखि मेहनपुरथान सडक निर्माण कार्यको लागि उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले उक्त काम आफूले नगरी एक निर्माण व्यवसायीबाट गराई रू.७ लाख ८४ हजार र पूर्वाधार विकास कार्यालय, पर्साले बेन्च, कुर्सी टेबल निर्माण कार्यको लागि उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले उक्त काम आफूले नगरी एक निर्माण व्यवसायीबाट गराई रू.४ लाख ९५ हजार समेत रू.१२ लाख ८२ हजार भुक्तानी दिएको छ। आफूले लिएको काम निर्माण व्यवसायीबाट गराउने उपभोक्ता समितिलाई नियमानुसार कारबाही गरी यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२५. **बढि भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ र १० वमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्दछ । पूर्वाधार विकास कार्यालय धनुषाले उपभोक्ता समितिवाट कार्य गराउदा यस वर्षको जिल्ला दररेटको आधारमा स्वीकृत गरेको दर विश्लेषण बमोजिमको दररेट अनुसार सम्झौता गरी कार्य गर्नुपर्नेमा ग्राभेल ढुवानी गरी विच्छ्याउने, माटोपुर्ने र पिसिसी ढलानजस्ता केही आइटममा उपभोक्ता समितिलाई भुक्तानी गर्दा वढी दरले लागत अनुमान तयार गरी २७ उपभोक्ता समितिलाई रू.२५ लाख ४६ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

## जलश्रोत तथा सिंचाइ विकास डिभिजनहरू

२६. **अधुरा योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी कारबाही गर्ने व्यवस्था छ । सम्झौता बमोजिम काम नभएकोमा प्रचलित ऐन बमोजिम कारबाही नभएका केही उदाहरण निम्नानुसार छन्ः

२६.१. जलश्रोत तथा सिंचाई विकास डिभिजन, बारामा साविक वागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना र राष्ट्रपति चुरे संरक्षण विकास समितिबाट जिम्मेवारी सरी आएका रू. ४ करोड ४१ लाख ३४ हजार सम्झौता भएका ६ योजनामा हालसम्म रू. ६५ लाख १४ हजार मात्र भुक्तानी भएकोमा २ योजनामा शुन्य तथा ४ योजनामा १४ देखि ३३ प्रतिशतसम्म मात्र भौतिक प्रगति भएको छ। ती योजनामा निर्माण व्यवसायीलाई दिएको पेस्की रू.५९ लाख ९५ हजार बाँकी रहेको र पेस्की जमानतको म्याद समेत समाप्त भईसकेको छ । ती योजनाहरूको सम्पन्न गर्नुपर्ने म्याद २०७५।३।२० सम्म रहेकोमा ततपश्चात् म्याद थप भएको देखिएन । डिभिजन कार्यालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई अधुरा ठेक्का सम्वन्धमा टुङ्गो लगाउन पटक-पटक पत्राचार गरी

निर्देशन माग गरेता पनि मन्त्रालयले कुनै निर्णय गरेको छैन । मन्त्रालयले अधुरा आयोजनाको निर्माण कार्य सम्पन्न गर्न आवश्यक निर्णय गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२६.२. जलश्रोत तथा सिंचाई विकास डिभिजन सप्तरीमा साविक जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, लाहानबाट जिम्मेवारी सरी आएका रू.१८ करोड ६८ लाख ८० हजार सम्झौता भएका ११ योजनामा रू.११ करोड ५३ लाख ७९ हजार भुक्तानी भएकोमा २ योजनामा शुन्य तथा ९ योजनामा औसत ६१.७४ प्रतिशतसम्म मात्र भौतिक प्रगति भएको छ। ती योजनाहरूको सम्पन्न गर्नुपर्ने म्याद २०७५।३।२५ देखि २०७७।९।३० सम्म म्याद रहेकोमा ततपश्चात् म्याद थप भएको छैन । म्याद थपको लागि भौतिक पूर्वाधार विकास मन्त्रालयमा फाइल पठाएतापनि निर्णय भएको छैन । मन्त्रालयले अधुरा आयोजनाको कार्य सम्पन्न गर्न आवश्यक पहल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२७. **खरिदमा ओभरहेड -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामान खरिदको लागत अनुमान तयार गर्दा ओभरहेड खर्च राख्न पाउने व्यवस्था छैन। जलस्रोत तथा सिचाँई डिभिजन कार्यालय, सप्तरीले प्लास्टिक बोरा खरिद गर्दा ओभरहेड १५ प्रतिशत थप गरी लागत अनुमान तयार गरी सोही अनुसार १५ आपूर्तकबाट मालसामान खरिद गर्दा ओभरहेड बापत रू.१३ लाख ९१ हजार भुक्तानी गरेको छ । नियमावली विपरित सामान खरिदमा ओभरहेड भुक्तानी गर्न मिल्ने देखिदैन ।

## शहरी विकास तथा भवन कार्यालयहरू

२८. **कार्यविधि पालना -** जनता आवास कार्यक्रम कार्यविधि, २०७६ मा जनता आवास निर्माण समिति वा सम्बन्धित लाभग्राहीलाई आवासको जग खन्ने कार्य सम्पन्न भएपछि ३५ प्रतिशत, झ्यालको तल्लो भागको काम सम्पन्न भएपछि थप ५० प्रतिशत र सम्पूर्ण कार्य सम्पन्न भएपछि बाँकी १५ प्रतिशत सम्बन्धितको खातामा रकम उपलब्ध गराउने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, धनुषाले कार्यविधि प्रतिकूल हुने गरी निर्माण समितिलाई सम्झौता हुनासाथ ३५ प्रतिशत र जग खन्ने कार्य सम्पन्न भएपछि थप ५० प्रतिशत पेस्की उपलब्ध गराई रू.१ करोड ८० लाख ५२ हजार खर्च लेखेको छ । कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२९. **आवास योजना** - महेन्द्रनारायण निधि विपन्न आवास कार्ययोजना कार्यविधि, २०७८ मा मधेस प्रदेश भित्रका असहाय, विपन्न, अति विपन्न व्यक्ति वा परिवार लगायत घरबार विहिन लाभग्राही छनौट गरी आवास निर्माण कार्यको डिजाइन र इस्टिमेट स्वीकृत भई सकेपश्चात ३५ प्रतिशत, घरको झ्यालभन्दा तल्लोभाग पुरा गरेपश्चात, दोस्रो किस्ता वापत ५० प्रतिशत र सम्पूर्ण कार्य पूरा भएपश्चात बाँकी १५ प्रतिशत भुक्तानी गरी फरफारक गर्ने उल्लेख छ । मन्त्रिस्तरीय २०७८।१२।०८ को निर्णयबाट प्रत्येक घरको लागि रू.५ लाख ६० हजारको दरले रकम उपलब्ध गराउने निर्णय भए अनुरुप कार्यविधिमा उल्लिखित व्यवस्था अनुसार कार्य सम्पन्न भएपछि भुक्तानी दिनुपर्नेमा शहरी विकास तथा भवन कार्यालय, धनुषाले कार्य सम्पन्न नहुँदै पेस्की उपलब्ध गराइ रू.४ करोड ९१ लाख ७५ हजार खर्च लेखेको कार्यविधि अनुकुल देखिएन । कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३०. **कार्य सम्पन्न प्रतिवेदन -** जनता आवास कार्यक्रम कार्यविधि, २०७६ मा जनता आवास निर्माण समिति वा सम्वन्धित लाभग्राहीले आवासको निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, सप्तरीले उपलव्ध गराएको विवरण वमोजिम सिराहा जिल्लाका ३५ निर्माण समितिलाई रू.९ करोड ९७ लाख ९७ हजार तथा सप्तरी जिल्लाका २५ निर्माण समितिलाई रू.८८ लाख २२ हजार समेत रू.१० करोड ८६ लाख १९ हजार निकासा दिएकोमा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । कार्यविधिमा तोकिए बमोजिम समयमै कार्य सम्पन्न गर्नुपर्दछ ।

३१. **भेरिएशन आदेश -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिए बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्नुपर्ने र उपदफा ३ मा लागत अनुमान स्वीकृत गर्ने अधिकारीभन्दा तल्लो तहको अधिकारीले भेरिएशन आदेश जारी गर्न नहुने उल्लेख छ । शहरी विकास तथा भवन कार्यालय, पर्साले रौतहट तथा पर्सा जिल्लामा ज्येष्ठ नागरिक आवास भवन निर्माणका लागि रू.९ करोड १८ लाख ६१ हजारको लागत अनुमान भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिबबाट स्वीकृत गरी निर्माण व्यवसायीसँग रू.९ करोड ८ लाख ७८ हजारमा सम्झौता भएकोमा सम्झौतामा उल्लेखित विभिन्न आईटमको परिमाणमा थपघट गरी कार्यालय प्रमुखले ४.५२ प्रतिशत थप भेरिएशन आदेश जारी गरी संशोधित सम्झौता रू.९ करोड ४९ लाख ८३ हजार पुगेको छ । उक्त भेरिएसन मन्त्रालयका सचिबबाट स्वीकृत हुनुपर्नेमा निजभन्दा तल्लो तहको अधिकारीले स्वीकृत गरेको नियमसम्मत देखिएन । मन्त्रालयको सचिवबाट भेरिएसन स्वीकृत गरेको प्रमाण पेश हुनुपर्दछ ।

३२. **बोलपत्र मूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४३ (घ) मा बोलपत्र सम्बन्धी कागजातमा निर्माण कार्यको प्राविधिक विवरण उल्लेख गर्दा सार्वजनिक निकायले निर्माण कार्यको हरेक आईटमको अनुमानित परिमाण भएको बिल अफ क्वान्टिटीज खुलाउनुपर्ने र निर्माण कार्यको लागि आवश्यक पर्ने विशेष योग्यता समेत खुलाउनु पर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, पर्साले रौतहट तथा पर्सा जिल्लामा ज्येष्ठ नागरिक आवास भवन निर्माणका लागि तयार गरेको बिल अफ क्वान्टिटीमा अस्लर स्टोन मेशिनरी वर्क सम्वन्धी काम रहेको छैन । तर कार्यालयले वोलपत्र कागजातमा सो कार्यको समेत अनुभव माग गरेको कारण प्राप्त ३ बोलपत्रदाता मध्ये २ को सोही विषयको अनुभव नपुगेको कारण प्राविधिक प्रस्ताव अस्वीकृत गरेको छ ।मूल्याङ्कनको लागि छनौट भएका एकमात्र निर्माण व्यवसायीले पेश गरेको रू. ९ करोड ८ लाख ७८ हजार (लागत अनुमानको तुलनामा १.०७ प्रतिशत घटी) को बोलपत्र स्वीकृत भई सम्झौता भएको छ । साथै लेखापरीक्षणका क्रममा पर्सा जिल्ला, वीरगंज महानगरपालिका, वडा नं.२५ सिर्सियामा निर्मित ज्येष्ठ नागरिक आवास भवनको स्थलगत अवलोकन गर्दा अस्लर स्टोन मेशिनरी वर्कको कार्य भएको देखिएन । यसरी गर्नै नपर्ने कामको अनुभव माग गरी २ बोलपत्र अस्वीकृत गरेको सम्वन्धमा त्यस्तो बोलपत्र कागजात तयार गर्ने, बोलपत्र मूल्याङ्कन गर्ने र स्वीकृत गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालय तथा मातहत २५ निकायको रू.३७ करोड ४४ लाख १३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रू.५५ लाख ६० हजार बेरुजु फस्र्यौट भई रू.३६ करोड ८८ लाख ५३ हजार बाँकी रहेको छ । सोमध्ये रू.१३ करोड २१ लाख ८२ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा छ।

- **पाँच वर्षको कार्यसम्पादन स्थिति**

१. **कानुन तर्जुमा** - प्रदेश कार्य विभाजन नियमावली, २०७८ मा यस मन्त्रालयको प्रमुख जिम्मेवारीमा प्रदेश लोक मार्ग प्रणाली सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड योजना कार्यान्वयन र नियमन, प्रदेश लोकमार्ग प्रणालीका सडक तथा पुलको मापदण्ड तथा आधार निर्धारण, प्रदेश लोकमार्गको गुरुयोजना, निर्माण, सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन सम्बन्धी प्रदेशिक नीति कानून मापदण्ड, योजना कार्यान्वयन र नियमन, प्रदेश भित्रको सहरी विकास योजना तर्जुमा, प्रादेशिक तहमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन, प्रादेशिक नदी नियन्त्रण तथा व्यवस्थापन लगायतका कार्य तोकिएको छ ।सो कार्यान्वयनका लागि मन्त्रालयले नीति, तथा कानुन तर्जुमा गर्नुपर्दछ । यस मन्त्रालयले ५ वर्षको अवधिमा प्रदेशिक सडक ऐन, २०७६ र महेन्द्रनरायण निधि आवास योजना, कार्यान्वयन कार्यविधि, २०७८, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यविधि चौथो संशोधन, २०७९ र उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ गरी एक ऐन र ३ कार्यविधि तयार गरेको छ । मन्त्रालयले प्रादेशिक सवारी यातायात व्यवस्थापन ऐन, जलश्रोत ऐन, जग्गा प्राप्ति एवं प्रादेशिक सडक सञ्जाल गुरुयोजना, सिँचाई गुरुयोजना लगायतका कानुन तर्जुमा गर्न बाँकी रहेका छन । आवश्यक नीति एवं कानुन तर्जुमा गरी मन्त्रालयको कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **विनियोजन तथा खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ अनुसार मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार पाँच वर्षको अवधिमा यस मन्त्रालयको चालु बजेट रू.६ अर्ब ५२ करोड ६५ लाख र पूँजीगत बजेट रू.४२ अर्ब ९४ करोड ६८ लाख समेत कुल बजेट रू.४९ अर्ब ४७ करोड ३३ लाख रहेकोमा चालु तर्फ रू.३ अर्ब ५३ करोड ८७ लाख(५४.२२ प्रतिशत) र पूँजीगत तर्फ रू.२४ अर्ब २२ करोड ९ लाख (५६.४० प्रतिशत) गरी कुल रू.२७ अर्ब ७५ करोड ९६ लाख खर्च भएको छ । विगत ५ वर्षमा औषत ५५ प्रतिशत मात्र खर्च भएको छ । मन्त्रालय र मातहतको कार्यालयको विनियोजन दक्षता वृद्धि गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

३. **अनुदान प्राप्ति र उपयोग** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रत्येक वर्ष प्रदेश सरकारले आय-व्ययको विवरण पेश गर्दा प्राप्त हुने अनुदान र सोको उपयोगको अवस्था खुलाउनुपर्ने, बजेटमा आय-व्ययको अनुमानित विवरण खुलाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले उपलव्ध गराएको विवरण अनुसार विगत ५ वर्षमा संघीय सशर्त अनुदान बापत रू.१ अर्ब ८८ करोड ४७ लाख ९९ हजार उपलब्ध गराएकोमा रू.५८ करोड ९ लाख ८० हजार (३०.८२ प्रतिशत) मात्र खर्च भएको छ । मन्त्रालयले बजेट खर्चको कार्यतालिका निर्माण गरी खर्च गर्न नसकेको कारणले संघीय सशर्त अनुदान फिर्ता भएको छ ।निर्धारित कार्य सम्पन्न गर्ने गरी कार्यसञ्चालन गर्नुपर्दछ ।

४. **निष्कृय बजेट** - वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भई प्रस्ताव गरिएका आयोजनाहरूको कार्ययोजना बनाई कार्यसम्पादन गरेर उपलब्धि हासिल गर्नुपर्दछ । यो मन्त्रालय र मातहतका निकायलाई विगत ५ वर्षमा उपलब्ध गराएको पुँजीगत बजेट मध्ये रू.१८ अर्ब ७२ करोड ५९ लाख खर्च नभई निष्कृय रहेको पाइयो । विनियोजन दक्षता आङ्कलन नगरी बजेट तयार गर्दा सोको कार्यान्वयन हुन सकेको छैन । विनियोजन दक्षतामा अभिवृद्धि गरी निर्धारित कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

५. **मुख्य उपलब्धि** - संघीयताको कार्यान्वयनसंगै प्रदेशमा भौतिक एवं यातायात पूर्वाधार, सिंचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापन लगायत संरचना निर्माण एवं सो सम्बन्धी

अध्ययन अनुसन्धान नीति, कानून, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले स्थापना भएको यस मन्त्रायलयले प्रदेश सरकार र संघीय सरकारवाट प्राप्त स्रोत समेत बाट सडक तथा पूल निर्माण, विभिन्न सिंचाइ आयोजनाको मर्मत तथा निर्माण, नदी नियन्त्रण र सरकारी तथा गैर सरकारी भवन निर्माण लागायतका कार्य गरेको छ । मन्त्रालयले यस अवधिमा १६२ किलोमिटर सडक कालोपत्रे, २५० किलोमिटर सडक पक्की ढलान, ३४ वटा पुल निर्माण, १०८ कल्भर्ट निर्माण, ६ झोलुङ्गे पुल निर्माण, जनता आवास कार्यक्रम अन्तर्गत ८ हजार २३१ घर निर्माण, २८० डिप ट्युवेल जडान, ३३५ नहर तथा कुलो मर्मत, २ हजार ८५० हेक्टर नदी कटान/डुबानबाट खेती योग्य जमीन संरक्षण लगायतका कार्य गरेको छ ।

# महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्थित महिला, बालबालिका तथा युवाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालयको विनियोजन रू.१३ करोड ६० लाख ८१ हजार, राजस्व रू.१ लाख ४७ हजार, धरौटी रू.१८ लाख ७३ हजार समेत गरी रू.१३ करोड ८१ लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

१. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ वमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमवाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गर्ने वित्तीय प्रतिवेदन एवं कार्य सञ्चालनसँग सम्बन्धित प्रतिवेदनहरू उल्लेखित व्यवस्था अनुरुप विद्युतीय माध्यमवाट सार्वजनिक गरेको छैन । प्रतिवेदनहरू सार्वजनिक गरी सूचना प्रवाहित गर्नुका साथै सम्पादित कार्यलाई पारदर्शी समेत वनाउनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका मन्त्रालयहरूमा सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढङ्गवाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन, प्रचलित कानुन वमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र उक्त प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतवाट गर्नुपर्ने व्यवस्था छ । यस मन्त्रालयले ऐनमा उल्लिखित व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मन्त्रालयवाट सम्पादन हुने कार्य प्रभावकारी बनाउनु पर्दछ ।

३. **आवधिक योजना तथा बजेट कार्यान्वयन -** प्रदेश सरकारको चालु आवधिक योजनामा महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतका केही परिमाणात्मक लक्ष्य देहाय अनुसार छन्।

| क्र.सं. | परिमाणात्मक लक्ष्य र सूचकहरू | २०७५।७६ को स्थिति | २०८०।८१ को लक्ष्य |
|---|---|---|---|
| १ | महिला साक्षरता दर | ३९ | ९७ |
| २ | इन्टरनेटमा महिला पहुँच | ८.२ | २५ |
| ३ | राजनीतिक क्रियाकलापमा महिलाको सहभागिता | १९ | ३० |
| ४ | आर्थिक प्रतिष्ठानको निर्णायक तहमा महिला सहभागिता | १९ | ३० |
| ५ | शारीरिक तथा यौन हिंसा भोगेका महिला | ६.१ | ३.० |
| ६ | महिलाहरूको सम्पत्ति माथिको स्वामित्व (घरजग्गा) | १०.७ | २० |
| ७ | छात्रा विद्यालय भर्नादर | ६०.६ | ९९ |
| ८ | बालपोषण कुपोषण दर (५ वर्ष मुनिका ख्याउटेपन) | १४.४ | ७ |
| ९ | युवा बेरोजगारी | ३३.१ | २२ |
| १० | कभर्डहल/रङ्गशाला निर्माण | ६ | १६ |

मन्त्रालयले आवधिक योजनामा यस वर्षका लागि निर्धारित लक्ष्य र सोको हासिल अवस्था सम्वन्धमा मूल्याङ्कन गरी अभिलेखीकरण गरेको छैन । जसका कारण प्राप्त उपलब्धिको विश्लेषण गर्न सकिएन ।

प्रदेशको आवधिक योजनामा सामाजिक उत्तरदायित्व कोष अन्तर्गतको निश्चित रकम महिला सशक्तीकरणमा उपयोग गर्ने नीतिको व्यवस्था गर्ने, जेष्ठ नागरिक संरक्षण नीति तर्जुमा गर्ने र प्रत्येक प्रदेशमा सुविधासम्पन्न वृद्धाश्रम स्थापना गर्ने जस्ता विषयहरूको साथै प्रदेशमा युवा केन्द्र स्थापना गर्ने, प्रादेशिक रंगशाला निर्माण गर्ने, खेलकुदसम्बन्धी अध्ययन तथा विकासका लागि छुट्टै शैक्षिक संस्थाको स्थापना गर्ने, खेल शहरको विकासको साथै प्रदेश सरकारको आवधिक योजनामा समावेश उक्त परिमाणात्मक लक्ष्य हासिल गर्ने विषयहरू वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **दिगो विकासका लक्ष्य -** दिगो विकासको परिमाणात्मक लक्ष्य २०३० को लक्ष्य नम्बर ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्न विभिन्न ६ परिमाणात्मक लक्ष्यहरू किटान गरेको छ । सोका लागि मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ, छोरी शिक्षा बिमा, छात्रालाई साइकल वितरण गर्ने लगायतका कार्यलाई उच्च महत्व दिई कार्यक्रम सञ्चालन गरेको छ। उक्त कार्यक्रमबाट लैङ्गिक समानता हासिल गर्ने अपेक्षा गरिएकोमा उक्त कार्यक्रमले पारेको प्रभाव सम्वन्धमा मूल्याङ्कन भएको छैन ।घरेलु हिंसा, यौन शोषण, दाइजो प्रथा लगायतका विषयमा केन्द्रीत भई कार्यक्रम सञ्चालन हुन सकेको छैन। महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरी दिगो विकास लक्ष्य हासिल गर्न मन्त्रालयले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

५. **जिन्सी दाखिला -** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ४८ मा जिन्सी मालसमान मन्त्रालयमा प्राप्त भएको सात दिनभित्र यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। जिन्सी स्रेस्ता व्यवस्थित गर्न महालेखा नियन्त्रक मन्त्रालयले २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु गरेको छ। उक्त प्रणाली २०७७।७८ देखि अनिवार्य रुपमा प्रयोग गर्नुपर्नेमा अझैपनि मेनुअल खाता राखेको छ। त्यसैगरी जिन्सीको व्यवस्थित अभिलेख नराखेको, खरिद भएका खर्च हुने प्रकृतिका सामान समेत माग फारमबाट खर्च घटाउने गरेको, जिन्सी दाखिला गर्दा स्पेशिफिकेशन, उत्पादक कम्पनी, मूल्य लगायतका विवरण नखुलाएको, जिन्सी निरीक्षण नगरेको, जिन्सीको वार्षिक विवरण तयार नगरेको स्थिति भएकोले जिन्सी सम्बन्धमा सुधार गर्नुपर्ने स्थिति छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोग गरी जिन्सी सम्पत्ति अभिलेखीकरण र संरक्षण गर्नुपर्दछ ।

६. **गुईठा विस्थापन कार्यक्रम -** प्रदेश मन्त्रीस्तरीय निर्णय बमोजिम मधेश प्रदेशमा गुईठावाट आगो बाल्ने कार्यलाई ग्याँस चुल्होको माध्यमबाट विस्थापन गर्नको लागि रू.६० लाख विनियोजन गरेकोमा ग्याँस चुल्हो तथा सिलिण्डर सहितको ८६५ सेट वितरण गर्नेगरी रू.५९ लाख २२ हजारको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा एक आपूर्तकसँग रू.५९ लाख १६ हजारमा २०७९।३।२० मा ५ दिन भित्र सामान आपूर्ति गर्ने गरी खरिद सम्झौता भएको छ । चुल्हो तथा सिलिण्डर लगायतका सामग्री वितरण गर्न लाभग्राही छनौटको कुनै मापदण्ड तथा आधार तयार गरेको छैन। सर्भेक्षण मार्फत घर परिवार पहिचान गरेको उल्लेख गरेतापनि ८६५ घर परिवारलाई वितरण गरेकोमा सर्लाही जिल्लाको वसवरिया गाउँपालिकाको वडा नं. ३ मा मात्र ९० प्रतिशत वितरण गरेको

देखिन्छ। लक्षित वर्ग छनौटको आधार स्पष्ट नभएकोले वितरण प्रकृया पारदर्शी रहेको देखिएन । लाभग्राही छनौटको आधार स्पष्ट गरी पारदर्शी तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७. **कभर्डहल निर्माण कार्य-** धनुषाको क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ७ मा कभर्डहल निर्माणका लागि यस वर्ष २ उपभोक्ता समितिबाट क्रमशः रू.२६ लाख ६७ हजार र रू.५३ लाख ३३ हजार गरी रू.८० लाखको कार्य भएको पाइयो । पहिलो उपभोक्ता समितिले कभर्डहलको डिपिसी सम्मको कार्य गरेको र दोस्रो उपभोक्ता समितिले डिपिसि माथि स्टिल स्ट्रक्चरको काम गरेको छ । कभर्डहलको छाना र हलभित्रका विभिन्न कार्य गर्न बाँकी रहेको कारण हल प्रयोगमा नआएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले उक्त हलहरूको बाँकी कार्यको लागि २०७९।८० मा बजेट बिनियोजन नगरेकोले निर्माण अधुरो नै रही आगामी दिनमा समेत उपयोगमा आउने अवस्था देखिएन । निर्मित संरचनालाई पूर्णता दिई सोको उपयोग गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालयमा रू.१ करोड १७ लाख ६६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मधेश प्रदेश अन्तर्गत व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषण लगायतका कार्य गर्न २०७७।२।२६ मा यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालयको विनियोजन रू.४ करोड ६४ लाख ४३ हजार, राजस्व रू.९ हजार र धरौटी रू.१२ लाख ९९ हजार समेत रू.४ करोड ७७ लाख ५१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **प्रगति मूल्याङ्कन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा सम्बन्धित मन्त्री वा सचिवले आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन क्रमशः त्रैमासिक र मासिक रुपमा गर्नुपर्ने व्यवस्था छ । मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीय प्रगति भए/नभएको सम्बन्धमा त्यस्तो नतिजा प्राप्त हुनुको कारण र आधार समेतको समीक्षा गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । मन्त्रालयबाट नै कार्यान्वयन गर्ने गरी स्वीकृत कार्यक्रम मध्ये उच्चतम प्रतिफल प्राप्त तथा न्युनतम उपलव्धि हासिल भएको कार्यक्रम सम्वन्धमा प्रगति विश्लेषण गरेको देखिएन।

२. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन । मन्त्रालयले कुल विनियोजित रकम रू.१० करोड मध्ये चालु शीर्षकमा २७ प्रतिशत र पुँजीगत शीर्षकमा ६६ प्रतिशत गरी औसतमा ४६ प्रतिशत मात्र खर्च गरेको छ । विनियोजित वजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसारको जिम्मेवारी र जवाफदेहिताको पूर्णरुपमा पालना भएको देखिने गरी अभिलेख मन्त्रालयले राखेको छैन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ ।

३. **सार्वजनिक सम्पत्ति व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका निकाय तथा कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्न परिपत्र गरेको छ । तर यस मन्त्रालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सीको दाखिला गरेको छैन । नियमानुसार विगत देखिकै जिन्सी अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा लेखाङ्कन हुनुपर्दछ । साथै

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

४. **बजेट समर्पण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० मा बजेट समर्पण गर्ने गराउने वित्तीय उत्तरदायित्व मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने उल्लेख छ । त्यस्तै सोही ऐनको दफा २१(३) मा विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिसम्म खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ भित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको लागि विनियोजन भएको रू.१० करोड मध्ये रू.५ करोड ३५ लाखको योजनाहरू कार्यान्वयन भएको देखिएन । मन्त्रालयले उल्लेखित अवधिमा बजेट समर्पण गराएको देखिएन । समयमै मन्त्रालयले बजेट समर्पण नगर्दा बजेटको ठुलो हिस्सा निष्कृय रहेको देखिन्छ । समयमै बजेट समर्पण नगर्ने नगराउने पदाधिकारीलाई कानुन बमोजिम जिम्मेवार बनाउनुपर्दछ ।

५. **क्षेत्राधिकार बाहिरको कार्य -** प्रदेश सरकार (कार्यविभाजन नियमावली), २०७८ अनुसार व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, लगायतका कार्यहरू मन्त्रालयले गर्ने गरी अधिकार तथा जिम्मेवारी निर्दिष्ट गरेको छ । मन्त्रालय र नेपाली सेना श्री नं. ९ वाहिनीबीच २०७९।०१।२८ मा जैविक विविधतातर्फ १२, ऐतिहासिक धरोहर प्रवर्द्धन र सम्बर्द्धनको लागि १८ गरी ३० कार्यक्रमको लागि सम्झौता भएको देखिन्छ । तत्पश्चात  बाहिनीले उक्त ३० कार्यक्रमको लागि प्रस्ताव पेश गरेको छ । सो मध्ये ऐतिहासिक धरोहर प्रवर्द्धन र सम्वर्द्धनका १८ निर्माण कार्यका लागि बाहिनीले लागत अनुमान तयारी, निर्माण व्यवसायीसँग कोटेशन माग र छनौट गरेको छ । सो कार्यक्रम अन्तर्गत मन्दिर तथा चैत्य मर्मत सम्भार, पार्क, विश्रामस्थल निर्माण, बगैचा निर्माण, शौचालय निर्माण लगायतका कार्य गरेको छ। सबै कार्यहरूको लागत अनुमान करिब रू. १० लाख रहेको छ भने लागत अनुमान हाराहारीको नै सम्झौता भएको छ । निर्माण कार्यको नापचाँज तथा मूल्याङ्कन वाहिनीबाट गरी भुक्तानीका लागि मन्त्रालयलाई सिफारिस गरेको छ।  मन्त्रालयले बाहिनीको सिफारिसको आधारमा रू.१ करोड ६३ लाख ८० हजार भुक्तानी दिएको छ । एकातर्फ प्रदेश सरकार (कार्यविभाजन) नियमावली भन्दा बाहिरको कार्य मन्त्रालयबाट गरेको देखिन्छ भने अर्कोतर्फ सो काम नेपाली सेना मार्फत गराउनु नियम सम्मत देखिएन । कार्य विभाजन नियमावली अनुसारका कार्य मात्र मन्त्रालयबाट सञ्चालन हुनुपर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालयको रू.१ लाख २६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ  ।

# सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको विश्वविद्यालय, उच्च शिक्षा, स्वास्थ्य सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकहितसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत ३१ निकायको विनियोजन रू.५ अर्ब २७ करोड ८७ लाख ९७ हजार, राजस्व रू.२ करोड ५५ लाख ५८ हजार, धरौटी रू.११ करोड ४७ लाख ५३ हजार र अन्य कारोवार रू.३४ करोड ७२ लाख ७२ हजार समेत रू.५ अर्ब ७६ करोड ६३ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । त्यसैगरी अन्य संस्था र समितितर्फ ७ निकायको रू. ३ अर्ब २४ करोड ४१ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसकिने मनासिव कारण देखाइ म्याद थपको लागि अनुरोध गरेमा सोही ऐनको उपदफा ४ र ६ बमोजिम म्याद थप हुन सक्ने तथा वित्तीय विवरण पेश नगरेमा प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत हुन सक्ने व्यवस्था छ । मन्त्रालयले केन्द्रीय वित्तीय विवरण तयार नगरेको र म्याद थपको लागि पत्राचार समेत गरेको छैन । ऐनमा भएको व्यवस्था बमोजिम समयमै केन्द्रीय वित्तीय विवरण तयार गर्नुपर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख गरेकोमा समेत सुधार भएको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

२. **केन्द्रीय वित्तीय प्रगति विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयवाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गरी प्रगति कम भएको देखिएमा सो को कारण पहिचान गरी सुधारका लागी चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण सामाजिक विकासको क्षेत्रमा लगानीको उपलव्धिको अवस्थाको मूल्याङ्कन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसारको केन्द्रीय प्रगति विवरण तयार गरी सो को समीक्षा मार्फत देखिएका समस्याको निरुपण गर्नु पर्दछ ।

३. **सम्पत्तिको एकीकृत विवरण** -प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । त्यस्तो लगत वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । साथै मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । संघीय सरकार

अन्तर्गत रहेका स्वास्थ्य र शिक्षा लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाँभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण गर्नुपर्नेमा सोको लगत तयार गरेको छैन ।

महालेखा नियन्त्रक कार्यालयले २०७७।०९।०७ भित्र सबै तहका कार्यालयले जिन्सीको मौज्दात सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा चढाई जिन्सी निरीक्षण फाराम अनिवार्यरुपमा उक्त प्रणालीमा प्रविष्ट गर्न परिपत्र गरेकोमा यस मन्त्रालयले सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा जिन्सीको अभिलेख राखेको छैन । कानुनमा व्यवस्था भए बमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४. **जिम्मेवारी कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ मा यस मन्त्रालयको कार्य जिम्मेवारी तोकिएको छ । नियमावलीमा तोकिएका कार्यहरू मध्ये शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण र अनुमति तथा नियमन, प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन, प्रदेशस्तरमा संग्रहालय सम्बन्धी नीति, कानुनी, मापदण्ड कार्यान्वयन र नियमन, प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवं पाठ्यपुस्तक निर्माण र उत्पादन, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, गुणस्तर, मापदण्ड योजना कार्यान्वयन र नियमन, श्रम वजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना लगायतको काम मन्त्रालयले गरेको पाईएन। कार्यविभाजन नियमावलीले तोके बमोजिमका कार्यहरू मन्त्रालयबाट सम्पादन हुनुपर्दछ ।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन । मातहतका कार्यालयले सम्पादन गरेको कार्यको अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौंट गर्ने गराउने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गरे/नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित वजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने उल्लेख छ। सो अनुसारको जिम्मेवारी र जवाफदेहिताको पूर्ण रुपमा पालना भएको देखिने अभिलेख मन्त्रायलयले राखेको छैन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूमा सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गवाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन, प्रचलित कानुन वमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र उक्त प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतवाट गर्नुपर्ने व्यवस्था छ । यस मन्त्रालयले ऐनमा उल्लिखित व्यवस्था बमोजिम त्यस्तो प्रणाली तयार गरी लागू गरेको देखिएन । सो प्रणाली तयार गरी मन्त्रालय र मातहत कार्यालयबाट सम्पादन हुने कार्य प्रभावकारी बनाउनु पर्दछ ।

७. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोवारको तोकिए वमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । मन्त्रालयले २०७६।७७ मा कोरोना रोग नियन्त्रण तथा उपचारको लागि एक बैङ्कमा रू.२५ करोड जम्मा गरी कोरोना रोग नियन्त्रण कोष स्थापना गरेकोमा गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार उक्त कोषमा २०७८ असार मसान्तसम्म रू.८ करोड ५० लाख ८४ हजार बाँकी रहेको देखिन्छ । मन्त्रालयले यो वर्ष उक्त कोषको वित्तीय विवरण तयार नगरेको तथा लेखापरीक्षण समेत नगराएकोले २०७९ असार मसान्तको मौज्दात यकिन गर्न सकिएन । उक्त कोष प्रदेश लेखा नियन्त्रक कार्यालयको दायरा भन्दा वाहिर रहेकोले सो लाई प्रदेश लेखा नियन्त्रक कार्यालयको दायरामा ल्याई लेखापरीक्षण गराउनुपर्दछ ।साथै सो कोषमा मौज्दात रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

८. **अनुदानको अनुगमन -** यो वर्ष मन्त्रालयले प्रदेश कृषि विश्वविद्यालयलाई रू. ३१ करोड ७५ लाख ९७ हजार अनुदान उपलव्ध गराएको छ । उपलब्ध गराएको अनुदानवाट उक्त विश्वविद्यालयले गरेको कार्य, खर्च एवं हासिल गरेको प्रगतिको अनुगमन मन्त्रालयवाट भएको छैन । अनुगमन नहुँदा अनुदान रकमको उपयोग सम्वन्धमा विश्लेषण गर्न सकिएन । अनुदानको उपयोग सम्बन्धमा नियमित अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ ।

९. **सवारी साधन खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड, २०७७ मा नेपाल सरकार वा वैदेशिक ऋणको स्रोतवाट सवारी साधन खरिद नगरिने उल्लेख छ । मन्त्रालयमा चालु अवस्थामा ६ गाडी हुँदा हुँदै यो वर्ष रू.९८ लाख ८० हजारमा १ गाडी खरिद गरेको छ । गाडी प्रयोग गर्ने पदाधिकारी भन्दा वढी हुने गरी गाडी खरिद गर्नु उपयुक्त होइन । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **बैठक भत्ता -** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १४ मा बैठक भत्ता भुक्तानी दिने आधारहरूमा स्पष्ट विषयवस्तु, कार्ययोजना तथा कार्यक्षेत्रगत शर्तको आधारमा बैठक बसेको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारीमात्र बस्ने बैठकमा भत्ता प्रदान नगरिने, बैठक कार्यालय समय अघि पछि बसेको हुनुपर्ने तथा कार्यालयको खर्च किफायती हुनुपर्ने उल्लेख छ । मन्त्रालयका पदाधिकारी तथा कर्मचारीले विभिन्न ऐन, नियम, कार्यविधि तर्जुमा तथा बजेट निर्माण गर्न बिहान बेलुका मन्त्रिस्तरीय बैठक बसेको व्यहोरा जनाई रू.३१ लाख ३६ हजार बैठक भत्ता बुझेको पाइयो । मन्त्रालयको नियमित कामको लागि बैठक बसेको, एकै निकायका पदाधिकारीको बैठक भत्ता भुक्तानी लिएको व्यहोरा देखिएको छ । यस्तो बैठक भत्ता भुक्तानीको औचित्य पुष्टि हुनुपर्दछ ।

११. **दरबन्दी र पदपूर्ति -** प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ मा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति हुनुपर्ने व्यवस्था छ । मन्त्रालयको स्वीकृत ५४ दरबन्दी मध्ये आयूर्वेद चिकित्सक आठौं, जनस्वास्थ्य अधिकृत आठौंमा १।१ जनाको दरबन्दी रहेकोमा २।२ जना कार्यरत रहेको, मेडिकल अधिकृत दशौं, कम्प्युटर अधिकृत, डेन्टल सर्जन, नर्सिङ्ग पाचौंमा दरबन्दी नरहेकोमा समेत एक एक कर्मचारी राखी स्वीकृत दरबन्दी भन्दा ७ जना कर्मचारी बढी राखी यो वर्ष रू. ५१ लाख ४ हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

## स्वास्थ्य निर्देशनालय

१२. **स्वीकृत दरवन्दी र पदपूर्ति -** निर्देशनालयबाट उपलव्ध विवरण अनुसार विभिन्न पदको ३५ दरवन्दी स्वीकृत रहेकोमा १९ पदमात्र पदपूर्ति भई १६ पद रिक्त रहेको छ । प्रमुख जनस्वास्थ्य अधिकृत, वरिष्ठ आयुर्वेद विज्ञ, लेखा अधिकृत, लेखापाल लगायतका पद रिक्त रहेका छन् । सेवा प्रवाहसँग प्रत्यक्ष संलग्न हुने पदहरू रिक्त रहँदा निर्देशनालयको सेवाप्रवाहमा असर पर्ने हुँदा रिक्त पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१३. **सवारी साधन भाडा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ मा अन्य सेवाको लागत अनुमान तयार गर्दा प्रचलित जिल्ला दररेटलाई आधार मान्नुपर्ने व्यवस्था छ । धनुषा जिल्लाको स्वीकृत जिल्ला दर अनुसार जीप, कारको दैनिक भाडादर इन्धन बाहेक रू.३ हजार १२० रहेको छ। प्रचलित जिल्ला दर भन्दा बढी दरमा सोझै सम्झौता गरी दैनिक रू. १० हजारदेखि रू.१५ हजारसम्मको दरमा सवारी साधन भाडामा लिइ यो वर्ष रू. ४६ लाख ३६ हजार गाडी भाडा खर्च लेखेको छ । निर्देशनालयमा २ सरकारी सवारी साधन रहेको र तालिममा सहभागीहरूलाई छुट्टै भ्रमण खर्च तथा यातायात खर्च भुक्तानी दिएको अवस्थामा प्रत्येक तालिम कार्यक्रमका एक जना कार्यक्रम संयोजकको लागि गाडी भाडा लिई भाडा खर्च लेखेको औचित्यपूर्ण देखिएन ।

१४. **सूचना प्रकाशन तथा प्रशारण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र ११ मा कुनै खरिद कार्य गर्नु अगाडि लागत अनुमान तयार गरी खरिदको उपयुक्त विधि छनौट गरी कार्य गराउनुपर्ने व्यवस्था छ । निर्देशनालयले राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार कार्यक्रमवाट सन्देशमूलक सूचनाहरू प्रकाशन र प्रशारण गरेवापत विभिन्न पत्रपत्रिका, एफ.एम. रेडियो तथा टेलिभिजनहरूलाई रू.१८ लाख ७९ हजार भुक्तानी गरेको छ । सञ्चार माध्यमहरूबाट दररेट लिई लागत अनुमान तयार गरी प्रतिस्पर्धा गराई खर्च लेख्नुपर्नेमा प्रतिस्पर्धा वेगर सोझै भुक्तानी दिएको छ । सुचना प्रकाशन तथा प्रशारण मितव्ययिता हुनेगरी खर्च गर्नुपर्दछ ।

## प्रदेश स्वास्थ्य तथा आपूर्ति व्यवस्थापन केन्द्र

१५. **उपकरणको खरिद तथा व्यवस्थापन -** केन्द्रले प्रदेश अन्तर्गतका जिल्ला अस्पतालहरूको मागको आधारमा उपकरणहरू खरिद गरी उपलव्ध गराउने व्यवस्था छ । तर केन्द्रले जिल्ला अस्पतालको माग वेगर नै संघीय मन्त्रालय र प्रदेश मन्त्रालयले तोकी दिएको कार्यक्रमको आधारमा मेडिकल उपकरणहरू खरिद गरी मातहत अस्पतालहरूलाई उपलब्ध गराउने गरेको छ । सो व्यवस्था अनुरुप यो वर्ष उक्त केन्द्रले रू. ५० करोड ७८ लाख ८२ हजारका मेडिकल औजार, उपकरण खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

१५.१. उपकरण जडान पश्चात उपकरण सञ्चालन लगायतका विषयमा आपूर्तकले तालिम प्रदान गरेपछि मात्र भुक्तानी गर्नुपर्नेमा सामान प्राप्त भएपछि प्राविधिकद्वारा गरिने निरीक्षण प्रतिवेदनमा जडान भएपछि भेरीफाई हुने भनी उल्लेख भएको आधारमा भुक्तानी गर्ने गरेको छ । यसरी खरिद भएको लामो समयसम्म पनि उपकरण जडान नहुनु र आपूर्तकले पुरै रकम भुक्तानी पाउनु उपयुक्त देखिएन। यस वर्ष खरिद भई भारदह, गौर लगायतका ६ अस्पतालमा हस्तान्तरण भएका रू.२ करोड ६६ लाख

६८ हजारको १६ थान हेमोडाइलासिस मेसिन, गौर अस्पतालमा हस्तान्तरण भएको रू.२६ लाख ६५ हजारको एच.वि.ए.वानसि मेसिन, सिराहा अस्पतालमा हस्तान्तरण भएको रू.१९ लाख ४७ हजारको पूर्ण स्वचालित क्लिया मेशिन, प्रादेशिक अस्पताल जनकपुरमा रू.१ करोड २८ लाख ३७ हजारको डिआर एक्सरे मेशिन प्रयोग विहीन अवस्थामा अस्पतालमा रहेको पाईयो । यसैगरी स्वास्थ्य संस्थामा हस्तान्तरण गर्न खरिद भएको रू.१ करोड २४ लाख २ हजारको पूर्ण स्वचालित हेमाटोलोजी एनालाईजर, इलेक्ट्रोलाईट मेशिन र ल्याप्रोस्कोपी सर्जरी सेट केन्द्रमा नै मौज्दात रहेको छ । उपकरणहरू खरिद भै सकेपछि प्रयोगमा नआउँदा सोबाट सर्वसाधारणले पाउने सेवाबाट वञ्चित हुनुपरेको छ भने प्रयोग विहीन अवस्थामा उपकरण राख्दा टुटफुट भै क्षति पुग्न जाने देखिएकोले ती सामाग्री अविलम्व जडान गरी सञ्चालन गर्नुपर्दछ ।

१५.२. लाहान अस्पतालको लागि केन्द्रले रू.५० लाख बराबरको ३ थान हेमोडायलायसिस मेसिन खरिद गरी २०७९।३।२७ मा हस्तान्तरण गरेकोमा उक्त मेशिन जडान नभई अस्पतालको स्टोरमा थन्किएको छ । साथै केन्द्रले २०७८।७९ मा रू.२ करोड ६ लाख ७६ हजारमा १ थान इन्टिग्रेटेड वेस्ट म्यानेजमेन्ट सिष्टम २०७९।८।११ मा अस्पताललाई हस्तान्तरण गरेकोमा अस्पतालले सो जडान गरेकोमा पुनः २०७९।८।२६ मा रू.३४ लाख ६५ हजारको अर्को एक वेष्ट म्यानेजमेन्ट सिष्टम पठाएकोमा सो जडान नभई मौज्दात राखेको पाइयो । वास्तविक आवश्यकता पहिचान एवं यकिन नगरी सामान मौज्दातमा राख्ने गरी खरिद गर्नु उपयुक्त देखिदैन ।

१५.३. केन्द्रले हेमोडायलायसिस मेसिन, पिसिआर मेसिन, ब्लड कल्चर सिष्टम, एक्सरे मेसिन, एनेस्थेसिया मेसिन,बायोकेमेस्ट्री एनालाईजर,अक्सिजन कन्सन्ट्रेटर लगायतको रू.२ करोड ५८ हजारका विभिन्न १३ उपकरण खरिद गरी २०७८।७९ मा भारदह अस्पतालमा हस्तान्तरण गरेकोमा सो अस्पतालको स्थलगत निरीक्षण गर्दा त्यस्ता उपकरण जडान गरेको पाईएन। वास्तविक आवश्यकता यकिन नगरी सामान मौज्दातमा राख्नेगरी खरिद गर्नु उपयुक्त देखिएन ।






१५.४. केन्द्रले पटक पटक विभिन्न शीर्षकबाट खरिद गरेका सामान मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको कोभिड अस्थायी अस्पतालमा पठाएको छ । सम्बन्धित निकायबाट आवश्यकताको पहिचान नहुदै सामान खरिद हुने र खरिद भईसकेपछि हुने निरीक्षण प्रतिवेदनमा सामान जडान भईसकेपछि भेरीफाई हुने उल्लेख गरी आपूर्तकलाई भुक्तानी दिई आई.सि.यु.बेड लगायतका विभिन्न प्रकारका रू. १८ करोड ३८ लाख ६१ हजारका उपकरण हस्तान्तरण गरेको छ । खरिद गरेका सामान उपयोगमा आए नआएको यकिन नगरी सामान खरिद गर्दै हस्तान्तरण गर्नु मनासिव देखिदैन ।

१६. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । केन्द्रले आइरन चक्की १ करोड ४१ लाख ट्यावलेट खरिद गर्न ४ फर्मवाट दरभाउपत्र लिएकोमा ३ फर्मले प्रति ट्यावलेट रू.०.९० उल्लेख गरेकोमा एक फर्मले प्रति ट्यावलेट रू.३.५० उल्लेख गरेकोले औसत लागत अनुमान प्रति ट्यावलेट रू. १.५५ मा २० प्रतिशत घटाई प्रति ट्यावलेट रू.१.२४ कायम गरेको पाइयो । केन्द्रले गत वर्ष प्रति ट्यावलेट रू.०.८९ मा खरिद गरेकोमा लागत अनुमान तयार गर्दा सो मुल्यलाई ध्यान दिएको देखिएन । जसले गर्दा वजारमा रू.०.९० मा पाइने ट्यावलेटको रू.१.२४ को दरले लागत अनुमान तयार गर्दा प्रति ट्यावलेट रू. ०.३४ ले १ करोड ४१ लाख ट्यावलेटको रू.४७ लाख ९४ हजार बढी हुने गरी लागत अनुमान स्वीकृत गरेको छ । बोलपत्रको माध्यमबाट १ करोड ४१ लाख ट्यावलेट प्रति ट्यावलेट रू.१.१५ का दरले खरिद गरी रू.१ करोड ६२ लाख १५ हजार खर्च लेखेको छ । नियमका सबै आधार लिई लागत अनुमान तयार नगरेका कारण गत वर्षको तुलनामा रू.३६ लाख ६६ हजार बढी व्ययभार परेको देखिन्छ । प्रचलित नियमावलीले तोके अनुसार यथार्थपरक ढंगले लागत अनुमान तयार गर्नुपर्दछ ।

१७. **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८३ मा औषधि र उपकरण खरिद गर्दा रू.२५ लाखदेखि ५० लाखसम्म सिलवन्दी दरभाउपत्रको माध्यमवाट र रू.५० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ । केन्द्रले बर्थिङ सेन्टरको लागि औषधि र उपकरण ५ टुक्रामा रू.४४ लाख ९४ हजारको र पौष्टिक आहार ६ टुक्रामा रू.५४ लाख २५ हजार समेत रू.९९ लाख १९ हजारको सोझै खरिद गरेको छ । केन्द्रले नियमावली विपरित सोझै खरिद गरेको नियमित देखिएन ।

१८. **विशेष परिस्थितिमा खरिद -** केन्द्रले विशेष परिस्थितिजन्य कारण जनाई मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको लागि अक्सिजन प्लान्ट र अक्सिजन ट्याङ्क खरिद गर्न रू. ३ करोड ८० लाखको लागत अनुमान स्वीकृत गरी २०७८।५।२ मा ७ दिनको म्याद दिइ सूचना प्रकाशन गरेकोमा २०७८।५।२० मा २१ दिन भित्र सामान आपूर्ति गर्ने गरी एक प्रा. लि. को रू.३ करोड ७२ लाख ५० हजारको कबोल अङ्क स्वीकार गरी सम्झौता भएको छ । आपूर्तकले २०७८।६।१३ मा सामान आपूर्ति गरेको उल्लेख गरी पुरै रकम भुक्तानी गरेको छ । केन्द्रको प्रतिनिधि सहित २०७९।११।१४ मा स्थलगत निरीक्षण गर्दा उक्त अक्सिजन प्लान्ट र अक्सिजन ट्याङ्क जडान नभएकोले प्रयोग विहीन अवस्थामा रहेको पाइयो । जसले गर्दा विशेष परिस्थिति उल्लेख गरी तत्काल खरिद गर्नुको औचित्य देखिएन । उक्त प्रतिष्ठानमा विगत देखि मौजुदा रहेको अर्को एक अक्सिजन प्लान्ट समेत उपयोगमा आएको छैन । आवश्यकता निर्धारण नगरी खरिद गर्ने र खरिद भएका सामानको सदुपयोग नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

१९. **अभिलेख व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको जिन्सी मालसामानको स्रेस्ता महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ। प्रदेश स्वास्थ्य तथा आपूर्ति व्यवस्थापन केन्द्रले प्रादेशिक अस्पताल कलैयालाई यो वर्ष ७ प्रकारका औषधि रू.८ लाख ५३ हजार हस्तान्तरण

गरेकोमा उक्त औषधि अस्पतालमा दाखिला नभई आपूर्ति केन्द्रलाई फिर्ता पठाएकोमा उक्त औषधि केन्द्रले पुनः आम्दानी जनाएको प्रमाण पेश भएको छैन । प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रले जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ।

प्रादेशिक अस्पताल कलैंयाको माग बेगर केन्द्रले रू. २५ लाख १९ हजारका ४ प्रकारका पौष्टिक सामाग्री खरिद गरी अस्पताललाई उपलब्ध गराएको छ । उक्त सामग्रीको भण्डारण, वितरण भरपाई र अभिलेख व्यवस्थित भएको देखिएन । वितरणको स्पष्ट मापदण्ड बनाइ वितरण गर्नुका साथै अभिलेख समेत व्यवस्थित गर्नुपर्दछ ।

२०. **म्याद नाघेको सामाग्री** - प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रले खरिद गरेको विभिन्न ४ प्रकारका पौष्टिक आहारहरू उत्पादन भएको मितिबाट ६ महिनासम्ममा प्रयोग गर्न उत्तम हुने उल्लेख भएकोमा केन्द्रबाट प्रादेशिक अस्पताल लाहानमा २०७९।१।८ मा हस्तान्तरण भएका रू.१६ लाख ४३ हजारका ५ हजार ८९६ किलोग्राम पौष्टिक आहार प्रयोग नभई म्याद गुज्रेको देखियो । आपूर्ति केन्द्रले आवश्यकताको पहिचान नगरी खरिद गरेको कारण पौष्टिक आहारहरू नष्ट गर्नुपर्ने अवस्था देखिएको छ । केन्द्रले आवश्यकताको पहिचान गरी पौष्टिक आहार खरिद गरि हस्तान्तरण गर्नुपर्दछ ।

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

२१. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रू. २० लाख रुपैंयासम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट २५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ। प्रतिष्ठानले यो वर्ष विभिन्न आपूर्तकसँग पटक-पटक गरी सर्जिकल तथा औषधि समेत रू.६ करोड १ लाख ५५ हजारको सामान सोझै खरिद गरेको छ । नियममा व्यवस्था भए अनुसार प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ ।

२२. **बरबुझारथ** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनुपर्ने तथा नियम १०३(१) मा कुनै कर्मचारी आफु कार्यरत कार्यालय छोडी जाँदा आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानमा साविकमा कार्यरत मेडिकल सुपरिटेन्डेन्टको जिम्मामा रहेको रू.१८ लाख १९ हजार मूल्यका स्मार्ट टेलिभिजन, डि.एस.एल.आर. क्यामेरा, वासिङ्ग मेशिन तथा फ्रिज लगायत १४ किसिमका ३५ मालसामानहरू जिन्सी दाखिला नगरी प्रयोग गरेको तथा कार्यालय छोडी जाँदा उक्त मालसामान बरबुझारथ समेत नगरेको हुँदा उक्त जिन्सी मालसामानहरू सम्बन्धितबाट फिर्ता लिनुपर्ने अन्यथा निजबाट सामानको मुल्य असुल गर्नुपर्दछ ।

२३. **स्रेस्ता पेश नभएको** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्रतिष्ठानले हेमोडायलासिस मेसिन रू.१ करोड ७७ लाख ७५ हजार, यु.भी. लेजर रू.१ करोड ८९ लाख ८४

हजार, हस्पिटलको लिफ्ट रू. ६४ लाख ७ हजार, रेडियोलोजी विभागको लागि सिटी स्क्यानर रू. ४० लाख ६८ हजार समेतको रू.४ करोड ७२ लाख ३६ हजारको सामान खरिद गरेकोमा सो को स्रेस्ता कागजात लेखापरीक्षणको लागि पेश गरेको छैन । कानुनमा उल्लेख भएअनुसार स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।

२४. **सशर्त अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९(३) मा निःशर्त बाहेकको अन्य अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेको भए त्यस्तो रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानलाई सामाजिक विकास मन्त्रालयबाट अँकोलोजी तथा कार्डियोलोजी विभागको भौतिक निर्माण तथा उपकरण खरिदको लागि प्राप्त रू. २४ करोड ३९ लाख ७१ हजार सशर्त अनुदान उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त्य सम्म खर्च नभई प्रतिष्ठानकै खातामा रहेकोले उक्त रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

२५. **फोहर व्यवस्थापन -** फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि अस्पतालको फोहरमैला व्यवस्थापन गर्नुपर्दछ। अस्पतालमा उपचार गर्दा प्रयोग हुने सामग्री विसर्जन नगरी राखेमा महामारी तथा संक्रमण फैलिन सक्दछ। प्रतिष्ठानले फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्ने कार्य योजना बनाई लागु गरेको छैन। यसबाट प्रतिष्ठानले फोहरमैलाको प्रभावकारी रुपमा व्यवस्थापन गर्न सकेको छैन।कार्य योजना बनाई फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गरिनु पर्दछ ।

## प्रदेश जनस्वास्थ्य प्रयोगशाला, धनुषा

२६. **खरिद गुरुयोजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ । प्रयोगशालाले यो वर्ष उक्त योजना बेगर पुँजीगत तर्फ रू. २३ करोड ५६ लाख ८० हजार खर्च गरेको छ । नियमावलीले तोके अनुसार खरिद योजना तयार गरी खरिद गर्नुपर्दछ ।

२७. **ल्याव सञ्चालन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्वन्धी व्यवस्था छ । प्रयोगशालाले प्रदेशको ६४ स्थानीय तहमा प्रयोगशाला स्थापना गर्नका लागि विशेष परिस्थितिजन्य कारण उल्लेख गरी आर्थिक वर्षको अन्त्यमा रू.२४ करोड ४८ लाख ३ हजारको ल्याव सामाग्री खरिद गरेको छ । लेखापरीक्षणको अवधिसम्म उक्त सामाग्रीहरू प्रयोगशालामा मौज्दात रहेका छन् ।ल्याव सामाग्री मौज्दात रहँदा स्थानीय तहहरूमा ल्याव सञ्चालन भएको छैन । खरिद गरिएको सामान प्रयोगमा ल्याएको प्रमाण पेश हुनुपर्दछ ।

२८. **भत्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च लेख्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । प्रयोगशालाले अतिरिक्त समयमा काम गरेको पुष्ट्याई गर्ने प्रमाणित कागजात वेगर कर्मचारीको निवेदनको आधारमा मात्र ८ कर्मचारीलाई यो वर्ष भरी अतिरिक्त समयको भत्ता

वापत रू. २० लाख ५८ हजार भुक्तानी गरेको छ । अतिरिक्त समयको भत्ता भुक्तानी गर्ने स्पष्ट आधारप्रमाण पेश हुनुपर्दछ ।

## प्रादेशिक अस्पतालहरू

२९. **आम्दानी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन ,२०७६ को दफा २७ अनुसार सरकारी रकम प्राप्त भएपछि सोही दिन र सम्भव नभएमा सोको भोलिपल्ट बैङ्क दाखिला गर्ने र दाखिला नगरे सोही ऐनको दफा २८ अनुसार जरिवाना गर्ने व्यवस्था छ । कलैया अस्पताल विकास समितिका ५ कर्मचारीले अस्पतालको आय रू. २१ लाख ६ हजार बैङ्क दाखिला गरेको देखिएन । उक्त रकम निजहरूबाट व्याज सहित असुल गरी बैङ्क दाखिला गर्नुपर्दछ ।

३०. **सटर भाडा** - प्रादेशिक अस्पताल मलंगवाले यो वर्षसम्म विभिन्न १३ व्यक्तिबाट सटर भाडा र विद्युत महशुल वापत रू. १७ लाख १९ हजार असुल गर्न बाँकी रहेको छ ।उक्त रकममा सम्झौता अनुसार लाग्ने व्याज समेत गणना गरी असुल हुनुपर्दछ ।

३१. **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८ अनुसार कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आयमा नै गणना गर्नुपर्ने व्यवस्था छ । प्रादेशिक अस्पताल लाहान, कलैया र सिराहाले यो वर्ष विभिन्न कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा रू.१० लाख २८ हजार पारिश्रमिक करकट्टी गरेको देखिएन । सम्वन्धित कर्मचारीबाट उक्त कर असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

३२. **घटी मौज्दात** - प्रादेशिक अस्पताल लाहान र कलैयाले पेश गरेको आर्थिक विवरण अनुसार २०७९ अषाढ मसान्तमा स्रेस्ताभन्दा बैङ्कमा क्रमश रू. ६ लाख ४७ हजार र रू. ९ लाख ५२ हजार समेत रू.१५ लाख ९९ हजार घटी मौज्दात रहेको देखिएको छ । बैङ्क मौज्दात घटी रहेको सम्बन्धमा छानविन गरी हिसाव यकिन गर्नुपर्दछ ।

## शिक्षा विकास निर्देशनालय, जनकपुर

३३. **कार्यक्रम सञ्चालन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा प्राप्त बजेट तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले बजेट तथा कार्यक्रम कार्यान्वयन योजना बनाएको छैन। बिद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विपद् व्यवस्थापनको लागि शैक्षिक कार्यक्रम, प्रदेशस्तरीय इएआईएस व्यवस्थापन कार्यक्रम, साइकल वितरण कार्यक्रम र प्राविधिक धारको विद्यालय सञ्चालन कार्यक्रमका लागि रू.३२ करोड ५६ लाख ४४ हजार बजेट विनियोजन गरेकोमा खर्च भएको छैन । बजेट विनियोजन गर्दाका बखतमा नै खर्च हुन नसक्ने किसिमका कार्यक्रम प्रस्ताव नगर्ने र प्रस्तावित कार्यक्रमहरूमा बजेट

विनियोजन भएपश्चात तोकिएको कार्यतालिका बमोजिम कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३४. **उत्तरपुस्तिका छपाई -** एस.ई.ई. परीक्षा २०७६ को लागि छपाई भएका ८ लाख थान मूल र ४ लाख थान थप उत्तरपूस्तिका प्रदेशका ८ जिल्लाका एस.ई.ई. परीक्षा केन्द्र र केही थान निर्देशनालयमा राखेकोमा कोभिड १९ को कारण सो वर्षको एस.ई.ई. परीक्षा स्थगित भएकोले उक्त उत्तरपुस्तिकाहरू मौज्दात मै रहेको थियो ।तत् पश्चात २०७७ मा एस.ई.ई. परीक्षा नभएकोले ती उत्तरपुस्तिकाहरू २०७८ को एस.ई.ई. परीक्षामा प्रयोगमा ल्याउनुपर्नेमा रू.३९ लाख ७९ हजार मूल्यको ३ लाख ७१ हजार २४७ थान मूल र २ लाख ३७ हजार ५८६ थान थप उत्तरपुस्तिकाहरू नष्ट भएको जनाई यो वर्ष २ लाख ५५ हजार ७२२ मूल र ६१ हजार ९६६ थप उत्तरपुस्तिका छपाई वापत रू.२५ लाख २९ हजार भुक्तानी भएको छ । सम्वन्धित कार्यालयले सुरक्षित तवरले उत्तरपुस्तिका भण्डारण नगरेको कारण प्रदेश सरकारलाई थप ब्ययभार परेको छ ।

३५. **छात्रा मुद्दती कार्यक्रम** - मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा छात्रा शिक्षा विमा/मुद्दती कार्यक्रम सम्वन्धी व्यवस्था छ । प्रदेशमा २०७५ माघ १ देखि जन्मिएका छोरीहरूको नाममा मुद्दती खाता खोल्ने कार्यक्रम अनुसार निर्देशनालयले प्रस्ताव माग गरी एक बैङ्क छनौट गरी १ हजार ७०२ छोरीहरूको लागि प्रति छोरी रू. ३७ हजार ४५८ का दरले २० वर्षपछि रू. ३ लाख हुने गरी रू. ६ करोड ३७ लाख ५३ हजार मुद्दती खातामा जम्मा गरेको छ । उक्त रकम बार्षिक ब्याज गणना हुने गरि निर्धारण गरेको पाईयो । निर्देशनालयले अर्धबार्षिक र त्रैमासिकरुपमा ब्याज गणना गर्नेगरी बैङ्कसँग सम्झौता नगर्दा लाभग्राहीले प्रतिफल कम प्राप्त हुने स्थिति देखियो । अधिकतम प्रतिफल प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

३६. **विद्यालयको लागि नर्स -** विगत आर्थिक वर्षदेखिनै यस निर्देशनालयबाट विभिन्न ८० विद्यालयमा नर्सहरू भर्ना गरी तलब भत्ता उपलव्ध गराँउदै आएको छ । सोही कार्यक्रमको लागि यस वर्ष रू. ३ करोड ५० लाख ४० हजार विनियोजन भएकोमा ७६ विद्यालयमा रू.२ करोड ९१ लाख ८ हजार भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन् :

३६.१. विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०७७ को दफा ४ मा शिक्षा विकास निर्देशनालयको वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भए अनुसार प्रदेशका सबै जिल्लाबाट १०।१० गरी ८० माध्यामिक तहमा सञ्चालन भएका सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिने तथा दफा २४ मा मन्त्रालयले स्थानीय तह र निजी विद्यालयको लागत सहभागितामा यो कार्यक्रमलाई प्रदेशका सबै विद्यालयमा क्रमशः विस्तार गर्दै लैजान सक्ने व्यवस्था गरेको छ । गत वर्ष छनौट भएका ८० मध्ये ४ विद्यालयमा उक्त कार्यक्रम सञ्चालन हुन नसकेको तथा कार्यविधि बमोजिम स्थानीय तह र निजी विद्यालयको लागत सहभागितामा विस्तार हुन नसकेको अवस्था छ । कार्यविधि बमोजिम यस कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने तर्फ निर्देशनालयको ध्यान दिनुपर्दछ ।

३६.२. उक्त कार्यविधिको दफा १७ मा उल्लेख भएको र करार सम्झौताको क्रममा उपलव्ध गराएको कार्यविवरण बमोजिम सम्पादन गरेका कार्यहरू शिक्षा विकास निर्देशनालयमा नियमित रुपमा प्रतिवेदन

गर्नुपर्ने र उक्त प्रतिवेदनको समष्टि विवरण शिक्षा विकास निर्देशनालयले सामाजिक विकास मन्त्रालयमा नियमित रुपमा पठाउनुपर्ने व्यवस्था छ । सम्बन्धित विद्यालयबाट नर्सहरूले गरेको कामको प्रतिवेदन प्राप्त भएको देखिएन जसले गर्दा कार्यक्रमको उपलब्धि विश्लेषण गर्न सकिएन । कार्यक्रम सञ्चालनको प्रभावकारिता लेखाजोखा गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहत २६ निकायको रू.१४ करोड ९९ लाख २ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रू. २८ लाख ९३ हजार बेरुजु फर्स्यौंट भई रू.१४ करोड ७० लाख ९ हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रू.४ करोड १८ लाख २३ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा छ ।

➢ अन्य संस्था, समितितर्फ ७ निकायको रू.३५ करोड ६० लाख ५४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रू.१ लाख ५६ हजार बेरुजु फर्स्यौंट भई रू. ३५ करोड ५८ लाख ९८ हजार बाँकी रहेको छ । सो मध्ये रू.३२ लाख ७८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ ।

- **पाँच वर्षको कार्यसम्पादन स्थिति**

१. **कानुन तर्जुमा** - प्रदेश सरकार (कार्य विभाजन)नियमावली २०७८ अनुसार यस मन्त्रालयको प्रमुख जिम्मेवारी उच्च शिक्षा सम्बन्धी नीति, कानून, प्रशासन, मापदण्ड र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, गुणस्तर मापदण्ड सम्बन्धी योजना कार्यान्वयन र नियमन, प्रदेशस्तरीय स्वास्थ्य क्षेत्र, मानव स्रोत विकास र व्यवस्थापन, जनस्वास्थ्य आपतकालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद र महामारी व्यवस्थापन लगायतका रहेको छ ।सोको कार्यान्वयनका लागि मन्त्रालयले नीति, तथा कानुन तर्जुमा गर्नुपर्दछ । यस मन्त्रालयले ५ वर्षको अवधिमा स्वास्थ्य सेवा ऐन २०७८, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७७, वालवालिकाको हक अधिकार सम्वन्धी ऐन २०७७, दलित सशक्तीकरण ऐन २०७६, कृषि विश्वविद्यालय ऐन २०७८, प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन, २०७९, दलित सशक्तीकरण नियमावली २०७८, प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि २०७५, प्रारम्भिक बालविकास रणनीति लगायतका कानुन तर्जुमा गरेको छ ।त्यसैगरी प्रदेश स्तरको उच्च शिक्षा सम्वन्धी नीति, प्रदेश विश्वविद्यालय सम्बन्धि नीति, पुस्तकालय सम्बन्धी नीति संग्राहलय सम्बन्धि नीति तयार गर्न बाँकी रहेको देखिन्छ ।नीति एवं कानूनको अभावमा मन्त्रालयको कार्यसम्पादन नियमन, मापदण्ड निर्धारण अनुमति प्रदान र प्रशासन लगायतका कार्यहरू अपेक्षित रुपमा हुन सकेका छैनन् । आवश्यक नीति तथा कानुन समयमा नै तर्जुमा गरी मन्त्रालय र मातहतका कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२. **नियमन र अनुगमन -** जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ मा २५ देखि २०० शय्यासम्मका जनरल तथा विशेषज्ञ अस्पताल, २५ देखि ५० शय्यासम्मका आयूर्वेद अस्पताल, डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक, आँखा उपचार केन्द्रको स्थापना, ग वर्गको स्वास्थ्य प्रयोगशालाको स्थापना, ख श्रेणीको रेडियो इमेजिङ्ग सेन्टरको स्थापना, २५ शय्यासम्मको डायलोसिस

केन्द्र र पुनर्स्थापनाको प्रदेश सरकार र प्रदेश सरकारले तोकेको निकायवाट इजाजत पत्र लिनुपर्ने र नवीकरण गराउनु पर्ने व्यवस्था छ । मन्त्रालयले प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरूले अनुमति लिए नलिएको, नवीकरण गराए नगराएको विवरण अधावधिक गरेको छैन भने स्वास्थ्य संस्थाहरूले मापदण्ड अनुसार स्वास्थ्य संस्था सञ्चालन गरे नगरेको अनुगमन समेत गरेको पाइएन । तसर्थ नियमावलीको व्यवस्था अनुसार स्वास्थ्य संस्थाहरूको अभिलेख, इजाजत, नवीकरणको अभिलेख अधावधिक गर्नुको साथै मापदण्ड पालनाको अनुगमन गर्नुपर्दछ ।

३. **विनियोजन तथा खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ अनुसार मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार पाँच वर्षको अवधिमा यस मन्त्रालयको चालु बजेट रू.१६ अर्ब ५५ करोड ७७ लाख र पूँजीगत बजेट रू.५ अर्ब ९७ करोड ६३ लाख समेत कुल बजेट रू.२२ अर्ब ५३ करोड ४० लाख रहेकोमा चालु तर्फ रू.९ अर्ब ९४ करोड ८६ लाख(६०.०८ प्रतिशत) र पूँजीगत तर्फ रू.४ अर्ब ८ करोड ९५ लाख (६८.४३ प्रतिशत) गरी कुल रू.१४ अर्ब ३ करोड ८१ लाख खर्च भएको छ । विगत ५ वर्षमा औषत ६४ प्रतिशत मात्र खर्च भएको छ । मन्त्रालय र मातहतको कार्यालयको विनियोजन दक्षता वृद्धि गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

४. **मुख्य उपलब्धि -** मन्त्रालयले कार्यविभाजन नियमावली अनुरुपका कार्य सम्पादन गर्न विभिन्न ऐन, कार्यविधि, मापदण्ड तर्जुमा गरेको छ । ५ वर्षको अवधिमा मन्त्रालय मातहत ३ विश्वविद्यालयहरू स्थापना भएका छन् । कोभिड-१९ को महामारी नियन्त्रण र रोकथामका लागि मन्त्रालयले भुमिका निर्वाह गरेको छ । कोभिड विशेष अस्पताल स्थापना र सञ्चालन गर्नुका साथै ९५ प्रतिशत जनतालाई कोभिड विरुद्धको खोप प्रदान गरेको छ । यस अवधिमा ६० वर्थिङ सेन्टर, २२ विद्यालय भवन, २० खेलमैदान, १ रङ्गशाला, ३ कभर्ड हल, २ अस्पताल लगायतका संरचना निर्माण भएका छन् । प्रादेशिक अस्पतालमा स्वास्थ्य वीमा कार्यक्रम सञ्चालनका साथै प्रदेश जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा आएको छ ।

# प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा भएको प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी समेत बनाउन योग्यता प्रणालीलाई अवलम्वन गर्ने उद्देश्यको लागि प्रदेशसभाबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरे अनुसार २०७६/५/२२ मा यो आयोगको स्थापना भएको हो ।

यो वर्ष आयोगको विनियोजन रू.५ करोड ४० लाख ६० हजार, राजस्व रू.२ करोड ८७ लाख २४ हजार र धरौटी रू.६ लाख १८ हजार समेत रू.८ करोड ३४ लाख २ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्ः

१. **कर्मचारी दरबन्दी र पदपूर्ति** -प्रदेश निजामती सेवा ऐन २०७७ को दफा ९ मा प्रदेश निजामती सेवाको पदपूर्ति सम्बन्धी व्यवस्था छ । आयोगको कार्य सञ्चालनको लागि २१ दरबन्दी स्वीकृत गरेकोमा सचिव लगायत ८ काजमा र ७ कर्मचारी करार सेवामा गरी १५ कर्मचारी कार्यरत छन्। त्यस्तै प्रशासन पाँचौ, आँठौ, कम्प्युटर अपरेटर र हलुका सवारी चालक लगायत ६ पद रिक्त रहेको छ । स्वीकृत दरबन्दी अनुसार समयमै पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **सेवा प्रवाह** - आयोगको तेस्रो वार्षिक प्रतिवेदन २०७८।०७९ अनुसार आयोगले पाचौं र चौंथो तहका खुल्ला तथा बढुवा प्रयोजनको लागि २४६ पदको लागि ३७ विज्ञापन गरेकोमा ४६ हजार २८० दरखास्त प्राप्त भएको छ ।यसरी विज्ञापन प्रकाशन गरी दरखास्त आह्वान गरेकोमध्ये सोही आर्थिक वर्षमा कुनै पनि विज्ञापनको लिखित परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा सिफारिस गरेको पाइएन। गत वर्ष नै विज्ञापन भएका प्राविधिक तथा अप्राविधिक तर्फ १४ सेवा, समूह तथा उपसमूह अन्तर्गत अधिकृत नवौं तहको लागि लिखित परिक्षा सञ्चालन गरेकोमा सो को नतिजा प्रकाशन गरेको छैन । त्यस्तै यो वर्ष प्राविधिक सेवाका ३ समूह अन्तर्गत अधिकृत तह सातौंको लागि माग संख्या २४ रहेकोमा १७ पदमामात्र सिफारिस गरेको छ । यसरी आयोगले यो वर्ष विज्ञापन गरेको पदमा लिखित परीक्षा सञ्चालन गर्न नसकेको र गत वर्षको विज्ञापनको लागि यो वर्ष लिखित परीक्षा सञ्चालन भएकोमा अन्तर्वार्ता सञ्चालन गरी सिफारिस गर्न नसकेको साथै आन्तरिक बढुवाका प्रक्रियाबाट समेत यो वर्ष कुनै सिफारिस गर्न सकेको छैन । आवश्यक जनशक्तिको पूर्ति, भौतिक पूर्वाधारको व्यवस्था तथा विज्ञहरूको सहयोग लिई निर्दिष्ट कार्यतालिका बमोजिम विज्ञापन, परीक्षा सञ्चालन, सिफारिस लगायतका कार्यहरू समयमै सम्पन्न गर्नुपर्दछ ।

३. **आयोगको परामर्श** - प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २(झ) मा प्रदेश सेवाको पद अन्तर्गत प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवा, प्रदेश प्रहरी सेवा र नगर प्रहरी सेवा पर्ने उल्लेख छ । सोही ऐनको दफा ९(ख) मा प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। तर यस प्रदेशमा

रहेका विभिन्न स्थानीय तहले कर्मचारी नियुक्ति तथा बढुवा गर्दा आयोगको परामर्श लिएको देखिएन । प्रदेश सरकारको कार्यक्षेत्रभित्र कर्मचारीको नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा परामर्श लिने व्यवस्थालाई अनिवार्य गर्ने गरी आयोगले आफ्नो भूमिकालाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

४. **निरीक्षण -** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७० मा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय वा कार्यालयले नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा यो ऐन, अन्य कानुन तथा आयोगले विभिन्न समयमा दिएको निर्देशन पालना गरे नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्ने व्यवस्था भएपनि यो वर्ष आयोगबाट कुनै निकायको अनुगमन तथा निरीक्षण भएको देखिएन । कानुनी व्यवस्थाको पालना गर्ने तर्फ आयोगको ध्यान जानुपर्दछ ।

- **बेरुजु स्थिति -** आयोगतर्फ रू.९५ लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रू.३ करोड ३१ लाख २१ हजार, राजस्व रू.५ लाख ११ हजार, धरौटी रू.२३ लाख ५४ हजार समेत रू.३ करोड ५९ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो सम्बन्धमा देखिएका प्रमुख व्यहोरा यसप्रकार छन्ः

१. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले कार्यलयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । सो अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएको व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याईएकोमा हालसम्ममा पनि सुधार भएको पाइएन ।

२. **मुद्दा फस्यौंटको स्थिति -** कार्यालयबाट प्राप्त विवरण अनुसार कार्यालयमा गत विगतका र यस वर्ष दर्ता भएका २६४ मुद्दाको लगत रहेकोमा यो वर्ष २७ मुद्दा फस्यौंट भएका, २२ मुद्दाको रिट खारेज भएका र ५ मुद्दाको रिट जारी भएका कारण वर्षान्तमा २१० मुद्दा फस्यौंट हुन बाँकी रहेका छन् । बाँकी मुद्दामध्ये सर्वोच्च अदालतमा ११७, उच्च अदालत जनकपुरमा ५५, उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जमा २२, उच्च अदालत जनकपुर राजविराज इजलासमा १२, धनुषा जिल्ला अदालतमा ३ र बारा जिल्ला अदालतमा १ मुद्दा बाँकी रहेका छन् । स्रोत साधनको अधिकतम प्रयोग गरी न्यायिक सम्पादनमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्नुपर्दछ ।

३. **नियुक्ति -** मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत कानुनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्तसम्वन्धी निर्देशिका, २०७५ बमोजिम ८ जिल्लामा मंसिरदेखि प्रदेश कानुनी सहायता अधिकृत नियुक्ति गरेको छ । ती कर्मचारीको पारिश्रमिक बापत यो वर्ष रू.३२ लाख भुक्तानी भएको छ । उल्लिखित निर्देशिकामा निजहरूले महिना समाप्त भएको १५ दिनभित्र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई कामकारवाहीको प्रगति विवरण, कानुनी सहायता उपलव्ध गराउने सम्वन्धमा देखा परेका कठिनाई र कुनै सुझाव भए सो समेत खुलाई प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । तर उक्त व्यवस्था अनुसार निजहरूले यस कार्यालयलाई प्रतिवेदन पेश गरेको पाइएन । जसले गर्दा निजहरूले गरेको कार्यसम्पादन सम्बन्धमा यकिन गर्न सकिएन । कार्यालयको कार्यसम्पादनका लागि उपर्युक्त पदका कर्मचारी आवश्यक भएमा संगठन तथा व्यवस्थापन सर्भेक्षणको माध्यमबाट दरबन्दी स्वीकृत गरी पदपूर्ति गर्नुपर्दछ ।

४. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले आफ्नै कार्यालय परिसर भित्र एकै प्रकृतिको निर्माण

कार्यलाई १० टुक्रामा विभाजन गरी रू. ३७ लाख ७० हजार भुक्तानी गरेको पाइयो । एउटै प्रकृतिको खरिद कार्यलाई टुक्रा टुक्रा पारी सोझै खरिद गरेको नियम सम्मत देखिएन । कानुनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

- **बेरुजु स्थिति** - कार्यालयमा रू.३८ लाख ७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ ।

# प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारले आफ्नो प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीति, रणनीतिक विषयका दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना बनाउने तथा प्रदेशको आवश्यक नीति निर्माण कार्यमा प्रदेश सरकारलाई सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश नीति आयोगको गठन तथा कार्य सञ्चालन ऐन, २०७५ अनुसार प्रदेश नीति तथा योजना आयोगको गठन भएको छ ।

यो वर्ष आयोगको विनियोजन रू.९४ लाख १९ हजार, धरौटी रू.२४ हजार, अन्य कारोवार रू.४ लाख ७४ हजार समेत रू.९९ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्ः

१. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले कार्यलयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । सो अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएको व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याईएकोमा हालसम्ममा पनि सुधार भएको पाइएन ।

२. **आयोगको गठन-** प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५ को दफा ३ मा प्रदेशको विकासको नीति तथा योजनाको तर्जुमा अनुगमन तथा मूल्याङ्कन गर्न मुख्यमन्त्री अध्यक्ष, प्रदेश सरकारवाट नियुक्त एक जना उपाध्यक्ष, कम्तिमा १ जना महिला सहित ६ जना सदस्य र आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव सदस्य सचिवको रुपमा रहने गरी आयोगको गठन हुने व्यवस्था छ । तर आयोगमा यस वर्ष उपाध्यक्ष र एक सदस्यमात्र रहेको पाइयो । आयोगमा सदस्य पद रिक्त रहदा आयोगको कार्य सम्पादन र जिम्मेवारीमा असर पर्ने हुँदा आयोगलाई पूर्णता दिई कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३. **आवधिक योजना र कार्यान्वयन-** आयोगले २०७६।७७ देखि २०८०।८१ सम्मको लागि प्रथम आवधिक योजना तयार गरेकोमा यो वर्षसम्मको उपलब्धि निम्नानुसार छ :

| क्र.सं | प्रमुख सूचक | इकाइ | आधार वर्ष (२०७५।७६) | (२०७८।७९) को परिमाणात्मक लक्ष्य | २०७८।७९) को परिमाणात्मक उपलब्धि | २०८०।८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.५३ | ९ | ४.८२ | ११ |
| २ | कुल गार्हस्थ्य उत्पादन | रू. अर्ब | ४८८ | ५५९.८८ | ६४४ | ६०० |
| ३ | आधारभूत तहमा खुद भर्नादर | प्रतिशत | ७९.६ | ९२ | ९३.५९ | ९९ |
| ४ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ७९९ | ९५० | ८६८ | १००० |
| ५ | खानेपानी सुविधा पुगेको घरपरिवार | प्रतिशत | ८९ | ९५ | ९५.४ | १०० |

उल्लिखित तथ्याङ्क अनुसार प्रतिव्यक्ति खानेपानी सुविधा पुगेको घरपरिवार, आधारभूत तहमा खुद भर्नादर सूचकमा आधार वर्षभन्दा सुधार भएतापनि २०७८।७९ को लक्ष्य अनुरुप उपलब्धि

हासिल भएको छैन। त्यसैगरी वार्षिक आर्थिक वृद्धिदर आधार वर्षको भन्दा पनि न्यून हासिल भएको छ। आयोगको विद्यमान पदाधिकारी र जनशक्तिको पदपूर्ति तथा क्षमता विकास लगायतका कार्य गरी प्रादेशिक विकासको लागि तर्जुमा भएका नीति, योजना तथा कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल गर्न आयोग थप क्रियाशिल हुनुपर्दछ ।

४. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य (२०१६-२०३०) हासिल गर्न प्रदेश सरकारले आन्तरिकीकरण गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । उक्त लक्ष्य कार्यान्वयन गर्न प्रदेश सरकारले प्रदेश सरकारको दिगो विकास लक्ष्य कार्ययोजना (२०१९-२०३०) समेत निर्माण गरी सो अनुरुपका क्रियाकलाप वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै आएको छ । आयोगले वार्षिक विकास कार्यक्रम तथा दिगो विकास लक्ष्यको प्रतिफल लेखाजोखा गर्न स्पष्ट विकास सूचक खाका तयार गरेको देखिएन । दिगो विकास लक्ष्य हासिल हुने गरी आवधिक योजना र बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

५. **मध्यमकालीन खर्च संरचना-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा १७ मा संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेशले प्रथम पञ्चवर्षीय योजना र वार्षिक बजेटबीच तादात्म्यता ल्याउने उद्देश्यले मध्यमकालीन खर्च संरचना (२०७८।७९-२०८०।८१) तयार गरेको छ । संरचनामा योजनाको उद्देश्य, योजनाको संभाव्यता अध्ययन वा खर्चको आवश्यकताको विवरण, कार्यान्वयन, आगामी आर्थिक वर्ष तथा त्यसपछिका दुई वर्षमा प्राप्त हुने प्रतिफल र उपलब्धि, योजना लागु गर्न आवश्यक पर्ने खर्च विवरण, खर्च व्यहोर्ने स्रोत तथा उपलब्धि प्रक्षेपण गरेको छ ।त्यसैगरी मध्यम अवधिको खर्च रणनीति र वार्षिक खर्चसँग दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र आवधिक योजनाको सोच तथा रणनीतिसँग वार्षिक बजेटलाई तादम्यता कायम गराउने प्रयास गरे तापनि प्रदेश र स्थानीय तहमा यस्तो संरचना बनाई प्रभावकारी रुपमा कार्यान्वयन नगर्दा आवधिक योजना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम भएको देखिएन । आवधिक योजनाबाट अपेक्षित परिणाम प्राप्त गर्न मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यसँग साङ्केतीकिकरण गरी बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

६. **आयोजना बैङ्क -** आयोजनामा तोकिएका लक्ष्य गुणस्तरयुक्त तथा निर्दिष्ट समयभित्र हासिल गर्न आयोजनाको सही पहिचान, छनौट, प्राथमिकीकरण र कार्यान्वयनका लागि आयोजना बैङ्क स्थापना गर्नुपर्दछ । आयोगले विषयगत मन्त्रालय, निजी क्षेत्र र नागरिक समाज लगायतसँग समन्वय र सहकार्य गर्नेगरी ५८ आयोजना छनौट गरी आयोजना सो बैङ्कमा सूचीकृत आयोजनामध्ये प्रदेशले सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने योजनाको विवरणमा धनुषा जिल्लाको नगराइन नगरपालिकामा सुख्खा वन्दरगाह स्थापना गर्ने र कोशी टप्पु वन्यजन्तु आरक्षमा पर्यटकीय विकास गर्ने कार्यक्रम समेत समावेश गरेको देखियो । नेपालको संविधानको धारा ५७ र धारा १०९ अनुसार राष्ट्रिय निकुञ्ज र अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी अधिकार संघको हुने व्यवस्था छ । प्रदेश सरकारको अधिकार क्षेत्रमा नपर्ने विषयमा आयोजना बनाई आयोजना बैङ्कमा समावेश गरेको देखिन्छ । त्यसैगरी उक्त आयोजना बैङ्कमा भएका योजनाहरूमध्ये अधिकांश योजना यो वर्षको बजेटमा समावेश नभएको तथा बजेटमा समावेश भएका योजनाको स्पष्ट क्रियाकलाप सहितको लक्ष्य तथा प्रगति देखिने गरी

प्रतिवेदन तयार गरेको देखिएन । आयोगले सूचीकृत आयोजनाहरू विद्युतीय प्रणालीमा प्रविष्टगरी त्यस्ता आयोजनालाई बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **अनुगमन तथा मूल्याङ्कन -** प्रदेश नीति तथा योजना आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५ को दफा ५ तथा १२ मा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य जिम्मेवारी आयोगलाई तोकिएको छ ।आयोगले अनुगमन तथा मुल्याङ्कन सम्बन्धी निर्देशिका एवं प्रणाली तयार गरेको छैन। आयोगले अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी संस्थागत संरचना, विधि, सूचक तथा सूचनाको स्रोत, प्रतिवेदनको विश्लेषण लगायतका विषय समावेश गरी अनुगमन र मूल्याङ्कनलाई व्यवस्थित, सरल, विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाई पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न योजनाहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

८. **योजना र बजेटबीचको अन्तर -** प्रदेशको आवधिक योजना (२०७६।७७-२०८०।८१) मा हासिल गरिने विभिन्न लक्ष्य एवं सुचकाङ्कहरू निर्धारण गरिएको देखिन्छ। लक्ष्यहरू हासिल गर्न योजनाले अनुमान गरे बमोजिम प्रदेश सरकारले पुँजीगत खर्च गर्न सकेको देखिएन। आवधिक योजना अनुसार विनियोजन हुनुपर्ने पुँजीगत खर्च अनुमान र यथार्थ पुँजीगत खर्चको ३ वर्षको अवस्था निम्नानुसार छ।

| क्र.सं. | आर्थिक वर्ष | आवधिक योजनामा अनुमानित पुँजीगत खर्च (अर्बमा) | यथार्थ खर्च (अर्बमा) |
|---|---|---|---|
| १ | २०७६।७७ | १७.२० | ८.२३ |
| २ | २०७७।७८ | २०.९२ | १४.०३ |
| ३ | २०७८।७९ | २५.३६ | ११.९२ |
| | **जम्मा** | **६३.४८** | **३४.१८** |

आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्यहरू हासिल गर्न पुँजीगत खर्चमा वृद्धि गरी सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- **बेरुजु स्थिति -** आयोगमा रू.२१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मासमावेश छ।

# परिच्छेद- ४

# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गरी प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फस्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धी ब्यहोरा निम्न छन्ः

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले महालेखापरीक्षकको चार वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गरेको छ ।सो मध्ये प्रथम वार्षिक प्रतिवेदन मात्र प्रदेश सभा अन्तर्गत सार्वजनिक लेखा समितिमा छलफल भएको छ । छलफल पश्चात भएका निर्णय एवं निर्देशन र सोको कार्यान्वयनको अवस्था प्राप्त भएको छैन । वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फस्र्यौट** - यो वर्ष प्रदेशको सरकारी कार्यालयतर्फ १३८ एकाइको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण गरी ११४ एकाइमा सैद्धान्तिक दफा १ हजार १११ र लगती दफा २ हजार ३३८ बाट ८१ करोड ८२ लाख २८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट ११ एकाइको रू. १ करोड १४ लाख २३ हजार फस्र्यौट गरी रू. ८० करोड ६८ लाख ५ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ १० एकाइको आर्थिक कारोबारको लेखापरीक्षण गर्दा सैद्धान्तिक दफा १०२ र लगती दफा २७७ बाट रू.३५ करोड ६६ लाख ६० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट १ समितिको रू.१ लाख ५६ हजार बेरुजु फस्र्यौट भई रू.३५ करोड ६५ लाख ४ हजार बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फस्र्यौट गर्नुपर्ने देखिन्छ ।

३. **सम्परीक्षण -** प्रदेश सरकारी कार्यालयतर्फ चौथो प्रतिवेदनसम्म रू.५ अर्ब २० करोड २७ लाख ३५ हजार र अन्यसंस्था, समितितर्फ रू.४८ करोड ७ लाख ७९ हजार बेरुजु फस्र्यौट गर्न बाँकी रहेकोमा यो वर्ष प्रदेश कार्यालयतर्फ २३ कार्यालयले रू.८ करोड ४५ लाख ५८ हजार (१.६२ प्रतिशत) र समिति तथा अन्य संस्थातर्फ १ निकायले रू. ३८ हजार (०.००७ प्रतिशत) मात्र बेरुजु फस्र्यौट गरेका छन्। बाँकी निकायले बेरुजु फस्र्यौटको लागि अनुरोध नगरेकोले बेरुजु सम्परीक्षण भएको छैन।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनुपर्दछ । आर्थिक कार्यविधि नियमावली तर्जुमा नगरेको, बेरुजु छलफलमा तदारुकता आउन नसकेको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेको, खरिदकार्यमा कानुनको पालनाको पक्षमा सुधार नभएको, अनुगमन एवं नियमनलाई प्रभावकारी बनाउन नसकेको लगायतका कारण बेरुजु न्यूनीकरण हुन सकेको छैन । जिम्मेवारी वहनको स्थितिमा सुधार गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

## परिच्छेद - ५

# सुधारका क्षेत्रहरू

उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सो अनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन लगायतका कार्यहरु गर्नुपर्दछ । प्रदेश सरकार गठन भई पाँच वर्षको अवधि पुरा गरेकोमा स्रोत साधन प्राप्ति, उपयोग तथा परिचालन र सोबाट प्राप्त प्रतिफलमा अध्ययन विश्लेषण गर्दा केही सकारात्मक सुधारहरु देखिएका छन् । सोलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गरी प्रदेश सरकारका कार्य सञ्चालन गर्न देहायका पक्षहरुमा सुधार गर्नुपर्ने देखिएको छः

- **नीति तथा कानुनी व्यवस्था**

१. **कानुन तर्जुमा र कार्यान्वयन -** प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूची अनुसारका कानुनहरु तर्जुमा गरेको छ । सोका अतिरिक्त अझैपनि केही कानुनहरु तर्जुमा गर्न बाँकी रहेको देखिन्छ । आवश्यक कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

२. **कानुनको कार्यान्वयन -** विद्यमान प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता, पारदर्शिता कायम गर्ने गरी प्रदेशले कार्यसञ्चालन गर्नुपर्दछ । कानुन पालना नगर्ने कर्मचारी एवं पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३. **सेवा र सुविधा -** कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्नुहुँदैन । प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ ।

- **संगठन तथा मानव संशाधन व्यवस्थापन**

४. **मन्त्रालय हेरफेर** - प्रदेश मन्त्रालयहरुको संख्या पटक पटक थपघट हुँदा कार्य जिम्मेवारीमा समेत हेरफेर भएको छ । जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई, जिम्मेवारी र जवाफदेहिता कमजोर हुने लगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ।

५. **मानव संशाधन व्यवस्थापन -** प्रदेश तहमा दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति यथासमयमा हुन नसकेकोले विकास निर्माण लगायतका कार्यसम्पादन गर्न सम्बन्धित क्षेत्रका प्राविधिकको कमी उल्लेखनीय रहेको स्थिति छ । तसर्थ दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

६. **संगठन संरचना** – संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागि समेत प्रदेशले छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय

तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

७. **सेवा प्रवाह -** सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वकतवरले सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहमा सुधार गर्दै जानुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

८. **आयोजना व्यवस्थापन** - प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको छनोट तथा प्राथमिकीकरण गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च तथा बजेटबीच तादाम्यता कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गर्नुपर्दछ ।

९. **अध्ययन प्रतिवेदन** – संगठनको जनशक्तिबाट नै तयार गर्न सकिने कार्य समेत परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन सुनिश्चित गरिनुपर्दछ ।

- **बजेट व्यवस्थापन**

१०. **बजेट तर्जुमा -** क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवाला तथा जनसहभागिता लगायत पक्षमा ध्यान दिई कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ ।

११. **बजेट अनुशासन -** बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोही अनुसार बजेट विनियोजन गर्नुपर्नेमा अनुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अबण्डामा अधिक बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटी विद्यमान छ । जसले गर्दा वित्तीय नियन्त्रण र आर्थिक अनुशासन कमजोर भएको र वर्षान्तमा भएको निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठेको हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

१२. **विनियोजन दक्षता -** बजेट अनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरुको विनियोजन दक्षता कमजोर देखिन्छ । क्षमता विश्लेषण गरी बजेट विनियोजन गर्नुका साथै बजेट कार्यान्वयनमा समेत ध्यान दिनुपर्दछ।

१३. **अनुदानको उपयोग -** प्रदेशले अनुदान प्रदान गर्दा उद्यमशीलता, क्षमता विकास, व्यावसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धन जस्ता नीति लिइनु पर्दछ । उत्पादन र उत्पादकत्व अभिवृद्धिमा आधारित भई नतिजा आकलन पश्चात मात्र अनुदान दिने व्यवस्था गरिनुपर्दछ ।

१४. **चालु खर्चमा नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च वर्सेनि बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना तयार गर्नुका साथै फजुल खर्च नियन्त्रण गर्नुपर्दछ ।

१५. **आन्तरिक नियन्त्रण** - प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय वनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१६. **नर्म्स** - निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक गर्नुपर्दछ । प्रदेश सरकारले तयार गरेको नर्म्सका आधारमा खर्च गर्नेतर्फ मन्त्रालयहरुको ध्यान जानुपर्दछ ।

१७. **खरिद सम्झौता कार्यान्वयन** - खरिद पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तर्निकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमन प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

१८. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिद प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्वन गर्नुपर्दछ ।

१९. **निर्माण कार्य सम्पन्न** - निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट वञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्ने, सहज वातावरण मिलाउने, सुपरीवेक्षण र अनुगमन प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

२०. **उपभोक्ता समितिबाट कार्य** - सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाईका साथ नियन्त्रण गरिनुपर्दछ ।

२१. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ ।

- **सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण**

२२. **सम्पत्ति व्यवस्थापन** - संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा अतिक्रमण हुन नदिई संरक्षण गर्नुपर्दछ ।

- **राजस्व परिचालन**

२३. **आन्तरिक राजस्व -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ । कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य गर्नुहुँदैन ।

२४. **विभाज्य कोष** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व सङ्कलन प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरी संघीय अनुदान हस्तान्तरणको निर्भरता कम गर्दै जानुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्नुपर्दछ ।

- **भौतिक पूर्वाधार विकास**

२५. **पूर्वाधार विकास -** प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२६. **जोखिम न्यूनीकरण -** विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवं पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

- **संघीयता कार्यान्वयन**

२७. **समन्वय** – विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ। कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने, खप्टिने र टुक्रिने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकण गर्नुपर्दछ ।

२८. **प्रदेश समन्वय परिषद** – प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषदले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

- **वित्तीय प्रशासन तथा आर्थिक अनुशासन**

२९. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षणबीच समन्वय बढाउनुपर्दछ ।आन्तरिक लेखापरीक्षणमा औंल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्नेगरी निकायहरुले भूमिका खेल्नुपर्दछ ।

३०. **आचारसंहिता** – सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्थाका अतिरिक्त आफ्नो कार्यालयको प्रकृति अनुरुपको आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक

पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसाय लगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

३१. **जिम्मेवारी र जवाफदेहिता -** आर्थिक कार्यविधि ऐन अनुसार खर्च गर्ने, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने, बजेट तर्जुमा गर्ने, निकासा दिने, खर्च गर्ने, लेखा राख्ने, राजस्व दाखिला, आय-व्यय तथा पेस्की फर्स्यौटका प्रमाणहरू व्यक्तिको जिम्मा रहने, प्रतिवेदन गर्ने पदाधिकारीको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरी सो कार्यान्वयन गर्ने व्यवस्थाको पालना गर्नु गराउनुपर्दछ ।

३२. **प्रतिवेदन कार्यान्वयन -** संवैधानिक निकायले पेस गरेका प्रतिवेदन संसदीय समितिमा छलफल गरी कारवाही टुङ्गो लगाउनुपर्दछ । प्रदेश सरकार मातहतका प्रशासनिक, प्राविधिक, आर्थिक लगायतका विभिन्न विषयमा अध्ययन अनुसन्धान गरी प्राप्त भएका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ । आर्थिक कारोबारको वार्षिक प्रतिवेदन, सार्वजनिक सम्पत्तिको वार्षिक प्रतिवेदन लगायतका प्रतिवेदनमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयको सम्बन्धमा तत्काल कारवाही शुरु गरी वित्तीय प्रतिवेदन प्रणाली सुदृढ गर्नुपर्दछ । आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका व्यहोराको सम्बन्धमा सयममा कारवाही टुङ्गो लगाई प्रतिवेदन कार्यान्वयन पक्ष प्रभावकारी बनाई आर्थिक अनुशासन कायम गर्न गराउन ध्यान दिनुपर्दछ ।

३३. **अनुगमन र मुल्याङ्कन -** प्रदेश वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्त अनुसार नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट आर्थिक सुशासन कायम हुने, सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।

अनुसूची-१

(प्रतिवेदनको परिच्छेद २ दफा ३.२ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरू

२०७८।७९

(रू.हजारमा)

| क. सं. | मन्त्रालय / निकायको नाम | कार्यालय संख्या | बेरुजु भएका कार्यालयको संख्या | बेरुजु |
|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | १ | १ | ० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४ | ४ | ७२२९५ |
| ३ | अर्थ मन्त्रालय | ९ | ३ | ९१०७ |
| ४ | उद्योग पर्यटन तथा वन मन्त्रालय | २३ | १८ | ६६६२३ |
| ५ | कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय | १ | १ | १७१८ |
| ६ | खानेपानी तथा उर्जा विकास मन्त्रालय | ५ | ५ | ७२३२० |
| ७ | गृह तथा सञ्चार मन्त्रालय | २ | १ | ४९४१ |
| ८ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २७ | २४ | ३८७१९ |
| ९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३० | २५ | ३६८८५३ |
| १० | महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय | १ | १ | ११७६६ |
| ११ | वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय | १ | १ | १२६ |
| १२ | सामाजिक विकास मन्त्रालय | ३१ | २७ | १४७००९ |
| १३ | प्रदेश लोकसेवा आयोग | १ | १ | ९५०० |
| १४ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | ३८०७ |
| १५ | प्रदेश नीति तथा योजना आयोग | १ | १ | २१ |
| | **जम्मा** | **१३८** | **११४** | **८०६८०५** |

अनुसूची-१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

# लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण
## २०७८।७९

| क्र. सं. | लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण | इकाईगत संख्या | मन्त्रालयगत संख्या |
|---|---|---|---|
| सरकारी कार्यालयहरू तर्फ | | | |
| **१** | **प्रदेश सभा सचिवालय** | | **१** |
| **२** | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | **४** |
| २.१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | |
| २.२ | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १ | |
| २.३ | प्रादेशिक सुशासन केन्द्र | १ | |
| २.४ | प्रदेश जनलोकपाल आयोग | १ | |
| **३** | **अर्थ मन्त्रालय** | | **९** |
| ३.१ | मन्त्रालय | १ | |
| ३.२ | प्रदेश लेखा नियन्त्रक कार्यालय | १ | |
| ३.३ | प्रदेश लेखा इकाईहरू | ७ | |
| **४** | **उद्योग, पर्यटन, तथा वन मन्त्रालय** | | **२३** |
| ४.१ | मन्त्रालय | १ | |
| ४.२ | प्रदेश वन निर्देशनालय | १ | |
| ४.३ | उपभोक्ता हित संरक्षण निर्देशनालय | १ | |
| ४.४ | डिभिजन वन कार्यालयहरू | ८ | |
| ४.५ | वन अनुशन्धान तथा प्रशिक्षण केन्द्र | १ | |
| ४.६ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | २ | |
| ४.७ | घरेलु तथा साना उद्योग कार्यालयहरू | ८ | |
| ४.८ | पर्सा राष्ट्रिय निकुञ्ज | १ | |
| **५.** | **कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय** | | **१** |
| ५.१ | मन्त्रालय | | |
| **६.** | **खानेपानी तथा उर्जा विकास मन्त्रालय** | | **५** |
| ६.१ | मन्त्रालय | १ | |
| ६.२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू | ४ | |
| **७.** | **गृह तथा सञ्चार मन्त्रालय** | | **२** |
| ७.१ | मन्त्रालय | १ | |
| ७.२ | प्रदेश प्रहरी कार्यालय | १ | |
| **८** | **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | | **२७** |
| ८.१ | मन्त्रालय | १ | |
| ८.२ | कृषि विकास निर्देशनालय | १ | |
| ८.३ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | १ | |
| ८.४ | बाली संरक्षण प्रयोगशाला | १ | |
| ८.५ | कृषि ज्ञान केन्द्रहरू | ८ | |
| ८.६ | उष्ण प्रदेशीय बागवानी केन्द्र | १ | |
| ८.७ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १ | |
| ८.८ | माटो तथा मल परीक्षण प्रयोगशाला | १ | |
| ८.९ | बीउ बिजन प्रयोगशाला | १ | |
| ८.१० | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू | ८ | |
| ८.११ | मत्स्य विकास केन्द्रहरू | २ | |

| | | | |
|---|---|---|---|
| ८.१२ | पशु सेवा तालिम केन्द्र | १ | |
| **९** | **भौतिक पूर्वाधार विकास मन्त्रालय** | | **३०** |
| ९.१ | मन्त्रालय | १ | |
| ९.२ | यातायात पूर्वाधार निर्देशनालय | १ | |
| ९.३ | सडक डिभिजन कार्यालयहरू | २ | |
| ९.४ | पूर्वाधार विकास कार्यालयहरू | ४ | |
| ९.५ | यातायात व्यवस्था कार्यालयहरू | ६ | |
| ९.६ | यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र | १ | |
| ९.७ | जलश्रोत तथा सिंचाई विकास डिभिजनहरू | ८ | |
| ९.८ | भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजनहरू | ४ | |
| ९.९ | शहरी विकास तथा भवन कार्यालयहरू | ३ | |
| **१०** | **महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय** | | **१** |
| १०.१ | मन्त्रालय | १ | |
| ११ | वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय | | १ |
| ११.१ | मन्त्रालय | १ | |
| **१२** | **सामाजिक विकास मन्त्रालय** | | **३१** |
| १२.१ | मन्त्रालय | १ | |
| १२.२ | शिक्षा विकास निर्देशनालय | १ | |
| १२.३ | स्वास्थ्य निर्देशनालय | १ | |
| १२.४ | शिक्षा तालिम केन्द्र | १ | |
| १२.५ | सामाजिक विकास इकाई कार्यालयहरू | ४ | |
| १२.६ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १ | |
| १२.७ | स्वास्थ्य कार्यालयहरू | ८ | |
| १२.८ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरू | ८ | |
| १२.९ | प्रदेश स्वास्थ्य तालिम केन्द्र | १ | |
| १२.१० | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १ | |
| १२.११ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरू | २ | |
| १२.१२ | रोजगार सूचना केन्द्र | १ | |
| १२.१३ | दलित विकास समिति | १ | |
| **१३** | **प्रदेश लोकसेवा आयोग** | | **१** |
| **१४** | **मुख्य न्यायाधिवक्ताको कार्यालय** | | **१** |
| **१५** | **प्रदेश नीति आयोग** | | **१** |
| | **जम्मा** | | **१३८** |
| | **अन्य संस्था तथा समिति तर्फ** | | |
| **१६** | **गृह तथा सञ्चार मन्त्रालय** | | **३** |
| १६.१ | चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्ड | १ | |
| १६.२ | आम सञ्चार प्राधिकरण | १ | |
| १६.३ | मिडिया काउन्सिल | १ | |
| **१७** | **सामाजिक विकास मन्त्रालय** | | **७** |
| १७.१ | मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | |
| १७.२ | प्रादेशिक अस्पतालहरू | ६ | |
| | **जम्मा** | | **१०** |
| | **कुल जम्मा** | | **१४८** |

अनुसूची-२

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

# सरकारी कार्यालयहरूको लेखापरीक्षण रकम

## २०७८।७९

(रु.हजारमा )

| सि.नं. | मन्त्रालय र निकाय र कार्यालयको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोवार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १ | प्रदेश सभा सचिवालय | १ | २९९,२८४ | १ | २९९,२८४ | १ | ३३१ | १ | ३३१ | १ | ४,७८४ | १ | ४,७८४ | - | - | - | - | ३०४,३९९ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४ | २५२,६०६ | ४ | २५२,६०६ | ४ | २३,६३० | ४ | २३,६३० | २ | ६०,०२६ | २ | ६०,०२६ | १ | ४१५,७६५ | १ | ४१५,७६५ | ७५२,०२७ |
| ३ | अर्थ मन्त्रालय | ९ | ३,६४७,००० | ९ | ३,६४७,००० | १२ | ११,९७५,३८४ | १२ | ११,९७५,३८४ | ५ | १०,०४९ | ५ | १०,०४९ | ७ | २१,३८५ | ७ | २१,३८५ | १५,६५३,८१८ |
| ४ | उद्योग पर्यटन तथा वन मन्त्रालय | २३ | १,९१९,००८ | २३ | १,९१९,००८ | १८ | २२६,६०८ | १८ | २२६,६०८ | २३ | १३५,९४१ | २३ | १३५,९४१ | १३ | १३९,६७४ | १३ | १३९,६७४ | २,४२१,२३१ |
| ५ | कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय | १ | ७३,३५१ | १ | ७३,३५१ | १ | ७० | १ | ७० | १ | ६६८ | १ | ६६८ | - | - | - | - | ७४,०८९ |
| ६ | खानेपानी तथा उर्जा विकास मन्त्रालय | ५ | १,०४८,२३७ | ५ | १,०४८,२३७ | ३ | २,७८४ | ३ | २,७८४ | ४ | ८५,८२९ | ४ | ८५,८२९ | ३ | ४,५०३ | ३ | ४,५०३ | १,१४१,३५३ |
| ७ | गृह तथा सञ्चार मन्त्रालय | २ | ४०४,४३५ | २ | ४०४,४३५ | २ | २,१७४ | २ | २,१७४ | ८ | ३३,३०८ | ८ | ३३,३०८ | ९ | १२२,९२५ | ९ | १२२,९२५ | ५६२,८४२ |
| ८ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २७ | १,३९६,९३९ | २७ | १,३९६,९३९ | २५ | १३,०५९ | २५ | १३,०५९ | २७ | ६८,०३८ | २७ | ६८,०३८ | ५ | १४,५६८ | ५ | १४,५६८ | १,४९२,६०४ |
| ९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३० | ७,६६१,६९९ | ३० | ७,६६१,६९९ | ३० | २,९५०,८५५ | ३० | २,९५०,८५५ | २७ | ६६६,११९ | २७ | ६६६,११९ | १ | ६ | १ | ६ | ११,२७८,६७९ |
| १० | महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय | १ | १३६,०८१ | १ | १३६,०८१ | १ | १४७ | १ | १४७ | १ | १,८७३ | १ | १,८७३ | - | - | - | - | १३८,१०१ |
| ११ | वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय | १ | ४६,४४३ | १ | ४६,४४३ | १ | ९ | १ | ९ | १ | १,२९९ | १ | १,२९९ | - | - | - | - | ४७,७५१ |
| १२ | सामाजिक विकास मन्त्रालय | ३१ | ५,२७८,७९७ | ३१ | ५,२७८,७९७ | २१ | २५,५५८ | २१ | २५,५५८ | ३९ | ११४,७५३ | ३९ | ११४,७५३ | २२ | ३४७,२७२ | २२ | ३४७,२७२ | ५,७६६,३८० |
| १३ | प्रदेश लोकसेवा आयोग | १ | ५४,०६० | १ | ५४,०६० | १ | २८,७२४ | १ | २८,७२४ | १ | ६१८ | १ | ६१८ | - | - | - | - | ८३,४०२ |
| १४ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ३३,१२१ | १ | ३३,१२१ | १ | ५११ | १ | ५११ | ३४ | २,३५४ | ३४ | २,३५४ | - | - | - | - | ३५,९८६ |
| १५ | प्रदेश नीति तथा योजना आयोग | १ | ९,४१९ | १ | ९,४१९ | - | - | - | - | १ | २४ | १ | २४ | १ | ४७४ | १ | ४७४ | ९,९१७ |
| | **जम्मा** | **१३८** | **२२,२६०,४८०** | **१३८** | **२२,२६०,४८०** | **१२१** | **१५,२४९,८४४** | **१२१** | **१५,२४९,८४४** | **१७५** | **१,१८५,६८३** | **१७५** | **१,१८५,६८३** | **६२** | **१,०६६,५७२** | **६२** | **१,०६६,५७२** | **३९,७६२,५७९** |

नोटः अर्थ मन्त्रालयको लेखापरीक्षण अङ्कमा स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण गरेको रकम समेत समावेश छ ।

## प्रदेश कार्यालयहरुको लेखापरीक्षण बक्यौता विवरण

अनुसूची - २(क)

| क सं | मन्त्रालय / निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोबार | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १ | शहरी विकास तथा भवन कार्यालय, पर्सा | १ | ५१५७६० | ० | ० | १ | १३१ | ० | ० | १ | ४७०१ | ० | ० | ० | ० | ० | ० | ५२०५९२ |

**अनुसूची-३**

**(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)**

## अन्य संस्था तथा समितिको लेखापरीक्षण विवरण

२०७८।७९

रकम रू.हजारमा

| क्र. सं. | मन्त्रालय / निकायको नाम | लेखापरीक्षण | | प्रतिवेदन | | लेखापरीक्षण सम्पन्न रकम | बक्यौता वर्ष |
|---|---|---|---|---|---|---|---|
| | | गर्नुपर्ने | सम्पन्न | अन्तिम | प्रारम्भिक | | |
| १ | गृह तथा सञ्चार मन्त्रालय | ३ | ३ | ० | ३ | १००६७९ | ० |
| २ | सामाजिक विकास मन्त्रालय | ७ | ७ | ० | ७ | ३२४४११८ | १ |
| | **जम्मा** | **१०** | **१०** | **०** | **१०** | **३३४४७९७** | **१** |

*नोटः प्रादेशिक अस्पताल, जनकपुर यो वर्ष मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, धनुषामा गाभिएकोले उक्त कार्यालयको लेखापरीक्षण अङ्क प्रतिष्ठानमा समावेश गरेको छ ।*

आय - व्यय हिसाब तयार गर्ने अन्य संस्था तथा समिति
लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा

अनुसूची -४

(प्रतिवेदनको परिच्छेद १ को दफा २ तथा परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

रु. हजारमा

| क. सं | संस्थाको नाम | लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष | लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष | लेखापरीक्षण रकम | बेरुजु रकम | वर्षको सुरु मौज्दात | आय | | | | व्यय | | | | | यो वर्षको बचत | वर्षान्तको मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बिक्री / | अनुदान | अन्य | जम्मा | प्रत्यक्ष | संचालन | कर्मचारी | अन्य खर्च | जम्मा खर्च | | |
| | **गृह तथा सञ्चार मन्त्रालय** | | | | | | | | | ० | | | | | ० | | |
| १ | चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्ड, | २०७८/७९ | २०७८/७९ | ३१३४५ | ११४ | १९०४९ | ० | २०००० | २५० | २०२५० | ० | ११०९५ | ० | ० | ११०९५ | ९१५४९६३ | २८२०३६५३ |
| २ | मिडिया काउन्सिल, जनकपुर | २०७८/७९ | २०७८/७९ | १९८९७ | ९४ | १३४४ | ० | १०००० | | १०००० | | ५९०४ | ३६६९ | ३२४ | ९८९७ | १०३ | १४४७ |
| ३ | आम सञ्चार प्राधिकरण,जनकपुर | २०७८/७९ | २०७८/७९ | ४९४३७ | ३९८ | १५६९ | १०००० | २१००० | २२ | ३१०२२ | १०९१४ | ५८१३ | ६५४ | १०३४ | १८४१५ | १२६०७६०२ | १४१७६१३४ |
| | **जम्मा** | | | **१००६७९** | **६०६** | **२१९६२** | **१००००** | **५१०००** | **२७२** | **६१२७२** | **१०९१४** | **२२८१२** | **४३२३** | **१३५८** | **३९४०७** | **२१७६२६६८** | **४२३८१२३४** |
| | **सामाजिक विकास मन्त्रालय** | | | | | | | | | | | | | | | | |
| १ | जिल्ला अस्पताल जलेश्वर, महोत्तरी | २०७८/७९ | २०७८/७९ | १७६९७६ | ४६२ | ४४०२ | ८६९६ | ७८८८५ | ३३५ | ८७९१६ | ० | ३०१०८ | ४८७७७ | १०१७४ | ८९०५९ | -११४३००३ | ३२५९३२९ |
| २ | मलगंवा अस्पताल, सर्लाही | २०७८/७९ | २०७८/७९ | ३१७७४० | ४१९१ | ३०७९ | २५०७४ | १३१४३८ | ३२६९ | १५९७८१ | १९३४२ | ११११८९६ | ० | २६७२१ | १५७९५९ | १८२२६०७ | ४९०१९०४ |
| ३ | लहान अस्पताल, सिराहा | २०७८/७९ | २०७८/७९ | १७९०१४ | १२३९३ | १५०१ | २६४६० | ६२२२४ | १०४१ | ८९७२५ | ८९२८९ | ० | ० | ० | ८९२८९ | ४३६७२१ | १९३७३१३ |
| ४ | सिराहा अस्पताल, सिराहा | २०७८/७९ | २०७८/७९ | २९०३२० | ५७०२ | ० | १५२९२० | ० | ० | १५२९२० | १३७४०० | ० | ० | ० | १३७४०० | १५५१९८४० | १५५१९८४० |
| ५ | कलैया अस्पताल, बारा | २०७८/७९ | २०७८/७९ | २८८०७८ | ५०३२ | २८०३ | ३२५६७ | १०८४८७ | ४४४९ | १४५५०३ | २२८११ | ८८९९ | १०८४८७ | २३७८ | १४२५७५ | २९२८२६० | ५७३११३८ |
| ६ | मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान , धनुषा | २०७८/७९ | २०७८/७९ | १७७६५९४ | ३०९५१४ | २७४३०२ | २०८८५२ | ७५४३४५ | ५५७४३ | १०१८९४० | १४२२६४ | २५३४०८ | १८४४९१ | १७७४९१ | ७५७६५४ | २६१२८६ | ५३५५८८ |
| ७ | गौर अस्पताल, रौतहट | २०७८/७९ | २०७८/७९ | २१५३९६ | १८७६० | ६७१ | १४३४८ | ९५२९० | ० | १०९६३८ | ३७४८५ | १५६६० | ५२६१३ | ० | १०५७५८ | ३८७९४३५ | ४५४९९४६ |
| | **जम्मा** | | ० | **३२४४११८** | **३५६०५४** | **२८६७५८** | **४६८९१७** | **१२३०६६९** | **६४८३७** | **१७६४४२३** | **४४८५९१** | **४१९९७१** | **३९४३६८** | **२१६७६४** | **१४७९६९४** | **२३७०५१४५** | **३६४३५०५८** |
| | **कुल जम्मा** | | ० | **३३४४७९७** | **३५६६६०** | **३०८७२०** | **४७८९१७** | **१२८१६६९** | **६५१०९** | **१८२५६९५** | **४५९५०५** | **४४२७८३** | **३९८६९१** | **२१८१२२** | **१५१९१०१** | **४५४६७८१३** | **७८८१६२९२** |

अनुसूची-५

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.६ सँग सम्बन्धित)

## पेश्की बाँकीको विवरण
## २०७८।७९

रू. हजारमा

| क्र.स. | मन्त्रालय र निकायको नाम | कर्मचारी पेश्की | | अन्य पेश्की | | | | | | लगती जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्ष सम्म | यो वर्ष | गत वर्ष सम्म | | | यो वर्ष | | | | |
| | | | | मोविलाइजेशन | प्रतितपत्र | अन्य | मोविलाइजेशन | प्रतितपत्र | अन्य | | |
| १. | सरकारी कार्यालय | ६००२२ | २९८९९ | ४३१५६० | ० | ६२४२६२ | ५७३२३८ | | ११२५८५ | १८३१५६६ | १८३१५६६ |
| २. | अन्य संस्था तथा समिति | १९४४९ | २१२८ | ० | ० | ७५७२ | | | | २९१४९ | २९१४९ |
| | जम्मा | ७९४७१ | ३२०२७ | ४३१५६० | ० | ६३१८३४ | ५७३२३८ | ० | ११२५८५ | १८६०७१५ | १८६०७१५ |

***नोटः*** *उल्लिखित यो वर्षको मोबिलाइजेशन पेस्कीमा म्याद ननाघेको पेस्की रू.५२ करोड ५७ लाख ५८ हजार समेत समावेश छ ।*

**अनुसूची - ६**

**(प्रतिवेदनको परिच्छेद २ को दफा ३.७ संग सम्बन्धित)**

## कुल असुली

(रू. हजारमा)

| क सं | मन्त्रालय / निकायको नाम | कार्यालय संख्या | विनियोजन, राजस्व र धरौटी | | | |
|---|---|---|---|---|---|---|
| | | | ले.प.को दौरान | प्रारम्भिक प्रतिवेदन पठाएपछि | सम्परीक्षणका क्रममा | जम्मा |
| १ | सरकारी कार्यालय | १८ | १२३० | ५८६ | २६३८ | ४४५४ |
| | **जम्मा** | | **१२३०** | **५८६** | **२६३८** | **४४५४** |

अनुसूची - ७

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.८ सँग सम्बन्धित)

## अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

## २०७८/७९

(रू. हजारमा)

| क्र.सं. | मन्त्रालय/निकाय | असुल गर्नुपर्ने | | असुल भएको | | असुल गर्न बाकी रकम |
|---|---|---|---|---|---|---|
| | | कार्यालय संख्या | रकम | कार्यालय संख्या | रकम | |
| १ | सरकारी कार्यालय तर्फ | २५ | ३६५५ | ० | ० | ३६५५ |
| | जम्मा | २५ | ३६५५ | ० | ० | ३६५५ |

अनुसूची- ८
(प्रतिवेदनको परिच्छेद १ को दफा ६ संग सम्बन्धित)

## राजस्वको शिर्षकगत आम्दानी विवरण

२०७८।७९

(रू. हजारमा)

| क्र.सं. | राजस्व शीर्षक | रकम |
|---|---|---|
| १ | ११३१५-बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | १४९९५९३ |
| २ | ११४११-बाँडफाँटभई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७६७८१४९ |
| ३ | ११४२१-बाँडफाँटभई प्राप्त हुने अन्त शुल्क | २४८६७१५ |
| ४ | ११४७२-बाँडफाँटबाट प्राप्त हुने विज्ञापनकर | ० |
| ५ | १४१५३-बाँडफाँट भई प्राप्त वन रोयल्टी | २१५४८ |
| ६ | १४१५७-बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १४७२८ |
| ७ | १४२११-कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ६५९३ |
| ८ | १४२१२-सरकारी सम्पतिको विक्रीबाट प्राप्त रकम | १३० |
| ९ | १४२१३-अन्यविक्रीबाट प्राप्त रकम | १८९ |
| १० | १४२१६-निजीधारा वापतको शुल्क | २११ |
| ११ | १४२१९-अन्यसेवा शुल्क तथा विक्री | १८८४३ |
| १२ | १४२२१-न्यायिकदस्तूर | ५४१८ |
| १३ | १४२२३-शिक्षाक्षेत्रको आम्दानी | १०३ |
| १४ | १४२२४-परीक्षाशुल्क | २८७६५ |
| १५ | १४२२५-यातायातक्षेत्रको आम्दानी | १०४२६७ |
| १६ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ६९१९२ |
| १७ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ११६३७६ |
| १८ | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | ७१६५५७ |
| १९ | १४२६३-जलस्रोत सम्बन्धी अन्य दस्तुर | १० |
| २० | १४२६४-वन क्षेत्रको  अन्य आय | ४३९५ |
| २१ | १४३११-न्यायिक दण्ड,जरिवाना र जफत | २५० |
| २२ | १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | ५६४० |
| २३ | १४५११-बीमा दावी प्राप्ति | ९३ |
| २४ | १४५२९-अन्य राजस्व | १५०७९ |
| २५ | १५१११-बेरूजू | १००३०७ |
| २६ | १५११२-निकासा फिर्ता | ६०४८ |
| २७ | १५११३-अनुदान फिर्ता | १६८२८२ |
| २८ | ३३३४१-सवारीसाधन कर | २१०६७५७ |
| २९ | ३३३६१-वन क्षेत्रको रोयल्टी | ७५६०६ |
| | कुल जम्मा | १५२४९८४४ |

अनुसूची — ९
(प्रतिवेदनको परिच्छेद २ दफा १ संग सम्बन्धित)

# सरकारी कार्यालयहरूको बेरुजु
## २०७८।७९

रू. हजारमा

| क सं | मन्त्रालय / निकायको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | जम्मा पेश्की |
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | | | | | | |
| १ | प्रदेश सभा सचिवालय | १० | ० | ० | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २८ | ११ | ७२२९५ | १ | ० | ० | २७ | ११ | ७२२९५ | २४१ | ४६१० | ६७४४४ | ० | ० | ७२०५४ | ० |
| ३ | अर्थ मन्त्रालय | ३५ | ३ | ९१०७ | ० | ० | ० | ३५ | ३ | ९१०७ | ८९२१ | ० | १८६ | ० | ० | १८६ | ० |
| ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६८ | ४२५ | ६८,१०७ | ० | ९ | १४८४ | १६८ | ४१६ | ६६,६२३ | २४,५३९ | १२९४४ | २७८४५ | ० | ० | ४०७८९ | १२९५ |
| ५ | कानून, न्याय तथा प्रदेश सभा मन्त्रालय | ४ | १३ | १,७१८ | ० | ० | ० | ४ | १३ | १,७१८ | ३८८ | १,३३० | ० | ० | ० | १,३३० | ० |
| ६ | खानेपानी तथा ऊर्जा विकास मन्त्रालय | ८२ | ८४ | ७२,३२० | ० | ० | ० | ८२ | ८४ | ७२,३२० | ९३५ | १०१३० | ५७,९०० | ० | ० | ६८,०३० | ३,३५५ |
| ७ | गृह तथा सञ्चार मन्त्रालय | ३० | ८ | ६,०९१ | ० | ३ | १,१५० | ३० | ५ | ४,९४१ | ८६० | ० | ४,०८१ | ० | ० | ४,०८१ | ० |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १९६ | २३२ | ३९०५५ | ० | ९ | ३३६ | १९६ | २२३ | ३८७१९ | ७११७ | १६४९६ | १३२९७ | ० | ० | २९७९३ | १८०९ |
| ९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३२२ | ९४० | ३७४,४१३ | १ | १५ | ५,५६० | ३२१ | ९२५ | ३६८,८५३ | ३४२४० | ६७,८९७ | १३४५३४ | ० | ० | २०२,४३१ | १३२१८२ |
| १० | महिला,बालबालिका,युवा तथा खेलकुद मन्त्रालय | १४ | २४ | ११,७६६ | ० | ० | ० | १४ | २४ | ११,७६६ | ५६० | ० | ११,२०६ | ० | ० | ११,२०६ | ० |
| ११ | वाणिज्य, आपूर्ति तथा विकास मन्त्रालय | १२ | १ | १२६ | ० | ० | ० | १२ | १ | १२६ | १२६ | ० | ० | ० | ० | ० | ० |
| १२ | सामाजिक विकास मन्त्रालय | १८१ | ५९० | १४९९०२ | १ | १४ | २८९३ | १८० | ५७६ | १४७००९ | ५४२७ | ३५०६९ | ६४६९० | ० | ० | ९९७५९ | ४१८२३ |
| १३ | प्रदेश लोक सेवा आयोग | ९ | २ | ९,५०० | ० | ० | ० | ९ | २ | ९,५०० | ० | ० | ० | ० | ० | ० | ९,५०० |
| १४ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ७ | ३ | ३,८०७ | ० | ० | ० | ७ | ३ | ३,८०७ | ० | ० | ३,८०७ | ० | ० | ३,८०७ | ० |
| १५ | प्रदेश नीति आयोग | १३ | २ | २१ | ० | ० | ० | १३ | २ | २१ | १३ | ० | ८ | ० | ० | ८ | ० |
| | **जम्मा** | **१११९** | **२३३८** | **८१८२२८** | **३** | **५०** | **११४२३** | **११०८** | **२२८८** | **८०६८०५** | **८३३६७** | **१४८४७६** | **३८४९९८** | **०** | **०** | **५३३४७४** | **१८९९६४** |

अनुसूची -१०

(प्रतिवेदनको परिच्छेद २ को दफा १ संग सम्बन्धित)

**संस्था समितिको बेरुजु वगीकरण**

**२०७८/७९**

(रु हजारमा)

| क सं | कार्यालयको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फर्स्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | जम्मा पेश्की |
| | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाणका कागजात | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| | **गृह तथा सञ्चार मन्त्रालय** | | | | | | | | | | | | | | | | |
| १ | चलचित्र तथा लोक सञ्चार प्रबर्द्धन बोर्ड, जनकपुर | ६ | २ | ११४ | ० | ० | ० | ६ | २ | ११४ | ० | ० | ११४ | ० | ० | ११४ | ० |
| २ | मिडिया काउन्सिल, जनकपुर | ६ | ३ | ९४ | ० | ० | ० | ६ | ३ | ९४ | ० | ० | ९४ | ० | ० | ९४ | ० |
| ३ | आम सञ्चार प्राधिकरण,जनकपुर | ७ | ३ | ३९८ | ० | ० | ० | ७ | ३ | ३९८ | २३ | ३७५ | ० | ० | ० | ३७५ | ० |
| | **जम्मा** | **१९** | **८** | **६०६** | **०** | **०** | **०** | **१९** | **८** | **६०६** | **२३** | **३७५** | **२०८** | **०** | **०** | **५८३** | **०** |
| | **सामाजिक विकास मन्त्रालय** | | | | | | | | | | | | | | | | |
| १ | गौर अस्पताल रौतहट | २४ | ८९ | १८७६० | ० | ० | ० | २४ | ८९ | १८७६० | १५९७ | ८२९१ | ८८७३ | ० | ० | १७१६३ | ० |
| २ | सिराहा अस्पताल, सिराहा | ५ | ३० | ५७०२ | ० | ० | ० | ५ | ३० | ५७०२ | ५११ | ५१९० | ० | ० | ० | ५१९१ | ० |
| ३ | कलैया अस्पताल, बारा | ९ | १३ | ५०३२ | ० | ० | ० | ९ | १३ | ५०३२ | ३२२७ | ० | १८०५ | ० | ० | १८०५ | ० |
| ४ | मलगंवा अस्पताल, सर्लाही | १० | ३८ | ४१९१ | ० | ७ | १५६ | १० | ३१ | ४०३५ | २०३२ | १०६५ | २८७ | ० | ० | १३५३ | ६५० |
| ५ | लहान अस्पताल, सिराहा | १५ | ३९ | १२३९३ | ० | ० | ० | १५ | ३९ | १२३९३ | ८४९ | ० | ११०४४ | ० | ० | ११०४४ | ५०० |
| ६ | मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान | १२ | ५० | ३०९५१४ | ० | ० | ० | १२ | ५० | ३०९५१४ | ३६३१ | १००६२ | २९३६९३ | ० | ० | ३०३७५५ | २१२८ |
| ७ | जिल्ला अस्पताल जलेश्वर, महोत्तरी | ८ | १० | ४६२ | ० | ० | ० | ८ | १० | ४६२ | ९५ | ० | ३६७ | ० | ० | ३६७ | ० |
| | जम्मा | ८३ | २६९ | ३५६०५४ | ० | ७ | १५६ | ८३ | २६२ | ३५५८९८ | ११९४२ | २४६०८ | ३१६०६९ | ० | ० | ३४०६७८ | ३२७८ |
| | **कुल जम्मा** | **१०२** | **२७७** | **३५६६६०** | **०** | **७** | **१५६** | **१०२** | **२७०** | **३५६५०४** | **११९६५** | **२४९८३** | **३१६२७७** | **०** | **०** | **३४१२६१** | **३२७८** |

अनुसूची– ११

( प्रतिवदेनको परिच्छेद २ को दफा २ संग सम्बन्धित)

## सरकारी कार्यालय र अन्य संस्था तथा समितिको बेरुजु फस्यौंट तथा सम्परीक्षण विवरण

## २०७८/७९

(रु. हजारमा)

| क.स. | मन्त्रालय/निकायको नाम | गत वर्षसम्मको बाँकी | सम्परिक्षण भएको | गत वर्षसम्मको बाँकी | यो वर्षको थप | हालसम्मको बाँकी बेरुजू | हालसम्मको बाँकी बेरुजूमध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|
| १. | सरकारी कार्यालय | ५२०२७३५ | ८४५५८ | ५११८१७७ | ८०६८०५ | ५९२४९८२ | १३०५८०८ |
| २. | अन्य संस्था तथा समिति | ४८०७७९ | ३८ | ४८०७४१ | ३५६५०४ | ८३७२४५ | २९१४९ |
| | **जम्मा** | **५६८३५१४** | **८४५९६** | **५५९८९१८** | **११६३३०९** | **६७६२२२७** | **१३३४९५७** |

अनुसूची-१२

(प्रतिवेदन परिच्छेद १ को दफा ८ सँग सम्बन्धित)

**प्रदेश सरकारले संघीय कार्यालयलाई दिएको निकासाको विवरण**

**२०७८/७९**

(रू. हजारमा)

| मन्त्रालयको नाम | कार्यालयको नाम | निकासा रकम |
|---|---|---|
| सामाजिक विकास मन्त्रालय | लहान प्राविधिक शिक्षालय,लहान,सिरहा | ६२९७२ |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद प्रदेश कार्यालय धनुषा | २९५४६५ |
| | वी पी मेमोरियल पोलिटेक्निकल इन्सिटच्यूट | ३९८६८ |
| | निर्मला लामा नमूना बहुप्राविधिक शिक्षालय | ४०६७४ |
| | सन्त अल्पमाइ रामनारायण नर्सिङ कलेज | २१७६३ |
| | जय किसान पोलिटेक्निक इन्सिटच्यूट | २५८२६ |
| | गौर नर्सिङ इन्सिटच्यूट | ३८२३६ |
| | श्री बलरा पोलिटेक्निक इन्स्टिच्युट,बलरा सर्लाही | ३५०५९ |
| | प्रसौनी पोलिटेक्निक इन्स्टिच्युट,प्रसौनी बारा | ८२८७ |
| | **जम्मा** | **५६८१५१** |

अनुसूची-१३

(प्रतिवेदनको परिच्छेद - २ दफा २.१ सँग सम्वन्धित)

## लेखाउत्तरदायी अधिकृतहरूको विवरण र सो अवधिको वेरुजु स्थिति
## २०७८/७९

(रू. हजारमा)

| क.स | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतको नाम | अवधि | | लेखापरीक्षण रकम | आ.व.२०७८/७९ को कुल वेरुजु | ले.प अंकको तुलनामा वेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| १ | प्रदेश सभा सचिवालय | निमित्त सचिव श्री रञ्जित कुमार यादव | २०७८।४।१ | २०७९।३।३२ | ३०४३९९ | ० | ० |
| २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | प्रदेश सचिव श्री मेख बहादुर मगराती | २०७८।८।१६ | २०७९।३।३२ | | | |
| | | प्रदेश सचिव श्री याम प्रसाद भुषाल | २०७८।४।१ | २०७८।८।१५ | ७५२०२७ | ७२२९५ | ९.६१ |
| ३ | अर्थ मन्त्रालय | प्रदेश सचिव श्री गजेन्द्र कुमार ठाकुर | २०७८।४।१ | २०७९।३।३२ | १५६५३८१८ | ९१०७ | ०.०६ |
| ४ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | प्रदेश सचिव श्री सचिव रामचन्द्र कंडेल | २०७८।४।१ | २०७८।६।४ | | | |
| | | प्रदेश सचिव श्री विन्दु कुमारी मिश्र | २०७८।८।१५ | २०७८।११।२६ | | | |
| | | निमित्त प्रदेश सचिव श्री नन्दलाल राय | २०७८।११।२७ | २०७९।२।११ | | | |
| | | प्रदेश सचिव श्री विशाल घिमिरे | २०७९।२।१२ | २०७९।३।३२ | २४२१२३१ | ६६६२३ | २.७५ |
| ५ | कानुन, न्याय तथा प्रदेश सभा मन्त्रालय | प्रदेश सचिव श्री उत्तम प्रसाद खरेल | २०७९।१।९ | २०७९।३।३२ | ७४०८९ | १७१८ | २.३२ |
| ६ | खानेपानी तथा उर्जा विकास मन्त्रालय | प्रदेश सचिव श्री राम आधार साह | २०७८।४।१ | २०७८।६।१३ | | | |
| | | प्रदेश सचिव श्री प्रेम कुमार सिंह | २०७८।६।१४ | २०७९।३।३२ | ११४१३५३ | ७२३२० | ६.३४ |
| ७ | गृह तथा सञ्चार मन्त्रालय | प्रदेश सचिव श्री विरेन्द्र यादव | २०७८।४।१ | २०७८।५।३० | | | |
| | | प्रदेश सचिव श्री राम कुमार महतो | २०७८।८।१५ | २०७९।३।३२ | ६६३५२१ | ५५४७ | ०.८४ |
| ८ | भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सचिव श्री डा. सम्झना कुमारी काफ्ले | २०७८।४।१ | २०७८।६।६ | | | |
| | | प्रदेश सचिव श्री डा. नम्रता सिंह | २०७८।६।७ | २०७९।३।३२ | १४९२६०४ | ३८७२० | २.५९ |
| ९ | भौतिक पुर्वाधार विकास मन्त्रालय | प्रदेश सचिव श्री दिपक कुमार दास | २०७८।४।४ | २०७९।३।३२ | ११२७८६७९ | ३६८८५३ | ३.२७ |
| १० | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय | निमित्त प्रदेश सचिव श्री ठुलो बाबु दाहाल | २०७८।४।१ | २०७९।३।३२ | १३८१०१ | ११७६६ | ८.५२ |
| ११ | वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय | प्रदेश सचिव श्री राम कुमार महतो | २०७८।१०।१ | २०७९।३।३२ | ४७७५१ | १२६ | ०.२६ |
| १२ | सामाजिक विकास मन्त्रालय | प्रदेश सचिव श्री इम नारायण श्रेष्ठ | २०७८।४।१ | २०७९।३।३२ | ९०१०४९८ | ५०२९०६ | ५.५८ |
| १३ | प्रदेश लोक सेवा आयोग | प्रदेश सचिव श्री नरेश राज खरेल | २०७८।४।१ | २०७९।३।३२ | ८३४०२ | ९५०० | ११.३९ |
| १४ | मुख्य न्यायधिवक्ताको कार्यालय | कार्यालय प्रमुख श्री अजित कुमार लाल कर्ण | २०७८।४।१ | २०७८।१२।१९ | | | |
| | | कार्यालय प्रमुख श्री सुदिपकुमार दंगाल | २०७८।१२।१९ | २०७९।३।३२ | ३५९८६ | ३८०७ | १०.५८ |
| १५ | प्रदेश नीति तथा योजना आयोग | प्रदेश सचिव श्री दानीकान्त झा | २०७८।४।१ | २०७८।१२।३० | | | |
| | | प्रदेश सचिव श्री गजेन्द्र कुमार ठाकुर | २०७९।१।१ | २०७९।३।३२ | ९९१७ | २१ | ०.२१ |

आ.व. २०७८/७९ को वार्षिक आय व्यय विवरण

**आय**

| क्र.सं. | विवरण | | | | रकम |
|---|---|---|---|---|---|
| १ | गत वर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ल्या.) | | | | १०,४८९,८६६,६४१.६५ |
| २ | यस वर्षको आय | | | | ३०,३५१,२१२,४१०.५६ |
| | राजस्व तथा अनुदान | | | | |
| क | राजस्व | | | १५,२४९,८५४,३१२.७४ | |
| | अ | कर राजस्व | ११,६६५,५६६,४१८.९९ | | |
| | आ | गैर कर राजस्व | १,९२८,३८३,८८४.७९ | | |
| | इ | अनुदान फिर्ता र बेरुजु | २७४,६४१,४१५.७० | | |
| | ई | बाँडफाँड हुने राजस्व | २,१८१,३१३,३३४.१६ | | |
| ख | अनुदान | | | १५,१०१,३५८,१७७.८२ | |
| | अ | समानीकरण | ७,२९३,४००,०००.०० | | |
| | | सशर्त | ६,७०३,११८,१७७.८२ | | |
| | | विशेष | ४८८,९००,०००.०० | | |
| | | समपूरक | ३४९,९००,०००.०० | | |
| | आ | संघबाट हुने गरी भएको खर्च रकमको सोधभर्ना प्राप्त | | | |
| | | १ चालु आ.व. को | | | |
| | | २ गत विगत आ.व.को | | | |
| | इ | सोझै भुक्तानी (वस्तुगत अनुदान) | | | |
| | ई | वस्तुगत अनुदान | | | |
| ३ | विविध व्यवस्था | | | | |
| | क | ऋण लगानी फर्के | | | |
| | ख | शेयर बिक्री | | | |
| | ग | वैदेशिक ऋण प्राप्ति | | | |
| | घ | आन्तरिक ऋण प्राप्ति | | | |
| ४ | चालु आर्थिक वर्षको जम्मा आम्दानी | | | | ३०,३५१,२१२,४१०.५६ |
| ५ | चालु आर्थिक वर्षको संचित कोषको खुद (घट) मौज्दात बचत | | | | ६,६३०,५८४,०८८.५० |
| ६ | प्राप्त अनुदान मध्ये खर्च नगई फिर्ता गर्नुपर्ने रकम रु. | | | | ६,९०१,६११,८६५.५१ |
| | क | सशर्त अनुदान | | ६,३६८,६७२,००१.४७ | |
| | ख | विशेष अनुदान | | ३६०,२००,६५०.७७ | |
| | ग | समपूरक | | २६६,९३९,३०४.२८ | |
| | घ | शर्तको अनुदान पेस्की फिर्ता (२०७९ असार ३१) | | (१३,५००,०००.००) | |
| ७ | चालु आर्थिक वर्षको संचित कोषको खुद (नेट) मौज्दात बचत | | | | ३,६५८,९७१,९३३.९८ |
| ८ | विगत आर्थिक वर्ष समेतको खुद मौज्दात बचत | | | | १४,२४८,८३९,१७३.६३ |
| | जम्मा आम्दानी | | | | ३३,७३०,६३८,४०२.०८ |

**व्यय**

| क्र.सं. | विवरण | | | | रकम |
|---|---|---|---|---|---|
| १ | चालु वर्षको व्यय | | | | २१,२६०,४२३,७११.६१ |
| क | संचित कोष मार्फत व्यवहार हुने रकमबाट खर्च | | | | |
| | अ | चालु खर्च | | १६,४९९,७६०.०० | |
| | २१००० | पारिश्रमिक सुविधा | १५,५३५,११६.०० | | |
| | २२००० | मालसामान तथा सेवाको उपयोग | ९,८७४,६३४.०० | | |
| ख | विनियोजन ऐनद्वारा भएको खर्च | | | | |
| | अ | चालु खर्च | | १०,३११,६१५,४११.४१ | |
| | २१००० | पारिश्रमिक सुविधा | १,६०८,३४८,३३८.९१ | | |
| | २२००० | मालसामान तथा सेवाको उपयोग | ३,२५७,७७६,०९३.३८ | | |
| | २५००० | सहायता सम्बन्धी | १९७,४१७,०००.०० | | |
| | २६००० | आन्तरिक अनुदान | ५,२१५,५१०,३२७.९१ | | |
| | २७००० | सामाजिक सुरक्षा | ४६८,५५३,५९८.३१ | | |
| | २८००० | अन्य खर्च | ५५,८३९,१६१.०० | | |
| | आ | पूँजीगत खर्च | | ११,१२५,३०९,४२३.१४ | |
| ग | खर्चको स्रोतगत विवरण | | | | |
| | क | प्रदेश सरकार | | १२,१२८,३४९,९०९.३९ | |
| | ख | नेपाल सरकार अनुदान | | ९,१३१,७०३,००१.२६ | |
| | अ | समानीकरण | ३,६०८,९१७,४८८.१६ | | |
| | आ | सशर्त | ४,४१४,४९६,९६८.३५ | | |
| | इ | विशेष | २२७,६९९,४४९.२३ | | |
| | ई | समपूरक | ८०,७६०,६९३.७२ | | |
| २ | विविध व्यवस्था | | | | |
| क | संचित कोष मार्फत व्यवहार हुने रकमबाट खर्च | | | | |
| | अ | आन्तरिक ऋणको साँवा भुक्तानी | | | |
| | आ | बाह्य ऋणको साँवा भुक्तानी | | | |
| ख | विनियोजन ऐनद्वारा भएको खर्च | | | | |
| | अ | ऋण लगानी | | | |
| | आ | शेयर लगानी | | | |
| ग | खर्चको स्रोतगत विवरण | | | | |
| | क | नेपाल सरकार | | | |
| | ख | वैदेशिक स्रोत | | | |
| ३ | वन रोयल्टी संचित विकास कोष खाता फिर्ता | | | | ७५,६०६,२११.१६ |
| ४ | सवारी साधन कर बाँडफाँट स्थानीय विभाज्य कोष खाता | | | | ८४६,७०१,३४८.०० |
| ५ | आ व ७६/७७ को ए.स.लाई सोधभर्ना हिसाब मिलान | | | | ६,१०६,३००.०० |
| ७ | आ व ७८/७९ को नेपाल राष्ट्र बैंक जनकपुरलाई सोधभर्ना हिसाब मिलान | | | | ४१२,३२८,४८६.२८ |
| ८ | अनुदान पेस्की फिर्ता | | | | १३,५००,०००.०० |
| ९ | बैंकलाई सोधभर्ना दिनु पर्ने खुद रकम | | | | २२,३६०,४८४,९४६.६४ |
| | जम्मा खर्च | | | | ३३,७३०,६३८,४०२.०८ |

## लेखा टिप्पणी (Notes to Account)

१ राजस्व तथा बेरुजु :-

| | |
|---|---|
| आ.व. २०७८/७९ को संचित कोषको आर्थिक विवरणमा आम्दानीमा उल्लेख गरिएको रकम | १५,२३९,८४४,३१२,७४ |
| कर राजस्व | ११,६५४,४५६,४९८,९९ |
| गैर कर राजस्व | १,१२८,३८३,८८४,७९ |
| बाँडफाँड हुने राजस्व | २,१८२,३६२,३३४,२६ |
| अनुदान फिर्ता तथा बेरुजु | २७४,६४१,५९४,७० |
| गत वर्षको नगद मौज्दात | - |

२ वन रोयल्टी :-

| | |
|---|---|
| आ.व. २०७८/७९ को संचित कोषको आर्थिक विवरणमा आम्दानीमा उल्लेख गरिएको रकम | ७५,६०६,२११.१६ |
| आ.व. २०७८/७९ को वनरोयल्टी प्रदेश संचित कोषबाट संघिय विभाज्य कोष फिर्ता | ७५,६०६,२११.१६ |
| | |

३ प्रदेश विभाज्य कोष

| | |
|---|---|
| आ.व. २०७८/७९ को सवारी साधन कर विभाज्य कोष संचित कोषमा ६० प्रतिशत दाखिला | १,२६४,०५३,६७४,०० |
| आ.व. २०७८/७९ को सवारी साधन कर ४० प्रतिशत प्रदेश विभाज्य कोषमा ट्रान्सफर | ८४२,७०२,४४९,१० |

५ समानीकरण अनुदान नगद :-

| | |
|---|---|
| आ.व. २०७८/७९ को संचितकोषको आर्थिक विवरणमा आम्दानीमा उल्लेख गरिएको रकम | ७,३९३,४००,०००.०० |
| आ.व. २०७८/७९ को समानीकरण अनुदान संचित कोष दाखिला | ७,३९३,४००,०००.०० |

६ शसर्त समपुर र विशेष अनुदान :-

| | |
|---|---|
| आ.व. २०७८/७९ को संचितकोषको आर्थिक विवरणमा आम्दानीमा उल्लेख गरिएको रकम | ७,७०७,९६८,१७७,८२ |
| आ.व. २०७८/७९ को प्राप्त समपुरक अनुदान संचित कोष दाखिला | ३४६,९००,०००.०० |
| आ.व. २०७८/७९ को प्राप्त शसर्त अनुदान संचित कोष दाखिला | ६,७७३,१६८,१७७,८२ |
| आ.व. २०७८/७९ को प्राप्त विशेष अनुदान संचित कोष दाखिला | ५८७,९००,०००.०० |

९ विविध प्राप्ति :-

१० आर्थिक वर्ष २०७८/७९ को संचित कोष विवरणमा उल्लेख गरिएको खर्च विवरण :-

| | |
|---|---|
| चालु खर्च | १०,३३६,०४४,२६९.५१ |
| पुँजिगत खर्च | ११,९२४,४३५,५३७.१४ |
| वित्तीय व्यवस्था खर्च | - |
| खर्च समायोजन | ५,१५०.०० |
| जम्मा | २२,२६०,४८४,९५६.६५ |
| नेपाल राष्ट्र बैंक अनुसारको खर्च | २२,२६०,४८४,९५६.६५ |
| फरक | |
| फरक पर्नाको कारण | |
| | |

प्रदेश लेखा नियन्त्रक

Scanned with CamScanner

संघीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण तयार गर्दा अपनाइएका आधारहरु तथा लेखा नीति

१ यो आर्थिक विवरण प्रदेश आर्थिक कार्यविधि २०७४ को दफा २१ बमोजिम प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणाली अनुसार सोही ऐनको दफा २६ बमोजिम प्राप्त तथ्यांकको आधारमा तयार गरिएको छ ।

२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ७५ बमोजिम पौष मसान्तमा पेश गर्नुपर्ने बार्षिक आर्थिक विवरण कार्तिक मसान्तमा नै तयार गरिएकाले सो अवधीसम्मका समायोजनहरुका कारण हिसाबमा फरक पर्न सक्ने भएकाले यस आर्थिक विवरणलाई प्रारम्भिक आर्थिक विवरण भनिएको छ ।

३ राजस्वको लेखांकन गर्दा बैंकमा जम्मा भएको रकमलाई आधार तथा महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालन गरेका एकल कोष खाता प्रणाली तथा राजस्व व्यवस्थापन सूचना प्रणाली लगायतबाट प्राप्त प्रतिवेदनलाई आधार मानी सञ्चितकोषमा ट्रान्स्फर गरी आम्दानी जनाइएको छ ।

४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३ बमोजिम सञ्चित कोषमा प्रदेश सरकारको आम्दानी र खर्चलाई मात्र समावेश गरिएकोले नेपाल राष्ट्र बैंकले तयार गर्ने कोषको अवस्थासँग यो आर्थिक विवरणको रकम फरक रहेको छ ।

प्राप्ति तर्फ

५ आन्तरिक राजस्व तर्फ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ बमोजिम प्रदेश लेखा इकाई कार्यालयहरुको नाममा खोलिएका एकल राजस्व खाताहरुमा संकलन हुन आएको रकम एकिकृत गरी तयार गरिएको छ ।'

६ खर्च तर्फ रकम उल्लेख गर्दा नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण,२०७१ बमोजिम हुने गरी चालु, पूँजीगत तथा वित्तीय विवरण तयार गरिएको छ । आम्दानी तर्फ रकम उल्लेख गर्दा नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण,२०७४ बमोजिम हुने गरी राजस्व, अनुदान, र अन्य राजस्व, अन्तर्गत छुट्टाछुट्टै आम्दानी देखाइएको छ । यसबाट बजेट अनुमानसँगको तुलनामा केही फरकहरु पर्न गएका छन् ।

७ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५ बमोजिम सञ्चित कोषबाट प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा इकाई कार्यालयमार्फत खर्च निकासा गरिएको चालु, पूँजीगत तथा वित्तीय व्यवस्था तर्फ प्रत्येकको सञ्चितकोष माथि व्ययभार हुने खर्च र विनियोजन ऐन अन्तर्गतको खर्च छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

८ सञ्चितकोषको आर्थिक विवरण तयार गर्दा सो आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख भए बमोजिमको ढाँचामा आम्दानी तथा खर्च उल्लेख गर्ने प्रयास गरिएको छ ।

९ संघीय विभाज्य कोषको बार्षिक आर्थिक विवरण अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ३२ बमोजिम तयार गरिएको छ ।

१० प्रदेश विभाज्य कोषको आर्थिक विवरण तयार गर्दा प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा आर्थिक वर्ष अन्त्यसम्ममा जम्मा भएको रकम, प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा पठाइएको रकम तथा सम्बन्धित सञ्चित कोष पठाइएको रकम खुल्ने गरी तयार गरिएको छ



प्रदेश लेखा नियन्त्रक